# चौथो अध्याय

## ४. परिवेश विमर्शका दृष्टिले 'ऋतु-निमन्त्रण' कविता सङ्ग्रहको अध्ययन

### ४.१ मोहन कोइरालाको सङ्क्षिप्त परिचय

मोहन कोइरालाको जन्म सन् १९२६ मा काठमाडौँको डिल्ली बजारमा बाबा ईश्वरीप्रसाद कोइराला र आमा प्रियादेवीको कोखबाट महिलो छोरोका रूपमा भएको थियो। उनी नेपाली साहित्यमा प्रयोगवादी धाराका प्रवर्तकका रूपमा परिचित छन्। उनका जेठा दाजु मणिराम कोइरालाको सानै उमेरमा निधन भएको थियो भने भाइ शङ्कर कोइराला नेपाली साहित्यका परिचित आख्यानकार हुन्। मोहन कोइरालाले एसएलसीसम्मको शिक्षा लिएका थिए। यद्यपि स्वाध्ययनद्वारा नै उनले कविता लेख्न सुरु गरेका अध्येतहरू मान्छन्।[1]

ईश्वर बरालअनुसार उनको प्रारम्भिक जीवन सामाजिकताले प्रभावित थियो भने वयस्क भएपछि उनी स्थानीय जीवनका व्याख्याता भए।[2] विकिपिडियाले उनको पहिलो कविता 'बुझिसके' सन् १९३६ मा 'शारदा' पत्रिकामा प्रकाशित भएको हो भन्ने लेखेको छ भने दैवज्ञराज न्यौपानले 'गजपथ'-को भूमिकामा 'जाँदाजाँदै सम्झेर' कविता लेखेर साहित्यमा प्रवेश गरेका हुन् र 'बुझिसके' सन् १९३६ मा 'शारदा' पत्रिकामा प्रकाशित उनको पहिलो कविता हो भनेका छन्। ईश्वर बरालले पनि आफूद्वारा सम्पादित पुस्तक 'मोहन कोइरालाका कविता' मा 'जाँदाजाँदै सम्झेर' कविता नै पहिलो क्रममा राखेका छन्। ईश्वर बराल लेख्छन् 'मोहन कोइरालाले सात साले क्रान्तिअघि लेख्न थालेको हो तापनि त्यतिन्जेल उहाँले दुईतीनेक कविताभन्दा बढी लेखेको थाहा पाइएको छैन। क्रान्तिका उत्तरकालमा नै उहाँको प्रतिभा झल्कन थाल्यो।'[3] त्यसैले उनको कविता लेख्ने प्रेरणा भने तत्कालीन राणा परिवेश नै थियो भन्न सकिन्छ। कोइरालाको 'नदी किनारका माझी' कविता सङ्ग्रहले सन् १९८१ को 'मदन पुरस्कार' प्राप्त गरेको थियो भने सन् १९८३ मा 'ऋतु-निमन्त्रण' कविता सङ्ग्रहले 'साझा पुरस्कार' प्राप्त गरेको थियो। सन् १९९९ मा उनी नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका उपकुलपति भएका थिए।

---

[1] ईश्वर बराल (सम्पा), सन् १९७३, मोहन कोइरालाका कविता, साझा प्रकाशन, काठमाडौँ, पृ क

[2] ईश्वर बराल, सन् १९७३, पूर्ववत् पृ क

[3] ईश्वर बराल, सन् १९७३, पूर्ववत् पृ ट

मोहन कोइरालाले नेपाली साहित्यमा प्रयोगवादी धारा सुरु गरेर कवितालाई हेर्ने दृष्टिकोण नै परिवर्तन गरिदिए। उनी पहिले लक्ष्मीप्रसाद देवकोटा र लेखनाथबाट प्रभावित थिए पछि टि एस इलियटबाट प्रभावित भए भन्ने ईश्वर बराललले लेखेका छन्। मोहन कोइरालाले नेपाली साहित्यमा लामा कविताको क्षेत्रलाई उर्वर बनाए। जीवनमा थुप्रै उपलब्धि प्राप्त गरेर उनले सन् २००६ मा काठमाडौँमा आफ्नो इहलीला समाप्त गरे। उनका प्रकाशित कृतिहरू यस प्रकार छन्- लेक (सन् १९६८), मोहन कोइरालाका कविता (सन् १९७३), सारङ्गी बोकेको समुद्र (सन् १९७७), हिमचुली रक्तिम छ (सन् १९७८), कविताबारे केही चर्चा (सन् १९७८), नदी किनारका माझी (सन् १९८१), 'ऋतु-निमन्त्रण' (सन् १९८३), नीलो मह (सन् १९८४), एउटा पपलरको पात (सन् १९९०), गजपथ (सन् २००३), आज कसैलाई बिदा गर्नु छ (सन् २००४), सिमसारका राजदूत (सन् २००५)।

गोपालप्रसाद रिमाल र विजय मल्लका कविता आधुनिक नभए पनि शैलीको नूतन प्रयोग, विषयवस्तुको छनौटको स्वतन्त्रता, आत्मस्वीकृति र आधुनिक युग-चेतनाको वर्णनजस्ता स्वभावले गर्दा तिनीहरूले आधुनिक नेपाली कविताको पूर्वाधार तयार पारेको मान्न सकिन्छ। 'इन्द्रेनी' पत्रिकामा मोहन कोइरालाका कविता प्रकाशित हुन थालेपछि आधुनिक नेपाली कविता आरम्भ भएको मान्न सकिन्छ भन्ने अभि सुवेदीको विचार छ।[4] अभि सुवेदीअनुसार मोहन कोइरालाले अघिदेखि नै आधुनिक स्वरूपका कविता लेख्दै थिए तर 'रूपरेखा' (सन् १९५२)-को प्रकाशन भएपछि मात्र आत्मविश्वास पाएका हुन्।[5]

### ४.१.१ 'ऋतु-निमन्त्रण' कविता सङ्ग्रहको परिचय

सन् १९८३ मा प्रकाशित 'ऋतु-निमन्त्रण' कविता सङ्ग्रह मोहन कोइरालाको सातौँ कृति हो। उनले यस सङ्ग्रहमा ऋतु अथवा प्रकृतिलाई जीवन अनुकूल मान्दै ऋतुको विपरीत जीवन नै सम्भव छैन भन्ने देखाएका छन्। सन् २००७ अक्टोबर-नवम्बर–को 'मधुपर्क'-मा मोहन कोइरालाको अन्तरवार्ता प्रकाशित छ। त्यसमा उनले कविता र प्रयोगमाथि आफ्नो विचार राखेका छन्। उनलाई कविताको आदर्शचाहिँ के हो? भनेर प्रश्न गर्दा उनले यसरी उत्तर दिएका छन्- "मानव संवेदना नै कविताको आदर्श हो। कवितामा मानव संवेदना भएपछि मात्र कविता हुन्छ। मानव संवेदना नभएको कविता प्राणहीन हुन्छ। यसो भनेर

[4] अभि सुवेदी, सन् १९९४, सिर्जना र मूल्यङ्कन, साझा प्रकाशन, काठमाडौँ, पृ११९

[5] अभि सुवेदी, सन् १९९४, पूर्ववत्, सन् १९९४, पृ१२०

संवेदनामात्र पनि कविता हुँदैन। कविताको भाषा संवेदनशील हुन्छ, त्यसैले रङ्गीन मात्र पनि कविता हुँदैन।"

तपाईँले कवितामा प्रर्बद्धन गर्नुभएको नयाँ प्रयोगको कुनै परिकल्पना थियो? भन्ने प्रश्नमा उनी भन्छन् "मेरो भित्री परिकल्पना अवश्य थियो। कविताहरूको भिडमा मेरो कविता स्पष्ट छुट्टिनुपर्छ, जहाँ फ्याँके पनि नौलो देखिनुपर्छ भन्ने मेरो मान्यता थियो। जुद्धशमशेर, मोहनशमशेर, लेखनाथ, समहरूलाई भेट्ने म मान्छे त पुरानै हुँ नि। पुरानै भए पनि देशलाई नयाँ प्रकारले माया गर्न खोजेको हुँ। साहित्यका पाठकले पनि कवितामा नयाँ स्वाद पाउन सकून् भन्ने मेरो भित्री इच्छा थियो।"[6] नेपाली कवितामा नयाँ प्रयोग लिएर आधुनिक कविताको थालनी गर्ने मोहन कोइरालाका कवितामा गद्यशक्तिको प्रचुरता देखिन्छ।

'ऋतु-निमन्त्रण' सङ्ग्रहभन्दा अघिका कविता सङ्ग्रहहरूमा पनि गद्यशक्तिको सशक्त उदाहरण पाइन्छ। अभि सुवेदीले आधुनिक जीवनप्रति दुई प्रकारका धारणा बताएका छन्। पहिलो, कवितामा आजसम्म (आधुनिक काल) मान्यता प्राप्त जीवनको बहिष्कार र दोस्रो जीवनप्रतिको आस्था। जीवन बोध गर्ने आधुनिक कविको चरित्रले नै उसलाई 'जीवन' बहिष्कार गर्न सिकाएको छ।[7] मोहन कोइरालाका कवितामा जीवन बहिष्कार र बोध दुवैको सामाञ्जस्य देखिन्छ। ग्रामीण र सहरीय दुवै प्रकारका जीवनलाई हेर्ने उनको दृष्टिकोण प्रकृतिपरक छ। उनका कवितामा पाइने अनुभूतिहरू प्रकृतिको अदृश्य शक्तिसँग गाँसिएको छ।

मोहन कोइरालाले आफ्नो ऋतु कविता हेमन्तबाट सुरु गरेका छन्। सृष्टिमा कुन ऋतु पहिले आयो भन्ने प्रश्न जटिल मात्रै होइन अनुमान गर्न सम्म कठिन छ। छवटा ऋतुहरूमा यो ऋतु पहिलो हो भन्ने अनुकल्पना गर्न सकिन्छ तर त्यसलाई सत्यापन गर्न सकिँदैन। परम्परागत रूपमा यसलाई ग्रीष्म वा हेमन्त वा वसन्त भन्दै क्रमिक रूपमा राखिन्छ। लेखनाथ पौड्याल र मनप्रसाद सुब्बाले पनि आफ्नो मनोविज्ञानअनुसार ऋतुक्रम राखेका छन्। मोहन कोइरालाले दुई कविहरूभन्दा अलग हेमन्त ऋतुको कविता सुरुमा राखेका छन्। लेखनाथ पौड्यालले वसन्त र मनप्रसाद सुब्बाले ग्रीष्मलाई पहिलो ऋतुको रूपमा राखेका छन्।

[6] उदय निरौला, सन् २००७, मधुपर्क, कठमाडौँ, पृ २३

[7] अभि सुवेदी, सन् १९९४, सिर्जना र मूल्याङ्कन, पूर्ववत्, पृ १११

ऋतुहरूको क्रम मिलाउने कार्यलाई वैज्ञानिक तथ्यका आधारमा विश्लेषण गर्न नसकिए तापनि मनोवैज्ञानिक रूपमा भने हेर्न सकिन्छ। लेखनाथ पौड्याल सौन्दर्य, लालित्य र अध्यात्म चिन्तन धाराका कवि थिए। मनप्रसाद सुब्बा सौन्दर्य र सङ्घर्षका कवि हुन् त्यसैले उनले ग्रीष्मलाई पहिलो ऋतु माने। मोहन कोइराला प्रकृति केन्द्री, बौद्धिक र दार्शनिक कवि थिए र उनले हेमन्तलाई पहिलो क्रममा राखे।

मोहन कोइराला यस सङ्ग्रहमा नितान्त प्रकृति कविका रूपमा उभिएर प्रकृतिको दार्शनिक, व्यावहारिक, वैज्ञानिक, परिवेशवादी भएर प्रकृतिको पक्षमा आफ्ना विचार राखेका छन्। उनले पनि पहिले वसन्तकै कविता लेखेका हुन्। उनी भन्छन्- "सर्वप्रथम मैले वसन्त ऋतुको कविता लेख्न मन लागेर त्यसलाई रङ्गबद्ध गरेपछि केही दिन त्यसै बसेको थिएँ अनि वसन्तपछि अरू ऋतुबारे किन नलेख्नु भन्ने इच्छाले कुतकुत्यायो। यही क्रममा एउटा सङ्कलनको जन्म भएको हो।"[8]

विचार, शैली, अनुभूति र अभिव्यक्तिका दृष्टिले लेखनाथ पौड्याल र मनप्रसाद सुब्बाका ऋतु कविताभन्दा भिन्न रहेको 'ऋतु-निमन्त्रण' सङ्ग्रहमा मोहन कोइरालाले प्रकृतिको स्वभाव, गुण र साथै प्रकृति चिन्तनलाई वैज्ञानिक र काव्यात्मक रूपमा प्रस्तुत गरेका छन्। उनी भन्छन् "ऋतुको अनुकूलमा मात्र जीवन सम्भव छ। ऋतुविपरीत कहाँ जीवन, कहाँ विश्व।"[9] प्रतीक र बिम्बको सन्तुलन र आवश्यकतानुरूपको प्रयोगले यस सङ्ग्रहका कविताहरू अरूको भन्दा शक्तिशाली देखिन्छ। 'ऋतु-निमन्त्रण' सङ्ग्रहमा कविले सोझै कविता सुरु नगरेर पहिले ऋतुहरूको महत्त्व बुझाउँदै ऋतुको आह्वान गरेका छन्। प्रकृतिको महत्त्वलाई देखाउँदै उनले प्रकृति र पारिस्थितिकीमाझ सन्तुलन देखाएका छन्। उनी लेख्छन्-

ऋतु अनुकूल भएन भने जीवन-क्रम अनुकूल बन्दैन
ऋतु अनुकूल छ भने जीवन-क्रम अनुकूल बन्छ,
यै ऋतु ज्ञान हो यै ऋतु अभ्यास हो यै ऋतु आगमन हो।

('ऋतु-निमन्त्रण'/२)

मोहन कोइरालाले यस सङ्ग्रहमा प्रकृति अनि काव्यको पारिस्थितिकीय स्वरूप प्रस्तुत गरेका छन् साथै यसमा कविको कलात्मक अनुभूतिसँगै प्रकृतिसँग सम्बद्ध ज्ञान-दर्शन पनि प्रकट भएको छ। उनले प्रकृतिलाई वैज्ञानिक, दार्शनिक र कलात्मक परिप्रेक्ष्यबाट हेर्ने प्रयास गरेका छन्। त्यसैले यस सङ्ग्रहमा

---

[8] मोहन कोइराल, सन् १९८३, ऋतु-निन्त्रण, साझा प्रकाशन, काठमाडौं, पृ क

[9] मोहन कोइराला, सन् १९८३, 'ऋतु-निमन्त्रण', पूर्ववत्, पृ ग

ऋतुहरूको पारिस्थितिकीय र प्रतीकात्मक अभिव्यक्ति पनि छ। मानवीय संवेदनालाई कविताका आधार मान्ने मोहन कोइरालाले यस काव्यमा प्रकृतिको भौतिक र पराभौतिक दुवै गुणको चर्चा व्यक्त गरेका छन् र मानवीय संवेदनाकै सहयोगमा मात्र प्रकृतिको संरक्षण सम्भव छ भन्ने उनको विचार देखिन्छ। त्यसैले उनी प्रकृतिको सामर्थ्य बुझ्न र उसको शक्ति निरीक्षण गर्न आँट भएका वा ज्ञान भएकाहरूलाई निमन्त्रण गर्छन्-

यो पोखरी हो हरिणी निडर आएकी छ भने

यो अभय वन हो यदि मृग अभय आएको छ भने,

(ऋतु-निमन्त्रणा/१)

पर्यावरणवादले धरतीलाई यन्त्र मान्दैन, जीवित प्राणीजस्तै सावयव मान्दछ, जसरी एउटा मान्छेको व्यवहार अर्को मान्छेप्रति प्रेम, सहानुभूति एवम् समझदारीमा आधारित हुनुपर्छ त्यसै गरी प्रकृतिप्रति मान्छेको सम्बन्ध प्रेम र मैत्रीको हुनुपर्छ न कि युद्धमा विजेता र विजीतको जस्तो[10] भन्ने कृष्ण गौतमको विचार कोइरालाका कवितामा प्रत्यक्ष देखिन्छ।'ऋतु-निमन्त्रण' कविता सङ्ग्रहमा मात्र नभएर उनका अन्य फुटकर र लामा कविताहरूमा पनि यो अनुभूति देखिन्छ। उनले कवितामा प्रकृतिलाई कहिले पनि छोडेनन्। यौन, सहर, गाउँ, दर्शन, प्रेम, जीवन आदिका विचार र अनुभूति कवितामा व्यक्त गर्दा उनले प्रकृतिलाई अघि उभ्याएका छन्। प्रकृतिको सौन्दर्य र कला-सौन्दर्य दुवैको सन्तुलन उनका कवितामा देखिन्छन्।

परिस्थिति र धूलोका अति चर्को  र कोमलताले

असहिएको नओइलिएको रेशमी नरम बोक्रामाथि

अज्ञात कोपिला विजन देशमा फुटछ।

मुस्कान शून्यताले लुट्छ।

सौन्दर्य बाटैमा सखाप हुन्छ

मौसमी आनन्दहरू अज्ञात हातले लाछिन्छ।

अज्ञात कोपिला विजनतामा फुट्छ।

(पहराको फूल/ मोहन कोइरालाका कविताहरू/११८)

---

[10] कृष्ण गौतम, सन् २००७, उत्तरआधुनिक जिज्ञासा, भृकुटी एकेडेमिक पब्लिकेसन, काठमाडौँ, पृ२०८

साहित्यिक अथवा काव्यात्मक अभिव्यक्तिमा प्रतीक, बिम्ब तथा अभिप्राय आदि प्रमुख हुन्छन्। यसैले शब्दहरूलाई प्रतीकका रूपमा लिइन्छ। प्रतीक व्यक्तिगत अथवा सार्वजनिक हुन्छन्; त्यस्तै स्थानीय अथवा विश्वव्यापी पनि हुन्छन्।[11] 'ऋतु-निमन्त्रण' सङ्ग्रहमा प्रयुक्त प्रतीकले प्रकृतिको गम्भीर समस्या र जीवनदर्शनको सङ्केत गरेको छ। प्रकृतिप्रतिको सचेतता र यसको सुरक्षाको आवश्यकता पनि यस सङ्ग्रहका कविताले सङ्केत गरेका छन्। अतः कोइरालाका कविताहरू सबैप्रकारले सर्वभौम आधुनिकताको व्यास हो[12] भन्ने ईश्वर बरालको विचार छ। 'ऋतु-निमन्त्रण' कविता सङ्ग्रह ऋतुहरूको भौतिक अनि पराभौतिक रूपको अध्ययन हो। कोइरालाको काव्यिक दृष्टिकोण व्यावहारिक साथै दार्शनिक देखिन्छ। उनलाई आलोचकहरू बौद्धिक कवि मान्छन्। यस सङ्ग्रहका कविताहरू पनि बौद्धिक विमर्शका अवश्य छन् तर दुर्बोध्य छैनन्। यस सङ्ग्रहका कविताहरू काव्यिक सौन्दर्य र काव्य तत्त्वले पूर्ण छन्।

संस्कृत साहित्यदेखि नै ऋतुकाव्य लेख्ने परम्परा रहेको पाइन्छ। नेपाली साहित्यमा पनि यसको परम्परा पाइन्छ। नेपाली साहित्यको प्राथमिक र माध्यमिक अथवा शृङ्गारकालका कविहरूले ऋतुलाई काव्यमा प्राथमिकता दिँदै काव्य सिर्जना गरेका छन्। नेपाली साहित्यमा आधुनिक युगको प्रवर्तनसँगै ऋतुबारे विचार गर्ने अध्ययन गर्ने दृष्टिकोणमा पनि परिवर्तन आएको देखिन्छ। लेखनाथ पौड्यालपछि ऋतुलाई विषय बनाएर काव्य सिर्जना गर्ने मोहन कोइराला यसै कृतिबाट प्रकृति कविका रूपमा चर्चित बनेका हुन्। पूर्व र पश्चिमका कविहरूले प्रकृतिलाई आआफ्नै अध्ययन र दृष्टिकोणले बुझेका छन्। वास्तविक रूपमा हेर्दा प्रकृतिको व्यापक अर्थ छ। स्थूल, सूक्ष्म, कारण अनि महाकारणको स्तरबाट प्रकृतिको अर्थ निष्पन्न हुन्छ। भाषा, संस्कृति, धर्म, शास्त्र, विज्ञान, दर्शन आदिमा प्रकृतिको चर्चा पाइन्छ। व्याकरणले शब्दलाई तीन भागमा विभाजन गरेको छ प्रकृति, प्रत्यय र निपात। यसमा व्याकरणले प्रकृतिलाई प्रथम स्थान दिएको छ।[13]

दर्शन र धर्मशास्त्रहरूले ईश्वरको अवधारणा निर्माण गरे तापनि प्रकृति नै भौतिक रूपमा श्रेष्ठ छ। मोहन कोइरालाले यस सङ्ग्रहमा प्रकृतिको शक्तिलाई देखाएका छन्। जीवनको सूत्र र शक्ति मानेर ऋतुको सन्तुलनबारे चर्चा गरेका छन्। साङ्ख्य दर्शनका प्रतिपादक कपिलमुनि प्रकृतिलाई पुरुषको आकर्षणबाट

[11] इन्द्रविलास अधिकारी, सन् २००४, पश्चिमी साहित्य सिद्धान्त, साझा प्रकाशन, काठमाडौँ, पृ२९

[12] ईश्वर बराल, सन् १९७३, मोहन कोइरालाका कविता, पूर्ववत्, पृड

[13] भैरव अर्याल, सन् १९७३, नेपाली काव्यमा प्रकृति, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौँ, पृ४

सृष्टिको विस्तार गर्ने मूलतत्त्व मान्दछन्। एउटा सानो बिजमा विशाल वृक्षको अस्तित्व लुके जस्तै दृश्यमान यो संसार बिज रूप सूक्ष्म प्रकृतिमा अव्यक्त रूपले लुकिराखेको हुन्छ। यसअनुसार प्रकृति व्यक्त र अव्यक्त दुवैको समन्वयमा सृष्टि हो।[14]

मोहन कोइरालाले प्रकृतिका यिनै व्यक्त र अव्यक्त रूपलाई ऋतुको माध्यमद्वारा प्रस्तुत गरेका छन्। स्थूल अनि सूक्ष्म दुवै रूपलाई उनले काव्यिक दृष्टिकोणमा अभिव्यक्त गरेका छन्। त्यसैले यस सङ्ग्रहलाई प्रकृतिकाव्य भन्न सकिन्छ। प्रकृति र जीवनको व्यावहारिकतालाई मोहन कोइरालाले नजिकबाट अध्ययन गरी यसको सिर्जना गरेको बुझिन्छ। कोइराला भन्छन् "यी छ ऋतुको आफ्नै चरित्र छ। एउटा भूमिमा देखिए पनि यसमा छ रस देखिनेछ। वास्तवमा ऋतु-अभियान त्यस्तै छ। विविध विम्ब, प्रतीकको बाहुल्यमा निर्मित प्रत्येक ऋतुमा आफ्नै चित्रको एक रूप देखिन्छ। त्यस्तै विविध कार्य-कारण मिश्रित उसका कार्य-विधि कार्य-कारण निकै फरक फरक देखिन्छ।"[15]कोइरालाले यस सङ्ग्रहको नाम 'ऋतु-निमन्त्रण' राखेर पाठकलाई प्रकृतिको सौन्दर्यतर्फ आकर्षण गराएका हुन् भन्ने कृष्ण गौतमको विचार देखिन्छ।[16]

वन, उपवन, ऋतु आदि शृङ्गार उद्दीपन विभाव मात्र हुन्, केवल नायक वा नायिकालाई हँसाउने रुवाउने साधन मात्र हो भन्ने साहित्याचार्यहरूका विचारको खण्डन गर्दै रामचन्द्र शुक्ल लेख्छन् प्राकृतिक वर्णन वा साहित्यमा प्रकृतिको वर्णनले केवल अङ्ग रूपले मात्र हाम्रा भावलाई आलम्बन गर्दैन वास्तवमा प्रकृति स्वतन्त्र छ, जुन आदिम प्रकृतिमा हाम्रा पूर्वजहरू बस्थे र आज पनि मानव जाति यसैमा आधारित छ वा आफ्नो आयु व्यतित गरिरहेका छन्। त्यसैले मानिसभित्रको संस्कार, वासना वा अन्तःकरणमा निहित प्रकृतिप्रतिको अनुरञ्जनले काव्यमा प्रकृति स्वतः प्रस्तुत हुन्छ। आलम्बन र उद्दीपनको रूपमा मात्र नभएर प्रकृति मानिसको चेतनामा निहित छ।[17] मोहन कोइराला यस काव्यको भूमिकामा लेख्छन्- यसमा परेका आख्यान अति कोमल छन्, यसका कार्य-कारण अति सूक्ष्म तन्तुबाट बुनिएका छन्।[18] त्यसैले यस काव्यमा प्रकृतिका वाह्य अनि आन्तरिक पारिस्थितिकीसँगै प्रकृति दर्शनका तत्त्व पाइन्छन्।

---

[14] भैरव अर्याल, सन् १९७३, नेपाली काव्यमा प्रकृति, पूर्ववत्, पृ ६

[15] मोहन कोइराला, सन् १९८३, 'ऋतु-निमन्त्रण', साझा प्रकाशन, काठमाडौँ, पृ ख

[16] कृष्ण गौतम, सन् २००७, उत्तरआधुनिक जिज्ञासा, भृकुटी एकेडेमिक पब्लिकेसन, काठमाडौँ, पृ २२९

[17] रामचन्द्र शुक्ला, सन् १९७०, चिन्तामणि, द्वितीय भाग, सम्पा. विश्वनाथप्रसाद मिश्र, नागरीप्रचारिणी सभा, वाराणसी, पृ ३

[18] मोहन कोइराला, सन् १९८३, 'ऋतु-निमन्त्रण' पृघ

पशु पक्षीलाई आगामी समय कसैले भन्न पर्दैन
पशु पक्षीलाई आगामी ऋतु कसैले किट्न पर्दैन
कुन मैह्वा कुन वन अनुकूल बन्छ, कुन स्यौला कुन मैनामा झपक्क बन्छ,
खोलाको पानी मिठो हुने समय, कुवाको पानी भुल्का उठ्ने समय
ताल तलैयाहरू कुन महीना कन्चन निष्कलङ्क हुन्छ पैले नै ज्ञान गर्छ।

('ऋतु-निमन्त्रण', पृ ४)

'ऋतु-निमन्त्रण'-मा मोहन कोइरालाले प्रकृतिको स्वभावलाई देखाएका छन् तर यस कार्यलाई उनी कठिन मान्छन्। उनी भन्छन् "प्रकृतिको स्वभावलाई एउटा कवितामा उस्तै भर्न खोज्नु, त्यो पनि गद्य विधामा निकै कठिन कार्य हुन्छ।"[19] कविताको अभिप्रायलाई वास्तविक रूपमा ग्रहण गर्ने कार्य सहज हुँदैन। अनेकार्थ साथै अनुभूतिको अभिव्यक्तिले कवितालाई प्रकाश दिएको हुन्छ तर कति कविताको अभिधात्मक अभिप्रायलाई नै शाश्वत मान्छन्। त्यसैले कवितामा निहित गुणीभूत व्यङ्ग्य ध्वनि वा स्थूल अनुभूतिलाई मात्र ग्रहण गरे कविताको रसास्वादन गर्न सकिँदैन। कविता पाठकको मानसमा गएर अभिव्यञ्जित हुन्छ अर्थात् सामाजिकको बुद्धिमा गएर कविताले आफ्नो पूर्ण स्वरूप पाउँछ तर त्यो स्वरूप कवि मानसमा निर्माण भएकै स्वरूप नहुन सक्छ। त्यसैले कविताको मूल स्वरूप वा काव्य ध्वनि बुझ्नु सजिलो छैन।

कवितामा प्रतीक, विम्ब, मिथक, शब्द चयन, संरचना, बुनोट, गति लय आदिको सन्तुलनले सङ्केत व्यवस्था निर्माण हुन्छ। कविता केवल साहित्यिक सिर्जनामात्र नभएर अन्य थोक पनि हो, जस्तै यो दर्शन, चित्र, आख्यान, गम्भीर अनि हास्य, राजनीतिक, चेतनामूलक र सूचनाप्रद पनि हुन सक्छ। यी विषयदेखि माथि कविता कविको अनुभूतिको पुञ्ज मात्र पनि हुन सक्छ।[20] त्यसैले कविता अनुभूतिको अभिव्यक्ति हो अथवा अनुभूतिको भाषा हो। यसका प्रत्येक शब्दले, शब्दक्रमले, प्रत्येक तत्त्वले अनुभूतिहरू व्यक्त गरेको हुन्छ। कविता स्थूलदेखि सूक्ष्मतिर जाने प्रक्रिया हो।

'ऋतु-निमन्त्रण'-का कविताको गति प्रकृतिको स्थूल वर्णन हुँदै सुक्ष्म वर्णनतिर गएको देखिन्छ। यस सङ्ग्रहका कविताहरू प्रकृतिसँग सम्बद्ध छन् साथै यसमा अन्य रूपकात्मक विषयहरू पनि अभिव्यक्त भएका छन् तर कविताको केन्द्रीय विषय भने प्रकृति र यसको प्रकार्यगत शक्ति नै रहेको छ।

[19] मोहन कोइराला, सन् १९८३, 'ऋतु-निमन्त्रण', पूर्ववत्, पृ ग
[20] सिरा वुल्स्की, सन् २००१, द अर्ट अफ् पोएट्री, अक्सफोर्ड युनिभर्सिटी प्रेस, न्यू योर्क, पृ १

यस कवितामा प्रयुक्त प्रतीक, विम्ब, उपमा, रूपक, संरचनाले प्रकृतिका उपकरणहरूको सहारा लिएका छन्। यसो हुँदा कवितामा प्रकृतिपरक स्वर वा प्रकृति चिन्तन केन्द्रमा रहेको देखिन्छ। यसमा प्रकृतिमा हुने विविध परिवर्तन र घटनालाई दार्शनिक र वैज्ञानिक ढङ्गमा प्रस्तुत गरिएको छ। सत्यलाई आफ्नो सत्यताको कुनै प्रमाण दिइरहन पर्दैन। सत्य नैसर्गिक रूपमा नै सत्य हुन्छ। पूर्णबाट सुरु भएर पूर्णमा नै अन्त हुन्छ। त्यसैले प्रकृतिमा निहित वाह्य अनि आन्तरिक सत्यको व्याख्या गर्नु यस सङ्ग्रहका कविताले कुनै प्रमाण वा सिद्धान्तको सहारा लिएको छैन।

विज्ञानले आफ्नो विषयलाई प्रयोगशालामा प्रमाणित गर्छ र त्यहाँबाट निस्किएको निर्णयलाई सत्य मान्छ। कविताले अनुभूतिको प्रयोगशालामा कवितालाई उभ्याउँछ र त्यसको कार्य-कारण सम्बन्धको विश्लेषण गर्छ। कविले यस सङ्ग्रहमा प्रकृति निर्माण हुनाको पछाडि रहेका कारण र उद्देश्यलाई प्रस्तुत गरेका छन्। यसलाई गहन पारिस्थितिकीको सिद्धान्तअनुरूप अध्ययन गर्न सकिन्छ। 'विना कारण काज न होए'[21] भन्ने सन्तहरूका वाणीलाई कविले आत्मसात गरेका छन्। कवि लेख्छन् -

कारणविना उठ्दैनन् छालहरू, कारणविना हल्लिदैनन् पातहरू
वास्नाविना हाँस्तैनन् कमलहरू, ममताविना आउँदैन सुगन्धहरू।

('ऋतु-निमन्त्रण'/१)

प्रकृति विविधताको सङ्ग्रह हो अथवा विविधता नै यसको गुण हो। विविध रङ्ग, स्वाद, स्वभाव र ऋतुहरूद्वारा यसले कार्य गर्दछ। यस सङ्ग्रहमा ऋतुहरूलाई विविध स्वभाव र गुणले पूर्ण गराएका छन् साथै प्रकृतिको पारिस्थितिकीय दर्शनलाई काव्यात्मक स्वर दिएका छन्।

पृथक ऋतुको पदचाप पृथक छ, पृथक महिनाको पदचाप पृथक छ।

('ऋतु-निमन्त्रण'/१)

'ऋतु-निमन्त्रण'- कविता सङ्ग्रहका कविताहरूको आधार प्रकृति हो। कविताको अभिप्राय पनि प्रकृतिको महत्त्वबारे प्रकाश पार्नु हो। मानिसका जीवनमा प्रकृतिको आवश्यकता र महत्त्व देखाउनु हो। प्रकृतिदेखि कविता पर गएको छैन अर्थात् कवितामा भौतिक प्रकृति र सूक्ष्म प्रकृतिको वर्णन छ। ऋतुहरूले स्थूल रूपमा भौतिक प्रकृतिको सङ्केत गरेको छ भने ऋतुसँग जोडिएर आएका प्रसङ्ग र गति अथवा यसमा बनेको अवकासले सूक्ष्म प्रकृतिको सङ्केत गरेको छ। परिवेश काव्य प्रकृतिको सङ्कट र

[21] महामति प्राणनाथ, सन् २०१२, नित्यपाठ, मंगलधाम, कालेबुङ, पृ १२

यसको संरक्षणका लागि मात्रै लेखिन्छ भन्ने होइन, यसमा प्रकृति संरचना र यसको सृष्टिको विज्ञानबारे पनि विचार व्यक्त गरिएको हुन्छ। ऋतुको व्यक्त र अव्यक्त चक्रलाई उनी यसरी देखाउँछन् -

त्यस मध्यका आगत तीन ऋतु तीन मुना हुन्
उत्तरायणमा घुमेर डुलेर सुस्त बित्छन् भने
ती ऋतु दक्षिणायनमा सत्य नै अभिमुख हुन्छन्,
पृथ्वी घुम्दा उत्तर ध्रुव र दक्षिण ध्रुव पनि
आफ्नो अयनबाट चलायमान बन्छ
सूर्य केही न केही कारण सबै ऋतुमा संचालक बन्छ
यसैलाई ऋतुको मालिक मानिन्छ
यसैलाई ऋतुको चक्र पनि भनिन्छ

(ऋतु-निमन्त्रणा/९)

परिवेश विमर्शलाई विज्ञानि विरोधी, जङ्गलवादी भनेर आलोचना गर्नेहरू पनि छन्। तर परिवेश विमर्शले प्रकृति र विज्ञानको सन्तुलन नै सृष्टि सञ्चालनका लागि महत्त्वपूर्ण छ भन्ने मान्छ। यो विज्ञान विरोधी नभएर विज्ञानलाई सचेत गराउने अथवा प्रकृतिको शक्तिबारे ज्ञान गराउने सिद्धान्त हो। परिवेश काव्यले भौगोलिक सीमाभन्दा पर गएर परम्परा, राजनीति र जातिवादको अवधारणालाई भत्काउँदै व्यक्ति र प्रकृतिलाई जैविक स्तरमा परिचित गराउँछ, अर्थात् राष्ट्रको नागरिकभन्दा प्रकृतिको नागरिक बन्नुपर्छ भन्ने यसको उद्देश्य देखिन्छ।[22]यस सङ्ग्रहको 'ग्रीष्म' कवितामा उष्णता वा प्रचण्ड ग्रीष्मको वर्णन गरिएको छ। वन जङ्गल विनाशको कारणले बढिरहेको वैश्विक उष्णताको सङ्केत यस कवितामा देखिन्छ। ऋतु ग्रीष्मको २८ औँ पङ्क्तिमा उनी लेख्छन्-

बग्न छाडेर सुक्न लागेका छन् नदीहरू,
वस्तु चर्ने भूमि सुकेर खडेरी गएको छ,
जाडोको त लुगाले मेख मर्छ
ग्रीष्ममा लाएको जति लुगा
फुकाले पनि गरम मेटिदैन,

[22] ग्रेब्रिल चाभारिया, २०१०, इकोपोएट्रि एन्ड एथ्नोपोएट्रि इन द अमेरिका, hptt://www.revistaixchel.org,vol.2, 18/06/2015, 03:30pm

पसिना बनेर मासु गल्न लाग्छ।

'ऋतु-निमन्त्रण' कविता सङ्ग्रहको पुच्छरमा 'गरल पान' शीर्षकको लामो कविता पनि रहेको छ। यसमा पनि कोइरालाले सृष्टिको आरम्भ, विकास र विस्तारबारे सूक्ष्म र दार्शनिक तथ्यको वर्णन गरेका छन्। ऋतुहरूको वर्णनमा नअटाएका विषयलाई उनले यसमा प्रस्तुत गरेका छन्। 'ऋतु-निमन्त्रण' र 'गरलपान' कविताबिच विचार, भाव र अनुभूतिको सम्बन्ध छ। त्यसैले 'गरलपान'-लाई 'ऋतु-निमन्त्रण'-कै विस्तार मान्न सकिन्छ। यी दुवैमा विचार वा भाव तथा काव्यात्मक अभिप्राय टुटेको छैन। 'गरल-पान'-मा उनी लेख्छन्

थुप्रै पक्षीहरू टाढा टाढाका स्वर बटुलेर, थुप्रै थुप्रै पक्षीहरूले
टाढाका रंग बटुलेर
कविलाई भाँचेर आफ्नु चुच्चो दियो
कलाकारलाई भाँचेर आफ्नु प्वाँख दियो
(चरा त्यसपछि उड्न सकेन रूखबाट खसेर मऱ्यो)

(गरलपान/प्रथम सृजना/४१)

कविताले कविहरूको भावमाथि प्रश्न उठाएको छ। कवितारूपी चरालाई खुल्ला आकासमा उड्न दिनुपर्छ र कविता साँघुरो र सतही हुँदै गइरहेछ भन्ने कविताको अभिप्राय छ साथै कविता वा काव्यको स्रोत प्रकृति नै हो भन्ने ध्वनि यसमा व्यञ्जित छ। त्यसैले यस कवितामा ऋतुहरू निर्माण हुनुभन्दा अघिको समय बोध हुन्छ। प्रकृतिलाई मानिसले संरक्षण गर्नुपर्छ वा प्रकृतिको सौन्दर्यको निरूपण गर्नुपर्छ किनभने प्रकृतिको सुन्दरताको संरक्षण गर्ने सामर्थ्य र शक्ति उसलाई प्रकृतिले नै दिएको छ। मानिसमा त्यो गुण छ जसको सदुप्रयोगले प्रकृति सुरक्षित बन्न सक्छ। यसले लामो आयु पाउन सक्छ तर एकापट्टि प्रकृति विनाश गर्दै अर्कातिर यसको संरक्षणका लागि आवाज उठाउने कुरा गर्नु मानिसको चरित्र बनेको देखिन्छ। 'गरल-पान'- मा कवि लेख्छन्-

केही पश्चात् चकचके मानवले चट्टान पल्टायो
ढुङ्गा टुक्र्यायो, अनि टुक्रा पारेको ढुङ्गा जोऱ्यो
वृक्ष रोप्यो, वृक्ष काट्यो,
नपुगेको स्थानमा पुग्न बाटो खन्यो

अघि पृथ्वीले निषेध गरेर राखेको बाकस पत्ता लाउन

सबै सबै समुद्र पृथ्वी चट्टानमा खानतलास खानतलास भयो

(गरलपान/दोस्रो सृष्टिक्रम/४६)

'ऋतु-निमन्त्रण' कविता सङ्ग्रहले प्रकृतिलाई जीवनको सम्पूर्णता मानेको छ। यसमा संस्कृति छ, जीवन छ, धर्म र विज्ञान छ साथै सृष्टिविज्ञान छ। आफूसँगै बितिरहेको समय, आफूले देखिरहेका धानखेत, उकाली-ओर्लिरहेका वनपाखाबाट मोहन कोइरालाले कविता लिएका छन्। शैलीवैज्ञानिकहरू भन्छन्, "शैली अन्तर्वाक्यीय वैशिष्ट्य हो।"[23]"अन्तर्वाक्यीय सम्बन्धले गर्ने सबैभन्दा प्रमुख कार्य हो कथ्यको अग्रसारण। एकएकवटा वाक्यले वहन गरेका कथ्यको पारस्परिक साहचर्य तिनको शृङ्खलाबद्धताद्वारा स्थापित हुन्छ।"[24]'ऋतु-निमन्त्रण'-भित्रका कविताका प्रत्येक वाक्यले कथनका साथै काव्यगत अभिप्रायको शृङ्खलालाई सुरुदेखि अन्तसम्म क्रमबद्ध ढङ्गमा अग्रसारण गरेको छ। प्रत्येक ऋतुका अनुभूति एकसँग अर्को जोडिएर अगाडि बढेका छन्।

## ४.३ 'ऋतु-निमन्त्रण' कविता सङ्ग्रह र पारिस्थितिकी

'इकोलजी' शब्द ग्रीक भाषाको 'ओइकस' शब्दमा 'लजी' प्रत्यय जोडिएर बनिएको हो। 'ओइकस'-को अर्थ 'घर-गृहस्थी' अथवा 'कुटुम्ब-परिवार' र 'लजी'-ले 'अध्ययन गर्नु' भन्ने बुझिन्छ। पारिस्थितिकी वैज्ञानिक युजिन पी. ओडियुमअनुसार 'इकोलजी' शब्दको अर्थ पृथ्वीमा भएका जीव, निर्जीव सम्पूर्ण वस्तु, प्राणीहरूको कुटुम्बगत वा पारिवारिक अध्ययन गर्नु हो।[25] इकोलजी जीववैज्ञानिक र पर्यावरणवादमा प्रयोग हुने शब्द र अवधारणा हो। साहित्यको अध्ययनमा यो शब्द र यसको अवधारणा आइसकेको छ। साहित्यद्वारा प्रकृति र पर्यावरणबारे कसरी, कुन आधार र कुन प्रयोजनका लागि अध्ययन गरिन्छ भन्ने प्रश्नहरू लिएर 'परिवेश विमर्श'-को अवधारणा देखा परेको हो। 'परिवेश विमर्श'-ले साहित्यमा प्रकृति र यसको पारिस्थितिकिबारे पनि अध्ययन गर्छ यद्यपि 'इकोक्रिटिसिज्म' शब्दको प्रयोग हुनु अघि नै ब्रिटेनका रेमन्ड विलियम्सको 'द कन्ट्री एन्ड द सिटी' (सन् १९७३) अनि अमेरिकामा एनेट कोलोन्डीको 'द ले अव् द लेन्ड' (सन्१९७५) लेखमा प्रकृति वा पर्यावरणीय सचेतताको साहित्यिक र

[23] घनश्याम नेपाल, सन् २००९, शैलीविज्ञान, एकता बुक हाउस प्रा. लि. सिलगढी, पृ५६

[24] घनश्याम नेपाल, सन् २००९, शैलीविज्ञान, पूर्ववत्, पृ५६

[25] युजिन पी ओडियुम, सन् १९९७, इकोलजी ए ब्रिज बिट्विन साइन्स एन्ड सोसाइटी, म्यास्याचुसेट, यूएसए, पृ १

परिवेश-विमर्शपरक अध्ययन भइसकेको अध्येताहरूले मानेका छन् तर सन् १९९० भन्दा अघाडि यसको कुनै सैद्धान्तिक रूपमा अध्ययन भएको देखिँदैन।[26] इकोक्रिटिसिज्म मूलतः 'ओक्योक्रिटिसिज्म' वा 'ओक्योपोइटिक्स'-बाट बनेको शब्द हो अर्थात् यो शब्द 'इको' अनि 'क्रिटिक्स' शब्द मिलेर बनेको शब्द हो। यी दुवै शब्द ग्रीक भाषाको 'ओइकस' अनि 'क्रिटिस'-बाट लिएको हो जसको अर्थ 'हाउस जज' भन्ने हुन्छ।[27] यसले 'ओक्योलजीकल' वा 'इकोलजीकल' अवधाराणलाई पनि स्पष्ट पार्छ।

प्रकृति अनि संस्कृति अन्तरसम्बन्धित विषय हुन्, तर प्रकृतिलाई जैविक र संस्कृतिलाई नगर सभ्यताको पर्यायका रूपमा व्याख्या गरिन्छ र त्यसैको आधारमा समाजको निर्माण भएको छ। फलस्वरूप प्रकृति शोषण र यसको दुरूप्रयोगले प्रकृति वा पर्यावरण सङ्कटको स्थितिमा पुगेको छ। प्रकृति र संस्कृतिका अवधारणा एका-अर्कामा सम्पूरक छन्। प्रकृतिको स्वरूप, जलवायु, माटो, हावापानी, पशु-प्राणी, वनस्पति आदि विषयहरू हुन् जसले मानिसका प्रत्येक कार्यमा प्रत्यक्ष र अप्रत्यक्ष प्रभाव पार्दछन्। यही प्रभावको परिणामस्वरूप सामाजिक र सांस्कृतिक व्यवस्थाका स्वरूपहरूको निर्माण हुन्छ।[28] सम्पूर्ण प्रकृति वास्तवमा आफैमा एउटा पारिस्थितिकीय प्रणाली हो अनि मानिस यस प्रणालीको एउटा आवश्यक अङ्ग मानिन्छ। जनसङ्ख्या वृद्धि तथा आफ्ना आवश्यकताहरूको पूर्तिका लागि मानिसले पारिस्थितिकीय प्रणालीका अन्य उपकरण वन जङ्गल, वनस्पति, जीव-जन्तु, तथा अन्य संसाधनहरूको विनाश गरिरहेका छन् जसले गर्दा पारिस्थितिकीमा असन्तुलन सृष्टि भएको छ।

इकोलजी वा पारिस्थितिक विज्ञानलाई तीन प्रकारका पद्धतिले अध्ययन गर्न सकिन्छ पहिलो - वैज्ञानिक पद्धति, जसमा पर्यावरण अनि जीवहरूलाई वैज्ञानिक दृष्टिकोणबाट अध्ययन गरिन्छ। दोस्रो – 'डिप इकोलजी' अथवा 'गहन पारिस्थितिक', जसमा जीव अनि प्रकृतिबिचको सम्बन्धलाई दार्शनिक अनि आध्यात्मिक रूपमा तुलना गर्दै अध्ययन गरिन्छ। तेस्रो –पारिस्थितिकीय प्रणाली, 'ओइकस' वा 'ओइकोलजी' वा पर्यावरण अनि जीवहरूको पारिवारिक अथवा कौटुम्बिक अध्ययन पद्धति हो। यीबाहेक पारिस्थितिक प्रणालीको अध्ययनका लागि सामाजिक पारिस्थितिक अनि मानवीय परिस्थितिकीजस्ता अध्ययन पद्धतिहरू पनि देखिन्छन्।

---

[26] रिचर्ड कार्डिज, सन् २००६,'इन-भाय्-रोन्-मेन्टलज्म  एन्ड इकोक्रिटिसिजम', प्याट्रिसिया वा (सम्पा.) लिटेरेरी थियोरी एन्ड क्रिटिसिज्म, अक्सफोर्ड युनिभर्सिटी प्रेस, न्युयोर्क, पृ ५५४

[27] विलिय हवर्थ, सन् १९९६, सम प्रिन्सिपल अव् इकोक्रिटिसिज्म, चेलिर गटफेल्टी एन्ड हार्लोड फोर्म (सम्पा), इकोक्रिटिसिज्म रिडर, पूर्वतत्, पृ ६९

[28] बलराम आचार्य, सन् २००७, नेपाली समाज र संस्कृतिको विश्लेषण, सनलाइट पब्लिकेशन काठमाडौं, पृ६५

सामाजिक पारिस्थितिकीले समाजिक स्तर वा वर्गविशेषमा सांस्कृतिक, राजनीतिक, सामाजिक संरचना, अनि अर्थव्यवस्था आदिको प्राकृतिक सम्पदा माटो, हावा, पानी, वन जङ्गल, वनस्पति, जीवसँग कस्तो सम्बन्ध छ त्यसको निरीक्षण गर्दछ। मानवीय पारिस्थितिक विज्ञानअन्तर्गत मानव अनि पर्यावरणबिचको सम्बन्धको अध्ययन गरिन्छ। रुक्रेटीय इकोक्रिटिसिज्मले इकोलजीलाई सबैभन्दा पहिले परिभाषित गरेको देखिन्छ। पर्यावरणकेन्द्री आलोचकहरूले पारिस्थितिकीको अध्ययन सुविधाका लागि डिप इकोलजी अथवा गहन पारिस्थितिकीय प्रणालीको सिद्धान्त वा अवधाराणालाई पनि स्वीकारेका छन्। मानव संस्कृति अनि भौतिक पर्यावरणको आन्तरिक सम्बन्धलाई विश्लेषण गरेर पर्यावणकेन्द्री आलोचकहरू साहित्यमा पारिस्थितिक प्रणालीको अवधारणा प्रस्तुत गर्छन्।

जीवन, संस्कृति, समाज, धर्म, अर्थ, सबै विषय प्रकृतिका वरिपरि घुमिरहेका हुन्छन् साथै प्रकृतिद्वारा नै सञ्चालित भएका हुन्छन्। सनातन हिन्दू धर्म-संस्कारअन्तर्गत वर, पिपल, दुवो, पहाड-पर्वत, पशु-पक्षी आदिको पूजा गर्ने परम्परा छ। इसाई सम्प्रदायमा 'क्रिसमस ट्रि'-को प्रतीकात्मक अर्थ पर्यावरण संरक्षण वा प्रकृति प्रेम नै मान्न सकिन्छ। कुरानको सुरा अल-अनआमको आयत ३८-मा लेखिएको छ "व मा मिन् दाब्बतिन् फिल्अर्ज़ि व ला ताइरिय्यतीरू बि-जनाहैहि इल्ला उ-ममुन् अमूसालुकुम्, मा फ़र्रत्ना फ़िल्किताबि मिन् शैइन् सुम्-म इला रब्बिहिम् युह्शरून" यसको अर्थ कुरानमा यसरी गरिएको छ- "..र धरतीमा भएका जीवधारी, उड्न सक्ने कुनै पनि पक्षी यिनीहरू सबैको तिमीहरू (मानिस)-को जस्तै संसार वा समूह छ। मैले किताब (कुरान)-मा कुनै पनि कुरा छोडेको छैन। एकदिन सबैलाई आफ्नो ईश्वर भएको ठाउँमा भेला गरिने छ।"[29]त्यसैले समाज, संस्कृति र साहित्यको प्रकृतिसँग आन्तरिक र पारिस्थितिकीय सम्बन्ध छ। पर्यावरणकेन्द्री आलोचकहरू पारिस्थितिकीय प्रणालीलाई परिवेश-विमर्शको मूल सिद्धान्त ठान्छन्। परिवेश विमर्शले प्रकृतिको विनाश अनि प्रदूषित पर्यावरणको सोचनीय अवस्थालाई ध्यानमा राख्दै आज ज्ञान, विज्ञान, दर्शन, अनि साहित्यले पारिस्थितिक प्रणालीलाई सन्तुलित बनाउन प्रयास गरिरहेको छ साथै मानिसहरूलाई संवेदनशील बन्दै प्रकृतिप्रति आफ्नो नैतिक जिम्मेवारी बुझ्नु पर्ने हरित आध्यात्मिकताको सङ्केत गरिरहेको छ। कवितामा पारिस्थितिकीय प्रणाली, वैज्ञानिकता र दर्शनको उभय स्थितिमा अभिव्यक्त भएको छ। कोइरालाले यहाँ धर्म र विज्ञानलाई एकसाथ लिएर कलात्मक अभिव्यक्ति दिएका छन्।

[29] मुहम्मद फ़ारूक़ ख़ाँ (अनु), सन् २०१४, क़ुरआन मजीद, मकतबा अल हसनात, नयाँ दिल्ली, पृ१४६

कवि लेख्छन्-

ब्रह्म वर्षमा लाखौँ विश्वको स्थिति प्रलय अविरल चलिरहन्छ,
एक ब्रह्म चक्रमा कैयौँ ऋतु कति अयन
आफ्ना नियममा अवचलित छन्, घुम्दा रूख उम्रन्छ पात फक्रन्छ,
लोमश समयको धुरी हो, लोमशको हो एक क्षण
स्वयं ब्रह्माको युगौँ युग व्यतीत बन्छ, एक लोमशमा कैयौँ कैयौँ
ब्रह्माको स्वयं संहार हुन्छ, मानिस जाबोको त के कुरा,
सर्वशक्तिमान् सम्झिने काल स्वयं लोमश समय
चर्चा गर्न असमर्थ छ, पाँच हज्जार वर्षको रातदिन भएको
त्यस्तो चौबीस घन्टालाई एकदिन भन्ने ब्रह्माको आयु लामै छ
त्यस्ता युगको व्यतितिमा एक रौँमात्र खस्ने
यहाँ लोमश वर्ष कसरी चर्चा गर्नु
यहाँ लोमश एक क्षण कसरी चर्चा गर्नु,

('ऋतु-निमन्त्रण'/१०)

पारिस्थितिकीको स्पष्ट स्वरूप भारतीय साथै अन्य प्राचीन साहित्यमा पाइन्छ। भारतीय साहित्यमा सृष्टि विज्ञानबारे महर्षिहरूले चर्चा गरेका छन्। यसमा प्रकृतिको उत्त्पति, संरचनाबारे चर्चा पाइन्छ साथै भारतीय साहित्यको पृष्ठभूमि अध्यात्ममा अडेको हुनाले ब्रह्माण्डको रचना एउटा बिन्दुबाट भएको हो साथै यस्ता लाखौँ ब्रह्माण्डलाई एक सूत्रमा बाँध्ने तत्त्व एउटै छ भन्ने एकत्ववादी दार्शनिक धारणा भारतीय साहित्यमा प्रशस्त पाइन्छ। एउटै बिन्दुबाट विश्व-ब्रह्माण्ड सिर्जना भएको हुनाले सृष्टिका प्रत्येक पदार्थमा एउटै तत्त्व छ र त्यसैको ऊर्जाले यो सन्तुलित छ। दर्शनले यसलाई तत्त्व भनेका छन् जसलाई विज्ञानले पारिस्थितिकी प्राणली भन्छन्।

ऐतरेयोपनिष्द (१.१.२)- मा पृथ्वीको गर्भमा 'आपः' छ, यो सृष्टिको आधार हो भन्ने वर्णन छ। 'आपः'-को अर्थ संस्कृतमा जल वा पानी भन्ने हुन्छ तर यहाँ यसको यति अर्थले तात्पर्य खुल्दैन। त्यसैले पण्डित श्रीराम शर्मा आचार्य लेख्छन्, "ऋग्वेदले 'आपः'-लाई सृष्टिको मूल क्रियाशील प्रवाहको रूप मानेको छ। 'आपः' सृष्टिको आधारभूत तत्त्व हो। यसकारण ऋषिहरूले यसलाई "या अधस्तात् ता

आपः" अर्थात् आधार नै आपः हो भनेर बताएका छन्। यही नै हिरण्यगर्भ रूप हो जसलाई वेदले "स दाधार पृथ्वी द्यमुतेमां" अर्थात् पृथ्वी र द्युलोकको आधार आपः हो भनेर बताएको छ।" उनी अझै लेख्छन् "आपः -लाई वेद्ले आवधारणाका रूपमा पनि मानेको छ। यही आपः तत्त्वका गर्भमा ब्रह्मको संकल्प बीज रूपबाट बढेर विश्वरूप बन्दछ। त्यसैले यसको गुण मातृसत्तात्मक भएको हुनाले देवी आपः अथवा 'ता आपः' पनि भनिन्छ।"[30] 'आपः' मातृसत्तात्मक रूप भएको हुनाले त्यहाँ वीर्य (चेतन)-ले त्यस सूक्ष्म 'आपः'-को प्रवाह चक्रलाई निरन्तरता दिँदछ अनि यस 'आपः' तत्त्वमा चेतना पुनः ग्रहण गर्न थाल्छ र सृष्टिक्रमको विकास हुन्छ। त्यसैले 'आपः' चक्र एउटा आवश्यक र श्रेष्ठ प्रक्रिया हो। यसलाई ऐतरेयोपनिष्दले यसरी बताएको छ- "स इमांल्लोकानसृजत अम्भो मरिचीर्मरमापोऽदोऽम्भः परेण दिवंद्यौः प्रतिष्ठाऽन्तरिक्षं मरीचयः। पृथिवी मरो या अधस्तात्ता आपः"[31] तसर्थ 'आपः' यदि पृथ्वी सञ्चालन गर्ने तत्त्व हो भने यसलाई निश्चय नै पारिस्थितिकी वा इकोलजी भन्न सकिन्छ।

पारिस्थितिकीको दार्शनिक व्याखा र वैज्ञानिक व्याख्या अलग अलग भए तापनि दुवैले एउटै कुरो सङ्केत गरेको बुझिन्छ। दुवै पक्षले प्रकृति मूल्यबारे नै विविध चर्चा गरेका छन्। मानिस प्रकृति वा पृथ्वीसँग आफ्नो जीवन साझा गरेर बाँचेको छ साथै सूक्ष्म जीव, वनस्पति र अन्य मानवेतर प्राणीहरूसँग पनि आफ्नो जीवन साझा गरेर मानिसले जीवन बिताइरहेको छ। प्रकृतिका प्रत्येक वस्तु, पदार्थ, समुद्र, जलवायु, वायुमण्डलमा जीवन छ। महासागरको गहिराइमा निर्मित चट्टानमा अथवा त्यसको गहिराइमा अनेकौँ जीवहरू आफ्नो पर्यावरणमा बाँचेका हुन्छन्। आजको युगमा जलवायु परिवर्तनका कारणले पृथ्वीको सतह, वायुमण्डल र समुद्रतहमा पनि पर्यावरण सङ्कट देखिन्छ। प्रकृतिको अव्यक्त ऊर्जाले एउटा पारिस्थितिकी निर्माण गरेको छ र त्यसैमा निर्भर रहेर सृष्टिक्रम चलिरहेको छ।

पारिस्थितिकीले मानिसको जीवनमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ। यसले प्रदान गरेको वातावरण वा पदार्थमा मानिसको जीवन निर्भर छ। खाद्य सामग्री, ऋतु, अनुकूल वातावरण आदिको सन्तुलन पारिस्थितिकीबाट नै सम्भव छ। यसले पर्यावरण सन्तुलित बनाएर राख्छ। यसैका आधारमा मानिसको संस्कृति र जीवनको गुणात्मकताको वृद्धि हुन्छ, अथवा यसैले प्रकृतिको संरचनामा पनि सहयोग गरिरहेको हुन्छ। यसको सहयोगबिना पृथ्वीमा जीवन र सृष्टि सम्भव हुँदैन। वास्तवमा पारिस्थितिकी स्थिर विषय होइन, यो एउटा चलायमान वा गतिशील ऊर्जा अथवा तत्त्व हो। यहाँ जीवहरू

---

[30] श्रीराम शर्मा आचार्य (अनु.), सन् २००५, १०८ उपनिषद्, ज्ञानखण्ड, युग निर्माण योजना, उत्तर प्रदेश, पृ४२

[31] श्रीराम शर्मा आचार्य (अनु.), सन् २००५, पूर्ववत्, पृ४२

जन्मन्छन्, बढ्छन्, अन्तर्क्रिया गर्छन् र मर्छन् अनि चमत्कारी रूपमा यस क्रियाले प्रकृतिको स्वरूप परिवर्तन गरी सृष्टिक्रम चलिरहन्छ।[32] मोहन कोइराला लेख्छन्-

ऋतुको चक्रभित्र सम्पन्नता विपन्नता गाँसिन जान्छ,
ऋतु विपरीत सभ्यता एकछिन टिकाउन सकिंदैन,
मानवको पूर्ण धरातल ऋतुहो, ऋतु विपरीत जान दिन हुन्न कालहरू
नत्र उपलब्धि भस्म हुन सक्छ, सभ्यता भस्म हुन सक्छ,
ऋतुहरू चम्किँदै खेल्दै गरून् हाम्रै ओरिपरि भ्रमण गरून्

('ऋतु-निमन्त्रण'/११)

मोहन कोइरालाले औपचारिक रूपमा विज्ञानको अध्ययन गरेको प्रमाण पाइँदैन, यद्यपि प्रकृतिप्रतिको उनको ज्ञान व्यापक र गहिरो देखिन्छ। उनले विज्ञान र दर्शनको दृष्टिकोणबाट प्रकृतिलाई प्रस्तुत गरेकाले उनी पूर्व र पश्चिमका दर्शनको अध्ययन गर्थे भन्ने बुझिन्छ। उनी पारिस्थितिकीलाई वैज्ञानिक दृष्टिकोणबाट भन्दा दार्शनिक दृष्टिकोणबाट प्रस्तुत गर्न रुचाउँछन्। उनी लेख्छन्-

सपूर्णमा बग्गीको पाङ्ग्राजस्तै घुमेको छ काल चक्र,
आफूले तानेको बग्गीको पाङ्ग्रा घोडा आफैँले देख्तैन
आफूले रथ तान्दा कसरी धूर घुम्छ घोडाले थाहा पाउँदैन
त्यस्तै बितेको समय नाङ्गो आँखामा देखिँदैन
कतै नआउने भविष्य त्यो देखिन्छ,
न ऋतुका आगमन कसैको सामर्थ्यले छेक्न सक्छ,
नमेट्न खोजेर मेट्न पाइन्छ

('ऋतु-निमन्त्रण'/११)

पूर्वीय दर्शनमा प्रकृतिलाई भौतिक, पराभौतिक, व्यक्त, अव्यक्त, स्थूल, सूक्ष्म र कारण आदिका रूपमा चिन्तन गरिएको छ। अद्वैत वेदान्तमा जगत्को स्वरूप र सृष्टि प्रक्रियालाई गहन व्याख्या पाइन्छ।

तमः प्रधान विक्षेप शक्तिबाट अन्वित ईश्वरझैँ सूक्ष्म तन्मात्रा रूप आकाशको सृष्टि भयो। आकाशबाट वायु, वायुबाट अग्नि, अग्निबाट जल तथा जलबाट पृथ्वी उत्पन्न भयो। यी सूक्ष्म भूत

[32] ..........२००८, इकोलजिकल इमप्याक्ट अफ् क्लाइमेट चेन्ज, कमिटी अफ् इकोललजिकल इम्प्यक्ट अफ् क्लाइमेट चेन्ज, नेसनल रिसर्च काउन्सिल, द नेसनल एकडेमिस प्रेस वासिन्टन डीसी, पृ१-१०

(पदार्थ)-बाट सूक्ष्म शरीर (माइक्रोअर्गेनिज्म्) उत्पन्न हुँदछ जसमा सत्र प्रकारका पदार्थको सन्तुलन रहेको हुन्छ। ती हुन् पञ्च ज्ञानेन्द्रीय, पञ्च कर्मेन्द्रिय, पञ्च प्राण अनि बुद्धि र मन। यसै सूक्ष्म शरीरबाट नै स्थूल शरीर अथवा मानवको विकास भएको हो। सूक्ष्मबाट स्थूल शरीरमा परिवर्तन हुने यस प्रक्रियालाई अद्वैत वेदान्तले‘पंचीकरण प्रक्रिया’ भनेको छ।[33]अद्वैत वेदान्तमा ‘पंचीकरण प्रक्रिया’-अनुसार पञ्च तत्त्वमा प्रत्येक स्थूल भूत वा तत्त्वको आधा र अन्य चार तत्त्वका आधा वा अष्टामांश रहेको हुन्छ। यसको अनुपात यसरी देखाइएको छ-

पृथ्वी= १/२+पथ्वी +१/८ जल  +१/८ अग्नि +१/८ वायु +१/८ आकाश

जल = १/२+जल  +१/८ पृथ्वी +१/८ अग्नि +१/८ वायु +१/८ आकाश

अग्नि =१/२+अग्नि +१/८ पृथ्वी +१/८ जल  +१/८ वायु +१/८ आकाश

वायु = १/२+वायु  +१/८ पृथ्वी +१/८ जल  +१/८ अग्नि +१/८ आकाश

आकाश =१/२+आकाश +१/८पृथ्वी +१/८ जल +१/८ अग्नि +१/८ वायु[34]

जगत्को सृष्टि संरचनाबारे अद्वैत वेदान्तले वर्णन गरे तापनि “ब्रह्म सत्यं जगन्मिथ्या, जीवो ब्रह्मैव नापरः” भनेर आदि शंकराचार्यले केवल ब्रह्म मात्र सत्य हो र संसार अज्ञान वा अविद्या हो भनेर संसार (प्रकृति)-लाई अलग गरे तर पृथ्वीमा रहने चेतना ब्रह्मको सत्ता हो भनेर स्वीकार पनि गरे। यसको ठिक विपरीत माधवाचार्यले द्वैत वेदान्त मतको स्थापना गर्दै ब्रह्मबाट सृष्टि भएको सृष्टि मिथ्या हुन सक्तैन, यदि ब्रह्म सत्य छ भने सृष्टि पनि सत्य छ भनेर प्रकृतिको अस्तित्वको पक्ष राखे।[35]

वेदान्तको दर्शनिक भाष्य गहिरो भए तापनि साथै यसलाई ब्रह्मविद्याको रूपमा व्याख्या गरिए तापनि यसमा पारिस्थितिकीय सङ्केत स्पष्ट देखिन्छ। मानिस स्वयं पारिस्थितिकीको अङ्ग भएको हुनाले अन्य प्राकृतिक जीव, वनस्पति, जलवायुसँग ऊ परिपूरकको रूपमा घुमिरहेको हुन्छ जसको सन्तुलनले पारिस्थितिकी निर्माण हुन्छ र सृष्टि सुचार रूपले चल्न सक्छ। वेदान्तको वैज्ञानिक वा प्राकृतिक दृष्टिकोणले व्याख्या गरिए यहाँ प्रकृतिका विविध रहस्यहरूको उद्घाटन सम्भव छ। ऋग्वेदको चौथो मण्डलको चालीसौँ सूक्तको पाँचौँ श्लोकोलाई श्रीराम शर्मा आचार्यले यसरी अर्थ लगाएका छन्-

हंसः शुचिषद्वसुरन्तरिक्षसद्धोता वेदिषदतिथिर्दुरोणसत्।

[33] श्रीराम शर्मा आचार्य (सम्पा.), सन् २००४, वेदान्त-दर्शन्, युग निर्माण योजना, उत्तर प्रदेश, पृ १०
[34] श्रीराम शर्मा आचार्य (सम्पा.), सन् २००४, वेदान्त-दर्शन, पूर्ववत्, पृ १०
[35] श्रीराम शर्मा आचार्य (सम्पा.), सन् २००४, वेदान्त-दर्शन, पूर्ववत्, पृ १३

नृषद्वरसंदृसद्व्योमसदब्जा गोजा ऋतजा अद्रिजा ऋतम्।।

'हंस स्वरूप आत्मा नै सूर्य स्वरूप भएर द्युलोकमा वास गर्दछ। समस्त प्राणीहरूलाई साधन बनाएर वायु रूप भएर अन्तरिक्षमा परिभ्रमण गर्दछ, अग्निको रूपमा नै वेदी स्थित हुँदछ। सोमरसको रूपमा कलशको पूर्ति गर्दछ। त्यही आत्मा मानिस, देव, पशु-पक्षीमा रहेको हुन्छ। जलका प्राणी, वनस्पति, पर्वतादिमा पनि यसको निवास हुन्छ। वस्तुतः त्यही आत्मा ऋतस्वरूप परमात्मा तत्त्व हो।'[36] यसको तात्पर्य के बुझिन्छ भने हंस स्वरूप आत्मा सूर्य भएर सम्पूर्ण पृथ्वीमा ऊर्जा प्रदान गर्दछ अनि त्यसै ऊर्जाको सहयोगले पारिस्थितिकी सम्भव हुन्छ।साथै पारिस्थितिकीको सन्तुलनले जीवन सम्भव छ।

अर्थवेदको छैटौँ काण्डको एकसठ्ठीऔँ सूक्त विश्वस्रष्टा सूक्तको दोस्रो र तेस्रो ऋचामा पनि प्रकृतिको चर्चा गरिएको छ। ऋचा यसप्रकार छन्-

"अहं विवेच पृथिवीमुत द्यामहमृतूंरजनयं सप्त साकम्। अहं सत्यमनृतं यद् वदाम्यहं दैवी परि वाचं विशकश्च ।२।"

तिलकप्रसाद लुइटेल यस ऋचाको अर्थ यसरी गर्छन्- 'म सूर्य वा रुद्रदेवताले द्युलोक र पृथ्वीलाई अलग गराएको छु। वसन्त आदि छवटा ऋतुहरू र अधिक मासको सातौँ ऋतुलाई पनि मैले नै बनाएको छु। मानवी र दैवी वाणीहरू बोल्ने पनि म नै हुँ।'

अर्को ऋचा यसप्रकार छ-

"अहं जजान पृथिवीमुत द्यामहमृतूंरजनयं सप्त सिन्धून। अहं सत्यमनृतं तद् वदामि यो अग्निषोमावजुषे सखाया।३।"

तिलकप्रसाद लुइटेल यसको अर्थ यसरी गर्छन् 'पृथ्वी, स्वर्ग, गङ्गा आदि सात नदी एवं सातै समुद्रको उत्पादक पनि म नै हुँ। सत्यासत्यको वक्ता तथा मित्र, अग्नि र सोमलाई एकै साथमा संयुक्त गराउने पनि म नै हुँ।' यहाँ म भन्नाले रुद्र बुझिन्छ यद्यपि उनकै शक्तिबाट प्रकृति आदि सञ्चालित हुन्छ भने त्यसालाई परिवेश विमर्शको अध्ययनमा पारिस्थितिकी भन्न सकिन्छ। यो प्रकृति सञ्चालन गर्ने ऊर्जा हो। दर्शनले यस ऊर्जालाई आत्मा वा परमात्माको संज्ञा दिए पनि विज्ञानले यसलाई पारिस्थितिकीको स्रोत मान्दछ।

---

[36] श्रीराम शर्मा आचार्य (सम्पा.), सन् २००४, पूर्ववत्, पृ १५

प्रकृतिमा भएका प्रत्येक वस्तु एका अर्कासँग सम्बन्धित छन्। यसैकारण पारिस्थितिकीअन्तर्गत एउटा विशेष प्रजातिको जीव अनि वनस्पति विशेष एकै ठाउँमा मात्र पाइन्छ जस्तै पहाडी भेकमा वनमारा, तितेपाति, अविजालो जस्ता औषधिमूलक वनस्पति पाइन्छन् भने उत्तरी ध्रुवमा सेतो भालु पाइन्छ। यी वनस्पति र जीव त्यस परिवेशबाहेक अन्यत्र पाइँदैनन्। यसरी आफूलाई चाहिने तापक्रम, जलवायु, भोजन, आवास र आफ्नो प्रतिस्पर्धाहरूका बिचमा पनि एउटा प्राणीले आफूलाई सुरक्षित ठान्दछ। यसको मुख्य कारण पारिस्थितिकी हो। एउटा प्राणीले आफ्नो जीवन एउटै परिवेशमा बिताउँछ। त्यसको सीमालाई काटेर कतै गए पनि पुनः फर्केर त्यो आफ्नै ठाउँमा आइपुग्छ। यस्तो एउटा निर्दिष्ट पारिस्थितिक स्थान वा थलोलाई 'इकोलोजिकल निस'[37] भनिन्छ।

प्रकृति मानिसका लागि पारिस्थितिक थलो हो। प्रकृतिदेखि अलग उसको जीवन सम्भव हुँदैन। पारिस्थितिकीमा अर्को मुख्य विषय भोजन वा खाद्य हो। खाद्य प्रणालीले पारिस्थितिकीमा सन्तुलन गरेको हुन्छ। वनस्पतिदेखि लिएर जीवन र मसिना किरा फट्याङ्ग्राहरूलाई पनि जिउनका लागि भोजन आवश्यक हुन्छ। पारिस्थितकीले प्रकृतिमा भोजनको अनुशासन निर्धारण गरेको छ। खाद्य प्रणाली अथवा खाद्य शृङ्खलाले जीवनको सन्तुलन बनाएको छ। यो एउटा व्यवस्थित प्रणाली वा अनुशासन हो।[38]वनस्पतिले सूर्यको प्रकाशबाट आफ्नो खाद्य निर्माण गर्छ जसलाई प्रकाश संश्लेषण भनिन्छ। वनस्पतिले निर्माण गरेको खाद्यमा मानिस र अन्य जीव निर्भर रहन्छ र एउटा जातिको जीव वा वनस्पति अर्को जीवका लागि आहारको रूपमा अनुक्रमित भएर बसेको हुन्छ। प्रकृतिमा ससाना पारिस्थितिकी प्रणालीहरू मिलेर वृहत्तर पारिस्थितिकी प्रणाली निर्माण हुन्छ, जसलाई जैवमण्डल वा परिवेशमण्डल भनिन्छ। प्रकृति पूर्णतः एउटा जैवमण्डल हो। यसअन्तर्गत अनेकौँ पारिस्थितिकीहरू हुन्छन्।

मोहन कोइरालाको 'ऋतु-निमन्त्रण'-मा पारिस्थितिकीको वर्णन पाइन्छ साथै यस सङ्ग्रहमा ऋतुका विभिन्न सङ्केत छन्। ऋतु काल वा समय पनि हो, परिवर्तन र जीवन पनि हो साथै पारिस्थितिकी पनि हो। काव्यात्मक दृष्टिले यसबाट अभिव्यक्त हुने व्यञ्जनाले पारिस्थितिकीको कार्यव्यापारलाई सङ्केत गरेको पाइन्छ। कविताले निश्चित अर्थको अनुभूति गराउँछ भन्ने छैन। यसबाट ध्वनित हुने प्रतीयमान अर्थ प्रकृतिको सञ्चालक शक्ति वा पारिस्थितिकी नै हो।

---

[37] ग्रेज ग्यारेट, सन् २००७, इकोक्रिटिसिजम, रुटलेज, न्यूरोर्क, पृ १३

[38] आर राजगोपालन, सन् २००७, इनभायरोन्मेन्टल एड्केसन, लन्डन अक्सफोर्ड युनिभर्सिटी प्रेस, पृ २४

कोइराला लेख्छन्-

> ऋतु जिस्क्याउन हुँदैन ऋतु अनजानमा चलाउन हुँदैन
> एक क्षणको भूल सदा सदाको विनाश बन्न सक्छ
> एकै क्षणको दोष कालकाल, अक्षम्य दोष बन्न सक्छ,
> महिना आओस् वा ऋतु आओस्
> सदा मानवको लागि आओस् वनस्पति र जीव-जिवातको लागि बनोस्
> अनजानमा नचलाऊ ऋतु विश्व ध्वस्त हुन सक्छ।
>
> (ऋतु-विचार/११)

यस कविताशंले पारिस्थितिकीय सन्तुलनको सङ्केत गरेको छ। छवटा ऋतु क्रमैले घुमेर प्रकृतिमा परिवर्तन ल्याउँछन् अनि ऋतुले आफ्नो एउटा चक्र पुरा गर्दा भौतिक समयमा एक वर्ष बितेको हुन्छ। त्यसैले ऋतु पारिस्थितिकी र समय दुवैको सङ्केत हो। मोहन कोइरालाले यस सङ्ग्रहमा पारिस्थितिकीमा खाद्यको आवश्यकताबारे र यसको शृङ्खलाबारे पनि वर्णन गरेका छन्।

'ऋतु हेमन्त'-मा उनी लेख्छन्-

> वर्षौंका रित्ता भकारी भरिने स्वप्नमा कता कता मनको आगो
> आनन्दी ज्वाला उठ्छ
> झर्ना नजिक छ भने कुन पान्थले तिर्खा खप्छ,
> जति सम्पन्न भए पनि अन्नविना बाँच्न सक्तैन सहर,
> जति चौडा जमीन भए पनि गाभो नरोपे अन्न बन्न सक्तैन
> लुगा नलाए मानिस बाँच्छ, औषधि नभए पनि बरु बाँच्छ
> माटो र अन्न नभए
> काहाँ बाँच्तछ जीव जीवात
>
> (ऋतु हेमन्त/१५)

पारिस्थितिकी जीवन चक्रको आधार हो। मानिसलाई जीवनमा अन्नको आवश्यकता पर्दछ। खाद्य प्रणालीको सन्तुलनमा सृष्टि सम्भव छ। त्यसैले माटो, पानी र अन्नको पारिस्थितिकीलाई श्रीमद्भगवद्गीताको तेस्रो अध्यायको १४औँ श्लोकमा यसरी देखाइएको छ-

अन्नाद्भवन्ति भूतानि पर्जन्यादन्नसंभवः।

यज्ञाद्भवति पर्जन्यो यज्ञः कर्मसमुद्भवः।।१४

कर्म ब्रह्मोद्भवं विद्धि ब्रह्माक्षरसमुद्भवम्।

तस्मात्सर्वगतं ब्रह्म नित्यं यज्ञे प्रतिष्ठितम्।।१५

यसको अर्थ गीतामा यसरी गरिएको छ 'सम्पूर्ण प्राणी अन्नबाट उत्पन्न हुँदछ, अन्नको उत्पति वर्षाबाट हुँदछ अनि वर्षाका लागि यज्ञ आवश्यक छ। विधिपूर्वक गरिने कार्य नै यज्ञ हो। त्यसैले कर्मलाई वेदबाट उत्पन्न र वेद अविनाशी परमात्माबाट उत्पन्न भएको हो। त्यसैले परमात्मा सदैव कर्म अनि यज्ञमा रहेको हुन्छ।'[39] यहाँ यज्ञ शब्दका विभिन्न सङ्केत छन्। अभिधा अर्थमा ब्राह्मणहरूद्वारा गरिने अग्नि संस्कार अथवा हवन भन्ने अर्थ हुन्छ। यज्ञ गर्दा धुवाँ हुन्छ, धुँवा वायुमण्डलमा गएर त्यहाँको तापमानसँग योग हुँदा पानीमा परिणत हुन्छ र वर्षा हुन्छ भन्ने पनि अर्थ निस्कन्छ। वास्तवमा यज्ञ भनेको प्रकृतिका लागि मानिसले गर्नुपर्ने कर्म हो।

सम्पूर्ण जीव अन्नबाट उत्पन्न हुन्छ अथवा उसलाई अन्नको आवश्यकता पर्छ। यसका लागि वर्षा हुनु र माटो मिलिलो हुनु आवश्यक छ अनि वर्षाका लागि मानिसले वन जङ्गलको संरक्षण गर्नुपर्छ, पर्यावरणलाई सुरक्षित राख्नुपर्छ, पारिस्थितिकीमा सन्तुलन कायम राख्नुपर्छ। औद्योगिक वा सहरीय विकासमा नियन्त्रण गरिनुपर्छ। त्यसैले यज्ञ भनेको प्रकृतिको संरक्षण हो अथवा पारिस्थितिकीको सन्तुलन हो जसका लागि मानिसले सदैव तत्पर रहनुपर्छ यो उसको कर्म हो। अर्को श्लोकमा यसरी लेखिएको छ-

एवं प्रवर्तितं चक्रं नानुवर्तयतीह यः।

अघायुरिन्द्रियारामो मोघं पार्थ स जीवति।।१६

गीतामा यसको अर्थ यसरी गरिएको छ 'जुन पुरुष यस लोक वा संसारमा परमात्माद्वारा सञ्चालित यस्तो सृष्टिचक्रको नियम पालन गर्दैन अथवा आफ्नो मनुष्य धर्म र कर्तव्यको पालन गर्दैन त्यस्तो इन्द्रियद्वारा भोग विलास गर्ने पापी पुरुषको जीवन व्यर्थ छ।'[40] वर्षा ऋतुको आगमनमा मोहन कोइराला जीवनको सम्भावना देख्छन्। कर्म देख्छन्। त्यसैले धरतीमा जीवन वा सम्पति नदेख्नेले पनि वर्षापछि त्यहाँ सम्पत्ति देख्छन्। कोइराला लेख्छन्-

जङ्गल लतामा झम्किदै झम्किदै टल्किँदै

[39] ---------, सं० २०५०, श्रीमद्भगवद्गीता, गोविन्दभवन-कार्यालय, गीताप्रेस, गोरखपुर, पृ६२

[40] ---------, सं० २०५०, श्रीमद्भगवद्गीता, पूर्ववत्, पृ६२

थोपामा माणि माणिक्यको सागर जम्न जान्छ
धरतीमा सम्पत्ति नदेखेकोले सम्पत्तिको
भकारी देखेको छ पानी आएर
कुलो काट, धेरै पानी नरोक अर्काको
खेतमा पानी जान दिने बाटो दिनुपर्छ,
अघि विरान लाग्ने ठाउँ मनमा मोती
टिप्ने कि परिश्रमका जुहार टिप्ने आलीमा
चरा चुरुङ्गी झुम्मिन लाग्छन्।

(ऋतु वर्षा/३०)

परिवेश विमर्शमा पारिस्थितिकीको धारणा मुख्य मानिन्छ। यस सिद्धान्तअनुसार कृतिमा रचनाकारले प्रकृति चिन्तन र पारिस्थितिकीको अवधारणालाई प्रस्तुत गर्दा सचेत भएर प्रयोग गरेका हुन्छन् तर मोहन कोइरालाले आफ्नो चेतनाले अनुभूत गरेका प्रकृतिप्रति गरिनुपर्ने कर्तव्यको अभिव्यक्ति दिएका छन्। 'ऋतु-निमन्त्रण' कविता सङ्ग्रह प्रकाशित हुँदा परिवेश विमर्शको धारणा थिएन, तर प्रकृति संरक्षणका परिकल्पनाहरू निर्माण भइसकेका थिए।

पहिलो र दोस्रो विश्वयुद्धले समाज, साहित्य, संस्कृति र जीवनशैलीमा नै परिवर्तन गऱ्यो। यी दुई महायुद्धमा राष्ट्रिय सम्पति सँगसँगै प्राकृतिक सम्पत्तिको पनि विनाश भयो। प्रकृतिको यस्तो भयानक संहार देखेर तत्कालीन कवि साहित्यकारहरूले प्रकृतिप्रति सचेत हुँदै, साहित्य सिर्जना गर्न थालेका सङकेतहरू देखिन्छन्। यसभन्दा अघाडि पनि विश्वसाहित्यमा प्रकृतिलाई लिएर रोमान्टिक कविहरूले साहित्य सिर्जना गरेका हुन्। तथापि त्यसमा प्रकृति सङ्कटको चेतनाभन्दा यसको वर्णन अनि प्रशंसामूलक धेर पाइन्छ तर विश्व युद्धपछि प्रकृतिलाई लिएर सिर्जना गरिएका काव्यहरूमा प्रकृतिको वर्णन प्रशंसा हुँदा हुँदै पनि प्रकृति र पर्यावरणप्रतिको सचेतता र प्रकृतिकेन्द्री धारणाहरू छन्। त्यसैले कतिपय अमेरिकी अनि अङ्ग्रेजी परिवेश विमर्शकहरूले परिवेश विमर्शको अवधारणा विश्वयुद्धको संहारपछि देखिएको सङ्केत मान्छन्। कवि थोमस हार्डीको 'इन द टाइम अफ द ब्रेकिङ अफ नेसन' (सन् १९१५) कवितामा युद्धले प्रकृतिको विनाश गरेपछि कस्तो स्थिति देखियो भन्ने विवरण गरेका छन्।

हार्डीले यो कविता सन् १९१५ मा लेखे तापनि उनीभित्र प्रकृतिप्रतिको चेत वा धारणा सन् १८७० को दशकदेखि नै उदाएको हो भन्ने कुरा पिटर बेरीले लेखेका छन्।[41]

जनजातीय समाज प्रकृति वा पारिस्थितिकीको नजिकमा रहेको मानिन्छ। उनीहरूको प्रकृतिसँग पारम्परिक वा सांस्कृतिक सम्बन्ध गहिरो मानिन्छ साथै उनीहरू प्राकृतिक सम्पदा वा प्रकृतिको कार्यप्रणालीसँग नजिकबाट परिचित हुन्छन्। उनीहरूका कार्य प्रणाली, संस्कार वा संस्कृतिमा प्रकृतिकेन्द्री विचार स्पष्ट देखिन्छ। प्राकृतिक सम्पदा र प्रकृतिको ज्ञान उनीहरूलाई परम्पराबाट प्राप्त हुँदछ। यसमा जैविक विविधताको ज्ञानसँगै वर्तमान समयमा प्रकृति वा पारिस्थितिकीमा भइरहेको सङ्कटबारे जानकारीहरू हुन्छन्। त्यसैले यसलाई पारम्परिक पारिस्थितिकीय ज्ञान अथवा ट्रेडिसनल इकोलजिकल नलेज भनिन्छ।[42]मोहन कोइरालामा यसबारे ज्ञान रहेको कुराको साक्ष्य उनका कविताले दिन्छ। उनले आफ्ना कविताहरूमा परम्परा अथवा संस्कृतिलाई नै कलात्मक रूपमा प्रस्तुत गरेका छन्। आधुनिकताको स्वर उनका कविताको मूल प्रवृत्ति भए तापनि संस्कारगत ज्ञान उनका कवितामा पसेको छ, तर यो रूढि भएर होइन त्यसको नयाँ संस्करण भएर प्रस्तुत छ। कवि लेख्छन्-

जसरी वनदेवीहरू एक्लो दोक्लो मृग छुटेको
चखेवा सिकारीको हात पर्ला गोठालो लाग्छन्,
टुक्राटुक्री बादल छुट्छन् कि शरद लागेपछि,
वर्षा ऋतुले बटुलेर लान खोज्छ,
जस्तो अर्को वर्षाको लागि बादल संचय गर्न

(ऋतुवर्षा/३७)

कवि अब सिकारीहरूबाट मृगलाई बचाउन चाहन्छ। यस कवितांशमा ‘वनदेवी’-शब्दले पारिस्थितिकीको सङ्केत गरेको छ। प्रकृतिले पारिस्थितिकीमा सन्तुलन बनाउनका लागि चमत्कारी ढङ्गमा यस चक्रलाई चलाइरहेको हुन्छ जसलाई बुझ्न मानिसको बुद्धिले सक्तैन। मानिसले पारिस्थितिकीलाई अनुभव गर्न सक्छ, यसको प्रकार्यलाई भौतिक रूपमा देख्न सक्तैन, यद्यपि ऊ यसको सहयोगी बन्न सक्छ, किनभने ऊ स्वयं पनि यस व्यवस्थाको एउटा निकाय हो। कविले यस कवितांशद्वारा ऋतुले बटुलेर अथवा संचयका लागि लगेको बादलको प्रतीकबाट पारिस्थितिकीय प्रणालीको सङ्केत गरेका हुन्।

[41] पिटर बेरी, सन् २००८, बिगिनिङ थियोरी, विभा बुक्स प्राइभेट लिमिटेट, पृष्ठ.२६५
[42] पीएस रामाकृष्णन्, सन् २००१, इकोलजी एन्ड ससटेनेबल डेभल्पमेन्ट, नेसनल बुक ट्रस्ट, इन्डिया, पृ २४

प्रकृतिको भौतिक र दार्शनिक व्याख्या गर्न कठिन छ। विज्ञानले प्रकृतिलाई वैज्ञानिक दृष्टिकोणबाट जति व्याख्या गरेको छ त्यसभन्दा अझ व्यापक रूपमा यसको व्याख्या सम्भव छ। “वेदान्तअनुसार प्रकति माया हो। वल्लभाचार्यले प्रकृतिरूपी मायालाई दुई भागमा छुट्ट्याई एउटालाई जड-प्रकृति र अर्कालाई परमेश्वरीय मायायुक्त प्रकृतिको नाम दिएका छन्। माधव सम्प्रदायले यी दुई भागलाई चित्-प्रकृति र जड-प्रकृतिको नाम दिएको छ तर शङ्कराचार्यको मतमा चित् (सत्य) त ब्रह्म मात्र हो, प्रकृति र मानिस दुवै मिथ्या हुन्। श्रीमद्भगवद्गीताले प्रकृतिलाई क्षर र अक्षर दुई भेदमा स्वीकार गरेको छ। क्षर भूमि, जल, अग्नि, वायु हुन् भने अक्षर प्रकृति-जीव हो।”[43] भनेर भैरव अर्यालले प्रकृतिको दार्शनिक व्याख्याको सारांश प्रस्तुत गरेका छन्। दर्शनले भौतिक पदार्थ वा तत्त्वलाई माया वा असत्य ठाने पनि विज्ञानले यसलाई सत्य मान्छ। त्यसैले एकपक्षले दर्शनमा व्याख्या भएको प्रकृतिको प्रतिविम्ब रूप नै भौतिक प्रकृति हो भनेका छन्। काव्य रसलाई ब्रह्मको आनन्दको सहोदर मानेर आचार्यहरूले आनन्दको गुण र रसको गुणलाई एकै मानेका छन् उसरी नै भौतिक प्रकृतिको गुण र पराभौतिक प्रकृतिको गुण एकै हो भन्न सकिन्छ। मोहन कोइरालाले चिद् प्रकृति र मायारूपि प्रकृति अर्थ तात्त्विक दृष्टिबाट देखिएको सत्य प्रकृतिको सन्तुलन यसरी देखाएका छन्-

> विरह उपवन बन्छ जब अङ्गमा वसन्त सुन्दरता चढ्छ
> नछोऊ हे पारख नहुनेहरू
> चुँड्न सक्छ नाजुक सारङ्गी यो
> नफुक शिखामा आफ्नै आभा खेल्छ मैनबत्तीको
> धेरै पर नजाऊ पाउमा संगीत बाँधेकी छ नर्तकीले
>
> (वसन्त/२३)

वसन्तले दिने सुन्दरताको शक्ति यहाँ आन्तरिक प्रकृतिको सङ्केत हो जसका सत्, चिद्, आनन्द, अनन्त, अद्वैत, प्रेम, जीवन, सुन्दर र साकारजस्ता गुणहरू हुन्छन् अनि त्यसैको शक्तिले विरह अर्थात् मायारूपी प्रकृति बन्छ, अझ गम्भीर चिन्तनका साथ कविले मैनबत्तीको शिखा र आभालाई आन्तरिक प्रकृति र मैनबत्तीलाई माया प्रकृतिको सङ्केतका रूपमा प्रस्तुत गरेका छन्। त्यो शिखा प्रज्वलित हुनका लागि

[43] भैरव अर्याल, सन् १९७३, नेपाली काव्यमा प्रकृति, पूर्ववत्, पृ ७

मैनबत्तीको आवश्यकता छ। त्यसैले कवि भन्छन् आन्तिरक प्रकृति र माया प्रकृतिको व्याख्यामा अझ टाढा गए सबै माया देखिन्छ किनभने नर्तकी र सङ्गीतको भेद गर्न गाह्रो हुन्छ।

पारिस्थितिकी एउटा सामान्य शब्द हो तर यसको अध्ययन, चिन्तन र विमर्श विज्ञानमा धेरै महत्त्वपूर्ण छ। त्यसैले साहित्यको वर्तमान स्थितिमा पारिस्थितिकीको छुट्टै अवकास बनेको देखिन्छ। साहित्य सदैव आनन्द र जगत् कल्याणहेतु सिर्जना गरिने कला भएको हुनाले पारिस्थितिकीय दृष्टिकोण यहाँ पनि उत्तिकै महत्त्वपूर्ण ठहरिन्छ।

साहित्यलाई अध्ययन गरिने दुई दृष्टिकोणहरू छन्। पहिलो विषयगत र दोस्रो वस्तुगत। वर्तमान स्थितिमा साहित्य नितान्त वस्तुगत बन्दै गइरहेको छ। साहित्यमा उत्तरआधुनिकतावादको प्रवेश सँगसँगै विविध आयाम र दृष्टिभङ्गीहरू देखा परेका छन्। यसले साहित्यलाई वस्तुगत रूपमा अध्ययन गर्ने आग्रह गर्दछ। साहित्यको वास्तविक अभिप्राय पाठकलाई आनन्द प्रदान गर्नु नै हो तर जनकल्याण पनि गौण भने होइन। मोहन कोइरालाले यस विषयलाई उचित ढङ्गमा आफ्नो यस सङ्ग्रहका कवितामा प्रयोग गरेका छन्। उनी लेख्छन्-

शान्तिभन्दा शक्तिशाली अस्त्र अरू क्यै छैन
शान्तिभन्दा तर अमृत कुनै कलशमा राखेको हुँदैन,
शान्तिभन्दा नशालु द्रव्य कुनै भट्टीमा संचित छैन,
यो सब ऋतुको कारणबाट हुन्छ,
...........
अरू पदार्थमा सार छैन, कतै अरू पदार्थमा शान्ति छैन
त्यो शान्त ऋतुमा प्राप्त हुन्छ, त्यो शान्तिमा प्राप्त हुन्छ।

('ऋतु-निमन्त्रण'/१३)

पारिस्थितिकी अथवा इकोलजी शब्दको प्रयोग सबैभन्दा पहिले जर्मनीका जीववैज्ञानी अर्नेस्ट हेकलले सन् १८५९ मा आफ्नो पुस्तक 'जेनेरल मर्फोलजी दियर अर्गेनिज्मेन'-मा गरेका थिए।[44] पारिस्थितिकीलाई विषयगत रूपले दर्शन र साहित्यमा धेरै अघिदेखि नै अध्ययन गर्दै आएको प्रमाण प्राचीन ग्रन्थहरूमा पाइन्छ। उपर्युक्त पद्यांशमा कविले विश्वमा भइरहेको अशान्ति त्रास र भयका कारणले मानिसमा शान्ति

[44] सविन्द्र सिंह, सन् २००८, इनभायरन्मेन्टल जियोग्रफी, प्रयाग पुस्तक भवन, अलहाबाद, पृ ४७

छैन चारैतिर अशान्तिको परिवेश छ भन्ने सङकेत गरिएको छ, तर शान्ति केवल ऋतुमा छ भन्ने उनको विचार छ। यहाँ ऋतु पारिस्थितिकीको र पारिस्थितिकी परिवर्तनको सङ्केत बनेको छ। समाज, राष्ट्र वा विश्वमा वैचारिक परिवर्तन आएन भने शान्तिको कल्पना गर्न सकिँदैन। त्यसैले वैचारिक परिवर्तनले नै शान्ति ल्याउँछ अथवा ऋतु वा प्रकृतिमा सन्तुलन छैन भने अशान्ति भइरहन्छ भन्ने कथन यस पद्याशंमा देखिन्छ।

पारम्परिक अर्थमा पारिस्थितिकी सजीव वस्तु र यसको पर्यावरणसँग सम्बन्धबारे अध्ययन गर्ने वैज्ञानिक दृष्टिकोण हो।[45]तर पारिस्थितिकीको अर्थ यतिमा नै सीमित हुँदैन। यो एउटा व्यापक शक्ति हो। यसले क्षेत्रीयदेखि लिएर वैश्विक समस्याहरूसँगै भौतिक जगत् र आभ्यान्तिरक जगत्सम्मको अनुसन्धान गर्छ। आज यो पर्यावरणवाद र दर्शनको एउटा महत्त्वपूर्ण विषय बनेको छ।[46] वास्तवमा प्रकृति स्वतः आफ्नो कार्य गर्दछ। प्रकृतिमा निहित उसको प्रकार्यगत शक्तिले यो कार्य सञ्चालन हुँदछ जसलाई महर्षिहरूले आपः भनेका छन्। प्रकृतिविज्ञानमा यसलाई स्थिरता भनिन्छ।[47] स्थिरता भनेको जड होइन। यो गतिशीलताको सूक्ष्म रूप हो। भौतिक आँखाले पहाड पर्वत, वनस्पति स्थिर देखिन्छ तर वास्तवमा यो गतिमान हुन्छ। 'हेमन्त ऋतु'-मा कोइराला लेख्छन्-

रथमा कमाना बोकेर अन्नपूर्ण आएको छ
धरतीमा टेक्न,
कुन बाला बाँकी छ भने रंगाउन यस ऋतुको काम हो
पहेंलो ब्रुस थप्नपर्छ,

(हेमन्त ऋतु/१४)

भौतिक रूपले ऋतुहरू आएका र गएका देखिन्छन् तर यसले प्रक्रियाले कसरी कार्य गरिरहेको हुन्छ त्यो खुट्ट्याउन गाह्रो कार्य हो। आज देखिएका साना पालुवामा कसरी पहेंलो, रातो रङ्ग चढ्दै जान्छ। त्यस गतिलाई भौतिक आँखाले देख्न सकिँदैन। यही प्रकृतिको पारिस्थितिकीय शक्ति हो। मोहन कोइरालाले प्रकृतिलाई विषयगत र वस्तुगत दुवै रूपमा प्रस्तुत गरेका छन् यद्यपि पारस्थितिकी विषयगत रूपमा अभिव्यक्त भएको पाइन्छ।

[45] सविन्द्र कुमार, सन् २००८, पूर्ववत्, पृ४७
[46] एस एन पान्डे र एस पी मिस्रा, सन् २०११, इनभायरन्मेन्ट एन्ड इकोलजी, एनी बुक्स प्रा.ली., मुम्बई, पृ १३
[47] पीएस रामाशङ्कर, सन् २००१, इकोलजी एन्ड सस्टेनेबल डेभलप्मेन्ट, नेसनल बुक्स ट्रस्ट इन्डिया, नयाँ दिल्ली, पृ ३

लोकबाट लोक गीत, लोक नृत्य, लोक कथा आदि विस्तारै लोप हुँदै गइरहेका छन् जसले प्राकृतिक पारिस्थितिकीसँगै मानवीय पारिस्थितिकीमा पनि प्रभाव परेको देखिन्छ। जिउने प्रक्रिया अथवा जीवनको पनि आफ्नो रीति-व्यवहार र आफ्नो ऋतुचर्या थियो, यस्ता ऋतुचर्याहरूको आधार जातिको चिर-संचित अनुभवमा आधारित थियो ती सबै नष्ट भएर गइरहेका छन्।[48] यी सबै थोक पारस्थितिकीमा आएको असन्तुलन र मानवीय जीवनशैलीमा आएको परिवर्तनले गर्दा हो। 'शरद'-मा कवि लेख्छन्-

चाडपर्वको मेला लाग्दा फूलमा सौम्यता
चढेको पाउँदा
गरीबहरू पनि धनवान्का सरह लुगा लाएर
जैले विश्वमा झिकिक्काउ पर्छन्
मानव चाड-त्यति हो
सजिलो गाँस जैले मुखमा पर्छ चाडबाड त्यही हो।

(शरद् ऋतु/३५)

संस्कृति र चाडपर्व भन्ने आज मोज मस्तीमा नै सीमित रहेको छ। यसको गरिमा र औचित्य विपरीत मानिसहरू खान लाउनको पछाडि दगुरेका छन्। मानिसको जीवनशैलीमा आएको परिवर्तन र प्रकृतिलाई प्राथमिकता नदिनाको कारणले संस्कृतिमा परिवर्तन आइरहेको छ जब मानिसले प्रकृति र पारिस्थितिकीलाई दोस्रो दर्जामा राख्दछ तब उसको संस्कृति र सभ्यता अन्त हुने दिशातिर जाँदछ। पारिस्थितिकीबारे विषयगत रूपमा 'ऋतु-शिशिर'-कवितामा वर्णन गरिएको छ। कवि लेख्छन्-

जति तातो खोजे पनि घाम र जूनमा समानता छ
समय पात त हो भेट्नुबाट फत्रक्क खस्छ,
सुख भए पो आउँदा आलटाल र ढिलढाल हुन्छ,
भाका दिए पनि दुख भाका अघि नै दैलोमा
आगमन हुन्छ, एकै माघले जाडो जाँदैन
रहेछ, एकै जोर लुगाले जीवन फाट्दैन रहेछ,
त्यस्तै एकै सुखले दुख सकिने रहेनछ।

[48] के वनजा, सन् २०११, पूर्ववत्, पृ४०

(ऋतु शिशिर/१८)

यस कवितांशमा पारिस्थितिकीको विषयगत वर्णन छ। परिवर्तन अथवा गतिमान हुनुमा नै नयाँ विषयको सम्भावना छ। कुनै पनि वस्तु एकै स्थिति र कालमा बसिरहन सक्तैन। पारिस्थितिकी प्राकृतिक शक्ति भएको हुनाले यसको चक्र व्यवस्थित र सन्तुलित ढङ्गमा स्वतः चलिरहन्छ तर मानवीय हस्तक्षेपले यस प्रणालीमा सङ्कटको स्थिति सिर्जना भएको छ। अतः मोहन कोइरालाका यस कविता सङ्ग्रहका कवितामा पारिस्थितिकी विषयगत ढङ्गमा प्रस्तुत भएको छ। ऋतु स्वयं पनि पारिस्थितिकीको द्योतक हो।

### ४.४ 'ऋतु-निमन्त्रण' कविता सङ्ग्रह र गहन पारिस्थितिकी

गहन पारिस्थितिकी परिवेश दर्शनशास्त्रभित्र पर्ने महत्त्वपूर्ण सङ्कथन हो। यसलाई अङ्ग्रेजीमा 'डिप इकोलजी' भनिन्छ। 'डिप इकोलजी' शब्द सर्वप्रथम नर्वेका दार्शनिक आर्ने नासले सन् १९७३ मा 'द स्यालो एन्ड द डिप, लङ -रेन्ज इकोलजी मुभमेन्ट' भन्ने लेखमा चलाएको थाहा पाइन्छ।[49] गहन पारिस्थितिकीले प्रकृतिलाई प्रकृतिकै दृष्टिले व्याख्या गर्छ अथवा यसलाई ब्रम्हाण्डीय एकत्वको रूपमा हेर्छ। गहन पारिस्थितिकी एसियाली धार्मिक आस्थाको दृष्टिकोणबाट हुर्केको विद्वान्हरू मान्छन्। आर्ने नास र उनका दुई शिक्षक मित्रहरू सिग्मन्ड काभलोय अनि निल्स फारलुन्डको परिचर्चापछि गहन पारिस्थितिकीय अवधारणाको जन्म भएको देखिन्छ। उनीहरू हिमालय क्षेत्रको भ्रमणमा निस्किएका समय एकजना शेर्पालाई पथ निर्देशकको रूपमा भेटेका हुन्छन्। हिमालय क्षेत्रको भ्रमण गर्दै जाँदा त्यस शेर्पाले विभिन्न पहाड, पर्वत खोला-नालामा उनीहरूका धार्मिक आस्था रहेको र ती पहाड पर्वतलाई हानी पुऱ्याउनु हुँदैन भन्ने विश्वास र आस्थामा आधारित पहाडी संस्कृतिबारे जानकारी दिन्छ। आर्ने नासले शेर्पा र आफू लगायत दुई मित्रहरूका प्रकृतिप्रतिको दृष्टिकोणलाई तुलना गर्दा शेर्पाको प्रकृतिप्रतिको धारणा स्तरीय लाग्छ अनि त्यसबाट प्रभावित भएर पर्यावरण नीतिअन्तर्गत डिप इकोलजीको धारणा प्रतिपादन गरेका हुन् भन्ने विद्वान्हरूको विचार देखिन्छ।[50] त्यसैले पहाडी अथवा नेपाली संस्कृतिअन्तर्गत पर्ने प्रकृति पूजा र वन-जङ्गललाई देवी-देवताको रूप मान्ने परम्पराबाटै गहन पारिस्थितिकीको अवधारणा जन्मिएको हो भन्न सकिन्छ।

[49] आर्ने नास, डिप इकोलजी एन्ड सेलो इकोलजी- ए कम्पेरेटिभ स्टडी, *religioandecology.org, 15th march, 2012,* 2:30 PM

[50] प्रिन्सिपलस अफ इन-भाय्-रोन्-मेन्टल इथिक्स, इ अरुमुगम, स्वरूप बुक पब्लिसर प्रा.लि., नयाँ दिल्ली, सन् २००८ पृ १९

मानिस प्रकृतिदेखि पृथक् नभएर प्रकृतिको अंश हो भन्ने गहन पारिस्थितिकीको केन्द्रीय धारणा छ तर यो धारणा मानिसको वैयक्तिकतावादसँग व्यतिरेक देखिन्छ जहाँ एकातिर प्रकृतिदेखि पृथक् ठान्दै प्रकृतिमा के भइरहेछ भन्ने चिन्तादेखि मुक्त रहेर व्यक्तिगत स्वार्थमा लिप्त रहने मानव संस्कृति छ भने अर्कातिर गहन पारिस्थितिकीजस्तो धारणाको विकास गर्ने समूह पनि देखिन्छन्। यसलाई विद्वान्हरू तेस्रो विश्वको ठुलो बिडम्बना मान्छन्। गहन पारिस्थितिकी प्राकृतिक सङ्कट र समस्यालाई हेर्ने आध्यात्मिक दृष्टिकोण हो। यसले भावना, आध्यात्मिकता अनि कर्तव्यलाई साथमा लिएर कार्य गर्दछ। वैयक्तिकतावादको सीमालाई भत्काएर प्रकृतिकेन्द्री धारणालाई प्रेरणा दिँदछ साथै जीवनसँग गहिरो सम्बन्ध स्थापना गरेर पारिस्थितिकी प्रणालीमा अंश ग्रहण मात्रै नभएर मुख्य भूमिका निर्वाह गर्ने आग्रह गर्दछ।[51]

पारिस्थितिकीमा स्थूल प्रकृतिको पारिस्थितिकीय व्यवस्थाको अध्ययन गरिन्छ। यहाँ 'गहन' विशेषण जोडेर बनाइएको पारिस्थितिकी शब्दले स्थूलदेखि सूक्ष्म पारिस्थितिकी व्यवस्थाको अध्ययन गरिनु अथवा पारिस्थितिकीको गहिरो अध्ययन गर्नु भन्ने सङ्केत गरेको बुझिन्छ। पारिस्थितिकीअनुसार एउटै शृङ्खलामा मानव र मानवेतर प्राणीहरू एका-अर्कामा निर्भर रहेर घुमिरहेका हुन्छन्, साथै तिनीहरूका खाद्य शृङ्खला र सांस्कृतिक व्यवस्थाको सामञ्जस्यले पृथ्वी सञ्चालित भएको पारिस्थितिकी वैज्ञानिकहरू मान्दछन्। गहन पारिस्थितिकीका अध्ययेताहरू अझ सूक्ष्म तहमा गएर मानव र प्रकृति किन एका-अर्कामा निर्भर रहनु आवश्यक छ, कुन र कस्ता ऊर्जाले यी व्यवस्थालाई सन्तुलित पारेको छ, कस्ता आधारमा पारिस्थितिकी व्यवस्थाको निर्माण भएको छ र यसको संरचनालाई कसरी अध्ययन गर्न सकिन्छ भन्ने तथ्यहरूको अध्ययन गर्छन्।

बाँझो भूमिप्रति ध्यान आकर्षित गराउनु गहन पारिस्थितिकीको अर्को मूल चरित्र हो। बन्जर भूमिहरू, मानिसलाई जैवकेन्द्री धारणासँग परिचित गराएर प्रकृतिको आदर्शप्रति भित्रैबाट सचेत बनाउनका लागि कुनै एउटा व्यवस्थाले बनाएका योजना हुन् भन्ने कतिपय पारिस्थितिकी अध्येताहरू मान्छन्। त्यसैले प्रकृतिलाई अप्रतिष्ठित गराउने मानवीय प्रयासको मूल स्रोत नै नृकेन्द्री धारणा हो भन्ने विषयमा गहन पारस्थितिकीविद्हरू एकमत छन्।[52] सन् १९७३ मा नर्वेली दार्शनिक आर्ने नासले यस्तै धारणाहरूको अध्ययन गरेर प्रदूषण र प्राकृतिक सम्पदाको रित्याइ विरुद्ध 'डिप इकोलजी मुभमेन्ट' अर्थात्

---

[51] *religioandecology.org/2013/9:40 PM*

[52] *religioandecology.org/2013/9:40 pm*

गहन पारिस्थितिकी आन्दोलन सुरु गरेका थिए। वैयक्तिकताको भावना अथवा पृथक्ताको सोचलाई हटाएर प्रकृतिकेन्द्री ज्ञानको विकास गर्नु यसको मूल उद्देश्य थियो। आफैलाई विवेकशील र प्रकृतिमा राज्य गर्नसक्ने प्राणीका ठान्ने अहंकारलाई गहन पारिस्थितिकीले स्वीकार गर्दैन। गहन पारिस्थितिकीले सदैव मानिस प्रकृतिको स्थूल अनि सूक्ष्म पारिस्थितिकीभित्र हुन्छ भन्ने बोधलाई स्थापित गर्न चाहन्छ।[53]

प्रकृति अनि पर्यावरण मानवीय समाजका अभिन्न अङ्ग हुन् अनि यिनको सुरक्षाको उत्तरदायित्व मानव समाजले लिनुपर्छ साथै प्रकृति मानव समाजदेखि पृथक् छैन भन्ने आर्ने नासको मुख्य वक्तव्य छ। मूलतः प्रकृति मानव अनि मानवेतर सबै वस्तुका लागि महत्त्वपूर्ण तत्त्व हो तर आधुनिक तथा उत्तरआधुनिक नागरिक सभ्यताको उच्च जीवन शैलीले यस सत्यलाई धमिल्याइरहेको छ। अर्कातिर प्रकृतिलाई आफ्नो घर र सभ्यता ठान्ने अफ्रिका अनि अन्य देशहरूका जनजाति र भारतीय मूलका आदिवासीहरूले यस सत्यलाई जोगाएर राखेका छन्। उनीहरू बाँच्नका लागि प्रकृतिमै आश्रित हुनुपर्दछ। वन-जङ्गल छोडेर सहरको परिवेश वा सभ्यतामा समन्वित हुन अफ्रिकी आदिवासीहरूलाई कठिन मात्र होइन प्रायः असम्भव नै हुँदछ। त्यसैले मानवीय समाजका लागि प्रकृति कति अनिवार्य छ त्यो यस तथ्यबाट अनुमान गर्न सकिन्छ।

मानिस हरेक कार्य आफैले पूर्ण गरेको ठान्दछ। ऊ सृष्टिका सारा थोक मान्छेकै उपभोगका लागि बनेका हुन् भन्ने ठान्दै आफैलाई सर्वस्व अनि महानिरीक्षक मान्दछ। त्यसैले आफैलाई केन्द्रमा राखेर प्रकृति अनि मानवेतर वस्तुलाई किनारीकरण गर्ने नृकेन्द्री प्रवृत्ति र व्यष्टिवाद, उसको वंशानुगत संस्कार बनेको छ। प्रकृतिको सहभागिताबिना कुनै पनि कार्य सुगठित ढङ्गमा सञ्चालन हुन सक्तैन भन्ने सत्यसँग अवगत हुँदाहुँदै पनि मानवले प्रकृतिलाई नियन्त्रण गर्ने असफल प्रयास गरिरहेको छ। अतः प्रकृतिमा अनेकौँ विपद अनि सङ्कटले महाविनाशकारी रूप लिइरहेको छ। त्यसैले अब प्रकृतिको संरक्षण साथै पर्यावरणलाई सन्तुलित बनाउनका लागि मानवीय सम्वेदना साथै भावनामा परिवर्तन आउनु आवश्यक छ जसका लागि मान्छेले "म" -बाट निस्किएर "हामी"-मा आउने प्रयास गर्नुपर्दछ भन्ने गहन पारिस्थितिकीको मान्यता देखिन्छ।

गहन पारिस्थितिकीका प्रवक्ता हूलले मान्छे प्रकृतिको अंश हो भन्ने तथ्यलाई निरीक्षण गर्ने दुईवटा दृष्टिकोण अघि राखेका छन्। पहिलो 'व्यवस्था सिद्धान्त' अथवा सिस्टम् थियोरी दोस्रो 'गाया

[53] प्रिन्सिपलm अफ इन-भाय्-रोन्-मेन्टल एथिक्स, पूर्ववत्, पृष्ठ.२०

अनुकल्पना' अथवा गाया हाइपोथेसिस।[54] व्यवस्था सिद्धान्तअन्तर्गत पृथ्वीलाई निकायको रूपमा हेरिन्छ। यसभित्र पनि अरू थुप्रै व्यवस्थाहरू पूर्ण र स्वतन्त्र रूपले सङ्गठित भएका हुन्छन्। पृथ्वीभित्र अरू निकायहरू स्वतन्त्र रूपले सङ्गठित भए तापनि पृथ्वी स्वयं भने अर्को वृहत् निकायको अंश मात्रै हो। एउटा कोशिकाभित्र अनेकौँ सूक्ष्म कोशिकाहरू हुन्छन् तर कोशिका पनि अर्को बृहत्तर व्यवस्थाभित्रको नाभिक बिन्दु वा केन्द्रकको सानो अंश मात्र हो। अर्थात्, एउटा सुन्तलाभित्रका केस्राहरू आफैमा पूर्ण हुँदाहुँदै पनि एउटा सिङ्गो सुन्तलाको बृहत्तर एकाइको अंशका रूपमा रहेको हुन्छ। त्यसरी नै मान्छले पनि विभिन्न व्यवस्थाहरू, जस्तै- समाज, साहित्य, संस्कृति आदिलाई लिएर बसेको हुन्छ, तर मान्छे स्वयं भने प्राकृतिक व्यवस्थाको सानो अंश मात्रै हो।

गाया अनुकल्पनाअन्तर्गत व्यवस्था सिद्धान्तलाई नै अघि बढाएर यस सिद्धान्तलाई ब्रम्हाण्डकै सन्दर्भमा प्रयोग गरिन्छ। यसअन्तर्गत प्रकृतिमा भएको सम्पूर्ण अस्तित्व वा सत्ता अर्को वृहत्तम् अलौकिक महानिकायका अंश हो। प्राचीन ग्रिसेली परम्परामा गाया भन्नाले प्रकृति सञ्चालित पृथ्वीका देवी-देवता भन्ने बुझिन्थ्यो। जैव व्यवस्थामा आफैलाई प्रकृतिसँग सन्तुलित बनाई राख्ने प्रवृत्ति हुँदछ। यस व्यवस्थाले कालअनुरूप आफ्नो संरचनालाई स्वाभाविक विकास गर्दछ। वैज्ञानिकहरूले अनुसन्धानबाट प्रकृतिमा पनि यसप्रकारको प्रवृत्ति हुन्छ भन्ने निष्कर्ष निकालेका छन्[55] जसअनुसार प्रकृतिले आफैमा सन्तुलन कायम राख्न अक्सिजनको मात्रा, तापमान, ऋतु परिवर्तन आदिलाई व्यवस्थित प्रकारले सञ्चालन गर्छ। फलस्वरूप मानव शरीरले पनि शारीरिक तापमान, प्राणवायु आदिलाई धमनीद्वारा सन्तुलित बनाइराख्छ। यो मानवद्वारा नैसर्गिक रूपमा गरिने प्रकृतिको अनुकृति हो। प्रदूषित पर्यावरण, प्राकृतिक सम्पदाको विनाशजस्ता गम्भीर समस्याप्रति चिन्ता व्यक्त गर्ने गहन पारिस्थितिकी मूलतः आध्यात्मिक दृष्टिकोणमा आधारित छ। त्यसैले यसलाई डिप इकोलजीसँगै होलिस्टिक इकोलजी अर्थात् सामाग्रिक पारिस्थितिकी पनि भनिन्छ। यस सिद्धान्तले भावना, अभौतिकता, अनि कर्मद्वारा प्रकृतिको समस्यालाई समाधान गर्ने प्रयत्न गरिन्छ साथै व्यष्टिवाददेखि समष्टिवादतर्फको विस्तारतालाई प्रोत्साहान पनि दिन्छ।

प्रकृति र मानवलाई छुट्ट्याएर हेर्ने इतिहास धेरै पुरानो हो। प्रकृति लेखकहरू प्रागैतिहासिक काल र प्राचीन इसाई संस्कृतिसम्म गएर यसको कारण पत्तो लगाउने प्रयास गर्छन्, किनभने औद्योगिक पुँजीवाद सबैभन्दा पहिले युरोपबाट सुरु भयो अनि यो उपनिवेशको रूपमा फैलिएर गयो। परिवेश-दर्शनले

[54] www.deepecology.org/2012/ 7:20 pm

[55] Gaiatheory.org/2012/8:00 PM

प्रकृति र मानवलाई द्वैतरूपमा विभाजन गर्ने कारणको निर्क्योल गर्दछ। द्वैतवाद विपरीत अद्वैतवादले प्रकृति अनि यसको सृष्टिकर्ता एउटै तत्त्व हो विश्वास गर्दछ। लेयन वाइट जुनियरको विवादास्पद लेख 'द हिस्टोरिकल रुट्स अव् आवर इकोलोजिकल क्राइसिस'-मा उनले इसाई धर्मग्रन्थ बाइबललाई दोषपूर्ण आदर्शको छवि प्रस्तुत गर्ने पुस्तक मानेका छन्। 'ईश्वरले मानिसको सुविधा र भोग गर्न प्रकृतिको सृष्टि गरे। प्रकृतिमा भएका सम्पूर्ण पशु प्राणी, वनस्पति मानिसको उपभोगका लागि बनाइदिएका हुन्। मानिस ईश्वरको प्रतिमूर्ति हो' भन्ने बाइबलको पहिलो अध्याय 'उत्पत्ति'-को वचनका आधारमा पर्यावरण प्रदूषणको दोष इसाई समाजलाई लगाएका छन्।

वाइटको विचारअनुसार बाइबलको यो वचन जैवकेन्द्रीभन्दा ज्यादा नृकेन्द्री विचारमा आधारित छ। वास्तवमा मानव प्रकृतिको केन्द्र होइन। वस्तुतः समस्त जीव, प्राणी वा मानिसको केन्द्र प्रकृति हो। यी सबै बृहत् प्रकृतिका ससाना उपकरणहरू हुन्। प्रकृतिको नियन्त्रणले नै मानव जीवन सञ्चार भएको हुन्छ। त्यसैले मानवकेन्द्री धारणा प्रकृति लेखनको विपरीत देखिन्छ। यसप्रकारको धारणाले मानिस प्रकृतिदेखि भिन्न छ भन्ने बुझाउँदछ। अतः मानिसमा सर्वशक्तिमानको अहम् उजागर गरी उनमा प्रकृतिको नियम विरूद्ध गएर कार्य गर्न प्रेरित गर्छ भन्ने उनको विचार देखिन्छ।[56]

दुई-चार दशकदेखि पर्यावरणप्रति चिन्तित हुने पाश्चात्य देशका विद्वान्हरूभन्दा हजारौँ वर्षअघिका वैदिक ऋषिमुनिहरू प्रकृतिप्रति अधिक सचेत थिए। सामाजिक, सांस्कृति, धार्मिक, आर्थिक सबै प्रकारका विषयका लागि उनीहरू प्रकृतिमाथि आश्रित रहन्थे। तत्कालीन साहित्यमा प्रकृतिप्रति प्रेम, सम्मान र संरक्षणको भावका साथै पारिस्थितिक प्रणालीमाथि विशेष आस्था रहेको देखिन्छ। हजारौँ वर्षअघि लेखिएका वैदिक ग्रन्थहरूमा प्रकृति नै मुख्य विषय रहेको पाइन्छ। प्रकृतिबारे मानिसमा हुनुपर्ने सचेतता अनि यसको महत्त्वलाई वैदिक वाङ्मयमा यथेष्ट सूक्ष्म रूपमा चिन्तन गरिएको पाइन्छ।

वैदिक परम्परा अथवा हिन्दु जीवन शैलीमा प्रकृतिलाई ठुलो महत्त्व दिइन्छ। हिन्दु तथा भारतका जनजातीय संस्कृति र लोकविशवासमा पर्यावरण र प्रकृतिको संरक्षण गर्नुपर्ने धारणा प्राचीन कालदेखि चलिआएको पाइन्छ। प्रागैतिहासिक कालदेखि नै ऋषि-महर्षिहरू तथा प्रकृति-पूजन अरू जनजातिमा मानिसहरूले प्रकृतिलाई पूज्य र वन्दनीय मानेर त्यसको रक्षा गर्दै आइरहेका थिए। अतः वैदिक संस्कारमा

[56] लेन वाइट जु. आर, सन् १९९६, द हिस्टोरिकल रुट्स अफ् आवर इकोलजिकल क्राइसिस, चेरिल गटफेल्टी अनि हार्लोड फोर्म (सम्पा), द इकोक्रिटिसिज्म रिडर लेन्डमार्क्स इन लिटेरेरी इकोलजी, द युनिभर्सिटी अफ् जर्जिया प्रेस, लन्डन, पृ९

प्रकृति पूजनलाई सर्वाधिक महत्त्व दिइएको छ। मानवले मानवेतर वस्तुहरू साथै खोला-नाला वन-जङ्गल आदिसँग समन्वय राखेर नियमित रूपले सृष्टि सञ्चालनमा प्रकृतिलाई सहयोग गरिरहेको हुन्छ।

पृथ्वीलाई आमाको स्थानमा राखेर पूजा गरिने हुनाले घर, मन्दिर वा कुनै पनि मठ आदि निर्माण गर्नअघि धरतीको पूजा गरिन्छ जसलाई भूमिपूजन भनिन्छ। घर, मन्दिर आदि बनाउँदा पृथ्वीलाई लाग्ने चोट वा उसमाथि हुने हिंसात्मक कार्यका लागि क्षमा माग्न भूमिपूजन गरिन्छ। यसले प्रकृति अनि मानवको आन्तरिक भावनात्मक सम्बन्धमाथि प्रकाश पार्दछ। यसरी गहन पारिस्थितिक दृष्टिकोणबाट पर्यावरण,मानव अनि साहित्यको गहन अध्ययन गरिन्छ। परिवेश-विमर्शात्मक दृष्टिकोणले गरिने साहित्यावलोकनमा गहन पारिस्थितिकी पनि एउटा महत्त्वपूर्ण अंश हो।

मोहन कोइरालाले 'ऋतुनिमन्त्रण'-मा प्रकृतिको विषयगत रूपलाई तत्त्वगत आयामभित्र राखेर प्रस्तुत गरेका छन्। प्रकृतिमा हुने क्रिया-प्रक्रिया एउटा छुट्टै शक्ति हो, जसले प्रकृति स्वयं-लाई वाह्य र आन्तरिक ढङ्गमा सञ्चालित गरिरहेको हुन्छ भन्ने कुरा कविले यसरी देखाउँछन्-

पशु पक्षीलाई आगामी समय कसैले भन्न पर्दैन
पशु पक्षीलाई आगामी ऋतु कसैले किट्न पर्दैन,
कुन मैह्ना कुन वन अनुकूल बन्छ, कुन स्यौला कुन मैनामा
झपक्क बन्छ,
खोलाको पानी मिठो हुने समय, कुवाको पानी भुल्का उठ्ने समय
ताल तलैयाहरू कुन महिना कञ्चन निष्कलङ्क हुन्छ पैले नै ज्ञान गर्छ
शरीर शृपिहरू काँचुली कुन ऋतुमा बदल्छन्
चरा कुन ऋतुमा प्वाँख फेर्छन्, रज्जु भएर
आउने ऋतु कुन भाका गाउँछ चरी, कुन वन हो त्यो पुग्ने,
गएको ऋतु कुन भाका रुन्छ चरी,
अथवा पहरो खोपेर बनाउनेलाई कुन समय उपयुक्त छ।
अथवा लहरा खोपेर बनाउनेलाई कुन वेला अनुपयुक्त छ।
कसैले सिकाउन पर्दैन कमिला पर्यन्तलाई कार्य गर्न
मानो समयका भावहरू सबैलाई थाहा छ

('ऋतु-निमन्त्रण'/४)

उपर्युक्त कवितांशमा पशु प्राणी, पक्षी, वनस्पति आदिले समयको भाव थाहा पाउने शक्ति नै वास्तवमा गहन पारिस्थितिकी हो भन्ने कविले देखाएका छन्। आधुनिक पारिस्थितिकीवादको प्रारम्भिक समयमा यसलाई एउटा परिष्करणवाद मनिन्थ्यो। परिषकरणवादीहरूका विश्वासअनुसार मानवको प्रकृति प्रतिकूल विचारधारालाई संयम गर्नाले पारिस्थितिकीय सङ्कट हल हुन सक्छ। आर्ने नासले प्रकृतिसम्बन्धी सतही विचारधारालाई नै सतही पारिस्थितिकीवाद वा स्यालो इकोलजी भनेका छन्।[57] उनले सन् १९७५ मा डिप इकोलजी वा गहन पारिस्थितिकीवादको नयाँ दर्शन दिएर पारिस्थितिकीबारे अध्ययन गर्ने नयाँ दृष्टिकोण दिए। गहन पारिस्थितकीका आधारभूत दुईवटा तत्त्व छन्। पहिलो प्रकृतिको आफ्नो मूल्य छ र उसलाई आफ्नो अस्तित्त्व आफैँ खोज्ने र आफ्नो सुरक्षा गर्ने अधिकार छ। त्यसैले प्रकृतिबाट मानिसले आफूलाई आवश्यक वस्तुहरूभन्दा धेर संसाधनहरू एकत्रित गर्ने अधिकार छैन। दोस्रो दर्शनलाई नृकेन्द्रित तत्त्वबाट जैव केन्द्रित बनाउनु हो। त्यसपछि धरतीका प्रत्येक सत्तालाई आफ्नो अस्तित्त्व प्राप्त हुँदछ।[58] प्रकृतिको स्वतन्त्र अस्तित्त्वमाथि कोइराला यसरी लेख्छन्-

दिनको हेरफेरमा फूल बन्न कोपिलाले अभियान गर्छ,
वेलुकीको त्यही फूल छिपेर कोपिला बन्छ,
अनायस वाटिकामा वसन्त चढ्दा, कोपिला फूल बन्न सक्छ भने
त्यही फूल ऋतुको षड् चक्रमा
वीजरूपमा परिणत हुन्छ ('ऋतु-निमन्त्रण'/६)

प्रकृति बीज र वृक्ष दुवै हो। यसमा मानिसको हस्तक्षेपको आवश्यकता छैन। दर्शन मानिसका लागि मात्रै होइन दर्शनको वास्तविक सार पनि प्रकृतिमा नै निहित छ अर्थात्, दर्शनको बीज प्रकृति नै हो। त्यसैले दर्शन वा ज्ञान नृकेन्द्रीभन्दा जैव वा प्रकृति केन्द्री हुँदा नै मूल्यवान पनि हुन्छ।

सामाजिक विज्ञान र राजनीतिका आधुनिक सिद्धान्तहरू प्रायः नृकेन्द्रित छन्। यी सिद्धान्तहरूमा प्रकृति संरक्षण विषयका चर्चा धेरै नै कम देखिन्छ। यसमा भौतिक प्रकृतिको महत्त्वभन्दा समाज र सत्ताको संरक्षणमा ध्यान केन्द्रित रहेको हुन्छ। मूलतः प्रकृति, पर्यावरणप्रति सचेततामा कुनै तर्क र विमर्श भइरहनुपर्दैन किनभने यो मानिसको चेतनामा स्वतः जागृत हुनुपर्ने ज्ञान हो। यो सिद्धान्तद्वारा अनुसन्धान

[57] के वनजा, सन् २०११, पूर्ववत्, पृ१४
[58] के वनजा, सन् २०११, पूर्ववत्, पृ१५

गरिरहनुपर्ने विषय पनि होइन। त्यसैले प्रकृतिप्रति सहानुभूति र संवेदना होइन, सचेत हुनु आवश्यक छ।[59] त्यसैले गहन पारिस्थितिकीको केन्द्रीय विषय प्रकृतिमा प्रत्येक जैव वस्तुको जिउने र प्रगति गर्ने समान अधिकार छ। यो स्वतन्त्र र स्वनिर्भर छ, यसमा मानवीय हस्तक्षेप अनावश्यक हो भन्ने देखिन्छ। जीव, वनस्पति आदि विषयहरू मानवीय इच्छा र प्रयोगका वस्तु मात्र ठानिने विचारधारको विपरीत प्रकृतिको पनि आफ्नो अस्तित्त्व र अधिकार छ भन्नेमा गहन पारिस्थितिकीले विश्वास गर्छ। प्रकृतिलाई बुझ्न र यसलाई सजीव रूपमा देख्नका लागि मानिसमा जैवकेन्द्री दृष्टिकोण वा संस्कार हुनु आवश्यक छ।

कोइराला 'शरद्'-कवितामा लेख्छन्-

मौसमको सिद्धान्त धान हुनुपर्छ, यस मैनाको
जाने मार्ग धान हुनुपर्छ, प्रकृतिमा आस्था हुनुपर्छ,
त्यसको साथमा बाटो एक सिद्धान्त हुनुपर्छ, यस ऋतुमा
बालाको गहनामा देखिँदा खेत सर्वस्व बन्नुपर्छ

('ऋतु-निमन्त्रण'/३६)

व्यक्तिले प्रकृतिको सिद्धान्त बनाउन सक्तैन। यसको सिद्धान्त गहन र व्यापक हुन्छ अर्थात् प्रकृति स्वयं नै आफ्नो सिद्धान्त र प्रयोग पनि हो। गहन पारिस्थितिकीको दृष्टिकोणबाट हेर्नु हो भने जलवायु परिवर्तनको धारणा गलत हो। वास्तवमा यो वनस्पति र जीवहरूमा भएको मानवीय हस्तक्षेप र विनाशको प्रमाण हो। मानिसले जलवायुमा नियन्त्रण गर्न सक्तैन यदि यसमा हस्तक्षेप गर्छ भने अन्य जीव र वनस्पति र उनीहरूको मूलथलो अथवा निसमा प्रभाव पर्दछ। त्यसैले प्रकृतिलाई उसको स्वाभाविक वा मूलभूत विशेषताहरूसँगै स्वतन्त्र छोड्नुपर्छ। दर्शनले 'म' को हुँ ? भन्ने प्रश्नको खोजी गर्दछ। गहन पारिस्थितिकीले यही प्रश्नलाई प्रकृतिसँग सम्बद्ध गरेर अध्ययन गर्दछ। मानिसले प्रकृतिको सहोदर मानेर वा त्यसको अंश मानेर आफ्नो विकास गर्छ भने ऊ स्वयं पनि विकसित हुँदछ। त्यसैले गहन पारिस्थितिकी नृकेन्द्री धारणालाई अस्वीकार गर्दै जैवकेन्द्री वा पर्यावरण केन्द्री धारणलाई महत्त्व दिँदछ।

आर्ने नासले गहन पारिस्थितिकीका केही सैद्धान्तिक कुराहरू यसरी प्रस्तुत गरेका छन्[60]-

१. नृकेन्द्री पर्यावरणको छवि भएका सम्बन्धात्मक क्षेत्रहरूको अस्वीकार

---

[59] गूस दि जिरेगा, डिप इकोलजी एन्ड लिबरलिज्म : द ग्रिनर इम्पिलकेसन अफ् इभोल्युसनरी लिबरल थियोरी, क्यामब्रिज युनिभर्सिटी प्रेस, hptt://jstor.org/stable1408618 23/02/2012/ 4:31pm

[60] www.dhushara.com/2013/4:00 pm

२. जैविक समानता

३. विविधता र सहोदरको सिद्धान्त

४. वर्ग विरोध

५. प्रदूषण र संसाधनहरूको रिक्तीकरणको विरोध

६. जटिलतामाथि होइन समस्यामाथि ध्यान दिनु

७. स्थानीय स्वायत्तता र विकेन्द्रीकरण

'ऋतु-निमन्त्रण'-मा गहन पारिस्थितिकीका लागि नासले दिएका यी सैद्धान्तिक कुराहरू कवितात्मक रूपमा व्यक्त छन्। मोहन कोइरालाले सचेत भएर होइन उनको अवचेतनबाट नै यी सिद्धान्तहरू कवितामा व्यक्त छन्। मानिस प्रकृतिका तत्त्वहरूद्वारा निर्मित भएको हुनाले सबैको अवचेतनमा यी तत्त्वहरू नैसर्गिक रूपमा रहेका हुन्छन्। त्यसैले त्यो अवचेतनस्थ ऊर्जाले प्रकृतिको वर्णन गर्दा स्वतः सबैमा एउटै अनुभूति उम्रँदछ। त्यसैले गहन पारिस्थितकीलाई गहन अनुभूतिबाट नै अनुभव गर्न सकिन्छ। कोइराला लेख्छन्-

ऋतु जिस्क्याउन हुँदैन ऋतु अनजानमा चलाउन हुँदैन
एक क्षणको भूल सदा सदाको विनाश बन्नसक्छ
एकै क्षणको दोष काल, अक्षम्य दोष बन्न सक्छ
महिना आओस् वा ऋतु आओस्
सदा मानवको लागि आओस् वनस्पति र जीव-जिवातको लागि बनोस्
अनजानमा नचलाऊ ऋतु विश्व ध्वस्त हुन सक्छ।

('ऋतु-निमन्त्रण'/११)

सतही पारिस्थितिकीले जीव र उसको पर्यावरणबिचको आन्तरिक र बाह्य सम्बन्धबारे अध्ययन गर्छ भने गहन पारिस्थितिकीले मानिसलाई प्रकृतिको अङ्ग र पारिस्थितिकीको महत्त्वपूर्ण तत्त्वका रूपमा मान्दै प्रकृतिको सञ्चालन र संरक्षणमा उसको भूमिकाको व्याख्या गर्छ। यसले मानिसको प्रकृतिसँगको बाह्य सम्बन्धलाई मात्र व्याख्या नगरेर आन्तरिक सम्बन्ध र सृष्टिचक्रमा अनुकूलता ल्याउनमा मानिसको कर्तव्यबारे चर्चा गर्छ।[61] भैरव अर्यालले प्रकृतिको अर्थ स्वभाव पनि हो भन्दै स्वभावको अर्थ भाव हो

[61] सोसियल इस्यू रिसर्च सेन्टर (SIRC), १८ मई, २०१६,

भन्ने बताएका छन्।[62] उनी लेख्छन् प्रकृतिसित केही आफ्नै भाव छन् जो स्थायी छन्। मानिससित केही भाव छन् जो स्थायी छन्। मानिस आफ्नो मनोदशाको विशेष अवस्थामा प्रकृतिसित भावको साटफेर गर्दछ[63] तर व्यक्तिले आज प्रकृतिको भावभन्दा आफ्नो भावलाई नै उच्च मान्दछ।

'ऋतु-निमन्त्रण'-को भूमिकामा कोइराला लेख्छन् "तानातान हिलो छयापा-छयाप विश्वको नित्य नैमित्य चटारो। जिन्दगीको श्वास निश्वास र बाँच्नुको विडम्बना सदा नियतिसँग गैरहेको विश्वको यी छ ऋतुका भावना कुसुम हुन्। यिनमा तिनै छ थरी पुष्पका छ बास्ना छन्। कैयौँ रङ्ग, कैयौँ पत्रबाट बनेको 'ऋतु-निमन्त्रण' छ। छ डाँक्ला छ डाँठमा देखियो भने कुनै अचम्म मान्नु पर्दैन। यी छ जातका उखु छ थरी रस वर्षण गरून्, मेरो यै अभिप्राय छ। मैले पुष्प भन्नुको कारण यसमा परेका विनीत-मित भावना हो। अरू कविताभन्दा यसको स्वर र धून बेग्लै छ।"[64] कोइरालाले यस कविता सङ्ग्रहका ऋतुहरूलाई भौतिक रूपमा देखिएका ऋतुको रूपमा मात्रै हेरेका छैनन्। ऋतुलाई यहाँ समय, परिवर्तन, शक्ति, पोषण, गहन पारिस्थितिकी आदिको सङ्केतकका रूपमा पनि हेरेका छन्। ऋतुको धर्मसँगैसँगै यसको आन्तरिक विषयलाई पनि निर्क्यौल गर्ने चाहेका छन्। कवितामा प्रयोग भएका विम्ब-प्रतीक आदिले मानव अस्मिता, जीवनशैली र प्रकृतिको प्रकार्यगत शक्तिको भावलाई बोकेको छ। विचार र सौन्दर्यलाई गहन पारिस्थितकीको भावमा व्यक्त गरेका छन्।

अन्नपूर्णाको मन्दिर खलिहानमा बनेको छ
धरती अनुकूल बनेपछि खारिलो आँसु
किसानको आँखामा कहाँ टिक्न सक्छ

.........

जति सम्पन्न भए पनि अन्नबिना बाँच्न सक्तैन सहर,
जति चौडा जमीन भए पनि गाभो नरोपे अन्न बन्न सक्तैन,
लुगा नलाए मानिस बाँच्छ, औषधि नभए पनि बरू बाँच्छ
माटो र अन्न नभए
कहाँ बाँच्तछ जीव जीवात, (ऋतु हेमन्त/१५)

[62] भैरव अर्याल, सन् १९७३, नेपाली काव्यमा प्रकृति, पूर्ववत्, पृ ५०
[63] भैरव अर्याल, सन् १९७३, नेपाली काव्यमा प्रकृति, पूर्ववत्, पृ ५०
[64] मोहन कोइराला, सन् १९८३, ऋतुनिमन्त्रण (भूमिका), साझा प्रकाशन, काठमाडौँ, पृ घ

प्रकृतिले मानिसलाई भौतिक र आत्मिक रूपमा उपकार गरिरहेको छ। त्यसैले पारिस्थितिकी जीवनको आधार हो। यसको चक्रमा जीवन सजीव छ। माटो र अन्न नभए जीवको कल्पनासम्म गर्न सकिँदैन। प्रकृतिको गहन शक्तिले यस चक्रलाई सञ्चालित गरिरहेको छ। भैरव अर्याल साङ्ख्य दर्शनको सन्दर्भ लिएर भन्छन् " साङ्ख्यअनुसार प्रकृति त्यो मूल तत्त्व हो जुन पुरुषको आकर्षणबाट जीवन-जगत्को सृष्टि गर्छ। अर्को शब्दमा जगत् प्रकृतिकै विकार वा अनेकरूपताको प्रवर्तन हो। यो एकरूपताबाट परिणामद्वारा अनेकरूपतातिर सर्गोन्मुख हुँदै जान्छ र फेरि अनेकरूपताबाट उही एकरूपतातिर उन्मुख हुन्छ। अर्थात्, प्रकृति सृष्टिको त्यो रज्जु-चक्र हो जुन फुक्तदै जान्छ र बाटिँदै आउँछ ; यी फुक्ने र पुनः बाटिने क्रियालाई क्रमशः प्रकृतिको साम्यावस्था र स्वरूपावस्था भन्छन्। पहिलो गतिलाई विरूप-परिणाम र दोस्रो गतिलाई स्वरूप-परिणाम पनि भन्ने गरिन्छ। स्वरूपावस्थामा प्रकृति अव्यक्त रहन्छ, व्यक्त भएपछि मात्र ऊ जगत् भनिन्छ। यिनै फुक्नु र बाटिनुको उभयगतिमा जगत् बन्दै र बिग्रँदै गर्छ।" प्रकृतिको यो रज्जु-चक्रको घुमाइको क्रम साङ्ख्यले यसरी मान्दछ-

१. प्रकृति- बुद्धि-अहङ्कार-पञ्चतन्मात्रा-एकादशेन्द्रिय हुँदै पञ्चमहाभूत-संसार (स्वरूपबाट विरूप)

२. संसार-पञ्चमहाभूत-एकादशेन्द्रिय-पञ्चतन्मात्रा-अहङ्कार-बुद्धि हुँदै-मूल प्रकृतिमा विलयन। (विरूपबाट स्वरूप)[65]

भैरव अर्यालले प्रस्तुत गरेको साङ्ख्य दर्शनको यस प्रसङ्गले गहन पारिस्थितिकीको अवधारणालाई प्रमाणित गर्न धेरै सहज बनेको छ, किनभने प्रकृतिका दुई स्तर छन्। पहिलो 'परा' र दोस्रो 'अपरा'। 'अपरा' त्यो हो जसमा पञ्च भौतिक तत्त्व रहेका हुन्छन् जसलाई इन्द्रियद्वारा अनुभव गर्न सकिन्छ अथवा यन्त्र-उपकरणहरूका सहायताले प्रत्यक्ष प्रमाण गर्न सकिन्छ। भौतिक विज्ञानको कार्य क्षेत्र यहीँसम्म सीमित छ। दुई-तीन शताब्दी अघिसम्म वैज्ञानिक यहीँसम्म सीमित रही यसैलाई अन्तिम सत्य मान्दथे र पराशक्ति अथवा ब्रह्माण्डीय चेतनालाई अस्वीकार गर्दथे तर आजको नवभौतिक शास्त्र र अनुसन्धानको गति स्थूलदेखि सूक्ष्मतर्फ गइरहेको छ। विज्ञानले पराशक्तिलाई विश्वास गर्न थालिसकेको छ। उनीहरू पदार्थको परा प्रकृतिजस्तो कुनै सत्ता अवश्य छ भन्नेमा पुगेर यस सत्ताको प्रमात्रा गतिविधिहरू बताउन सकिँदैन भन्ने निर्णयतिर पुगेका छन् जसलाई अध्यात्म विज्ञानले 'समष्टि चेतना' वा 'समष्टि-मस्तिष्क' भनेको छ। प्रकृतिको अपराशक्ति पराशक्तिकै प्रतिभास हो। अपरालाई सञ्चालित गर्ने मूलशक्ति पराशक्ति

[65] भैरव अर्याल, सन् १९७३, नेपाली काव्यमा प्रकृति, पूर्ववत्, पृ१०

नै हो जसलाई कुनै उपकरण र इन्द्रियहरूले प्रत्यक्ष गराउन सक्तैन।[66] आर्ने नासले गहन पारिस्थितिकीको अवधारणालाई यसरी अध्यात्मको आधार दिएका छन्-

सम्पूर्ण समय शुक्लपक्ष र कृष्णपक्षका दुई पखेटा हुन्,
कतिबेर फुक्छ समय सेतो र कालो पखेटामा
कतिबेर बाँधिन्छ
मानव उत्तरायण र दक्षिणायन बुझ्छ अरू बुझ्दैन
जसले वर्षाहरू बाँधिन्छ,
कैले एक युगको प्रतिष्ठा हुन्छ कैले अर्को युगको प्रतिष्ठा एक युग डुब्छ
यिनै कार्य कारणले विश्व परिभ्रमण गर्छ
यसैका परिवर्तनमा कालचक्र चल्छ,
यसै क्रमले दिन पुगेका वृक्ष बीजमा सङ्कुचित हुन्छ,
यसैका क्रममा पर्दा नगण्य बीऊ वृक्षमा परिवर्तन हुन्छ
समयका लम्बाइमै बिरुवा बढ्दै बढ्दै ढकमक्क फुल्ने बन्छ,
राम्रो ऋतु आउँदा बढी बाँच्न मन पर्छ त कैले कुनै
ऋतुमा मर्न पनि मन लाग्छ

(‘ऋतु-निमन्त्रण’/१२)

यस कवितांशमा वर्णित समयले दुई प्रकारका प्रकृति चक्रको सङ्केत गरेको छ। पहिलो परा र दोस्रो अपरा। गोचर परिवर्तन अपरा प्रकृतिको क्रिया हो भने यसको कार्य-कारण सम्बन्ध परा प्रकृतिको सङ्केत हो। त्यसैले परा प्रकृतिको शक्तिलाई गहन पारिस्थितिकीको अवधारणाको रूपमा हेर्न सकिन्छ। मोहन कोइरालाले ‘ऋतु-निमन्त्रण’ कविता सङ्ग्रहमा सतही पारिस्थितिकी र गहन पारिस्थितिकीलाई वैचारिक, काव्यिक ढङ्गमा प्रस्तुत गरेको देखिन्छ। मूलतः ऋतुहरूको कार्य-कारण सम्बन्धमा उनले खोज गर्ने प्रयास गरेको बुझिन्छ। ऋतुहरूमा केके हुन्छन् र केके हुने सम्भावनाहरू छन् त्यसको आवृत्तिसँगै ती सबै किन र कसरी हुन्छन् भन्ने सूक्ष्म स्तरको क्रियालाई पनि ध्यान दिएका छन्। भौतिक र पराभौतिक दुवै स्थितिलाई उनी स्वीकार गर्छन्।

[66] अखण्ड ज्योति, सन् १९९२, hptt//literature.awgp.org, 2016/9:00pm

### ४.४.१ गाया अनुकल्पना

अहिले, वैज्ञानिक सोचदेखि अलग्गै दईवटा मूल सिद्धान्त अथवा मूल स्वरहरू उठेका छन्, र यी दुवै धारणा मानव प्रकृतिको अंश हो भन्ने तथ्यमा केन्द्रित छन्। पहिलो धारणालाई व्यवस्था सिद्धान्त र दोस्रो धारणालाई गाया अनुकल्पना भनिन्छ। व्यवस्था सिद्धान्तले प्रकृतिलाई व्यवस्थित प्रणालीको रूपमा अध्ययन गर्छ जहाँ प्रकृतिको प्रत्येक निकाय एउटा सम्पूर्णताको व्यवस्थाभित्र नियन्त्रित हुन्छ भन्ने विद्वान्हरू मान्दछन् जस्तै, प्रत्येक कोशिकाहरूका आआफ्नै प्रकार्य हुन्छन्। तिनीहरू थुप्रै सङ्ख्यामा स्वतन्त्र रूपमा हुँदाहुँदै पनि ती कोशिकाहरू एउटै केन्द्रकको व्यवस्थाभित्र पर्छन्। एउटा परिवार, जात, जाति आदि मानव व्यवस्थाका सासाना निकायहरू हुन्। त्यसैले व्यवस्था सिद्धान्तले प्रकृति एउटा व्यवस्था हो अनि हामी त्यसका मसिना निकायहरू हौँ, प्रकृतिदेखि पृथक् छैनौँ भन्ने सत्य प्रस्तुत गर्छ।

गायाको धारणालाई लिएर अध्ययन गर्ने नासाका वायुमण्डलीय रसायनविज्ञ जेम्स लभलक आफ्नो पुस्तक 'गाया: ए न्यू लुक एट लाइफ अन अर्थ'-मा भन्छन्- "आजभन्दा छब्बीस वर्ष अघाडि जब मैले यो पुस्तक लेख्न सुरु गरेँ त्यस समय मलाई गाया विषयमा स्पष्ट ज्ञान थिएन। यद्यपि मैले यसबारे गहिरो अध्ययन र चिन्तन गरेँ। त्यसपछि मैले के जान्न पाएँ भने पृथ्वी, बुध, शुक्रजस्ता अरू ग्रहहरूभन्दा भिन्न छ। यो यस्तो ग्रह हो जसले स्वतन्त्र रूपमा आफ्नो अमूल्य सम्पत्तिहरू जैवप्राणीहरूलाई स्वच्छ, स्वस्थ र सुविधासँग उपभोग गर्न मूलतः बाँच्नका लागि प्रदान गर्छ। मलाई लाग्छ, यी सम्पत्तिहरू उत्पत्ति हुनाको मूल कारण कुनै आकस्मिक घटना र सौर्य मण्डलमा पृथ्वीको स्थान अनुकूल हुनु मात्र होइन, वास्तवमा यस धरतीमा जीवन हुनु नै यसको परिणाम हो।" उनी अझै भन्छन्- "गाया शब्द मेरो नजिकका छिमेकी, मेरा साथी विलियम गोल्डिङले सुझाउ दिएका हुन्। उनी एकजना राम्रा उपन्यासकार पनि हुन्। उनले पृथ्वीमाथिको यस्तो विचार र धारणाको नाम गाया हुनुपर्छ भने किनभने ग्रीकका देवताहरूमध्ये गाया पृथ्वीका देवता हुन्"[67]जसरी मानिस आफ्नो परिवारलाई प्रेम गर्छ, आदिवासीहरूलाई संरक्षण गर्ने उपाय निकाल्छ त्यसरी नै प्रकृतिलाई पनि प्रेम अनि सम्मान दिन आवश्यक छ। यो मानिसको प्रकृतिसँगको मौलिक समझौता हो किनभने मानवजातिको आरम्भ प्रकृतिबाट नै भएको हो। प्रकृतिको अंश हो, जसरी मानिस परिवारबिना बस्न सक्दैन त्यसरी नै ऊ स्वस्थ प्रकृतिबिना बाँच्न सक्दैन। प्रकृतिले आफूमा भएका जैव प्राणी वा जीवनलाई सदैव पोषण गरिरहेको हुन्छ अनि तिनै जीवन र जैव

---

[67] जेम्स लभलक, सन् २०००, गाया: ए न्यु लुक अफ लाइफ अन अर्थ्, अक्सफोर्ड युनिभर्सिटि प्रेस, न्युयोर्क, पृष्ठ.vii

प्राणीहरूबाट आफैलाई व्यवस्थित पनि बनाइरहेको हुन्छ। अतः गाया अनुकल्पना भन्नाले प्रकृति मात्रै बुझिँदैन, यो प्रकृतिसँगै सम्पूर्ण ब्रम्हाण्डीय धारणा हो। यस अनुकल्पनाअनुसार मानिस बृहद् सम्पूर्णताको अंश हो र उसले आफ्नो लागि मात्र नभएर प्रकृतिका लागि के गर्दैछ भन्ने विचार सदैव राख्नुपर्छ। त्यसैले मानव अधिकार वा मानवीय इच्छा मात्रै सर्वोपरि होइन, मावनवेतर प्राणीको अधिकार र इच्छा पनि मूल्यवान हुन्छ भन्ने गाया अनुकल्पनाको आन्तरिक स्वर हो।

गाया अनुकल्पना वा यसको धारणालाई सामान्य रूपमा बुझ्नका लागि नेपाली उखानहरूको उदाहरण लिन सकिन्छ जस्तै- 'अजिङ्गरको आहारा दैवले जुराउँछ।' 'माकुराको जाल झिगाँको काल।' 'मान्छे भोकले मर्दैन. चरा भिरबाट लड्दैन।' लक्षणा र व्यञ्जना व्यापारहरूद्वारा अर्थ बुझिने यी उखानले सङ्केत गरेको पराशक्ति वास्तवमा गाया हो। स्थूल शरीरधारी अजिङ्गरलले सहजतामा हिँडडुल गरी आहार खोज्ना वा सिकार गर्न सक्तैन तर प्राकृतिक सत्ताले यसलाई भोकै राख्दैन। अक्सिजनमात्र लिएर पनि निकै समयसम्म बाँचिरहन सक्ने प्रकृतिले आहार जुराएकै हुन्छ। त्यस्तै आफ्नो जाल बुनेर बसेको माकुराले पनि कहिले आफ्नो आहार पाउँछ त्यो निश्चित हुँदैन तर त्यसको जालमा कुनै न कुनै दिन झिगाँ वा किरा-फट्याङ्ग्रा आदिको काल र माकुराको आहार बनेर आउँछ नै। त्यसैले प्रकृतिमा भएका सम्पूर्ण जीव, जन्तु, जड, चेतन, वनस्पति र मूलतः सम्पूर्ण प्रकृतिलाई नै एउटा नैसर्गिक शक्तिले सञ्चार गरिरहेको हुन्छ। त्यसै शक्तिलाई गायाको रूपमा अनुकल्पना गरिएको हो।

गाया आदिदेखि अनादिसम्मको धारणा हो। जीवनको सम्पूर्णता हो ; जीवनको कारण अनि जीवनपछिको एकत्व पनि हो। त्यसैले सम्पूर्ण पृथ्वीलाई नै व्यवस्थित राख्ने ऊर्जाको अनुकल्पना नै गाया अनुकल्पना हो। पृथ्वीमा भएका ग्यासहरूको असामान्य संरचनाले निर्मित वायुमण्डल छिमेकी ग्रह बुध अनि शुक्रमा पनि देखिन्छ। तर पृथ्वीमा अनौठो प्रकारले मिश्रण भएका ग्यासहरूले प्रकृतिलाई जीवन सञ्चार गर्नमा सहयोग गरिरहेका हुन्छन् भने त्यस्तै मिश्रित ग्यासहरू भएका अरू ग्रहहरूमा आजसम्म जीवनको सङ्केत पाइँएको छैन। त्यसैले प्रकृतिमा मात्रै किन जीवन छ? अरू ग्रहमा किन छैन? कुन शक्ति वा ऊर्जाको सहयोगबाट पृथ्वीले जीवन निर्माण गर्न सक्छ? पृथ्वी स्वयंमा त्यस्तो के छ जसले ऊ अरूभन्दा भिन्न छ? आदि प्रश्नहरूबाटै यो अनुकल्पना सिर्जना भएको हो। वास्तवमा प्रकृतिले वायुमण्डलमा जीवको सृष्टि गर्छ, त्यसलाई व्यवस्थित पार्छ अनि पारस्थितिक रूपमा क्रमशः जीवको प्रयोग गर्छ। प्रकृतिले आफैलाई व्यवस्थित बनाउनका लागि नै जीवको सृष्टि गर्दछ।

वायुमण्डलको संरचनाले प्रकृतिको जलवायुमा प्रभाव पार्छ अनि पारिरहेको छ। तर यस परिवर्तनले ३.५ लाख वर्षको उमेर पुगेको पृथ्वीलाई सकारात्मक ऊर्जा दिइरहेको छ साथै जीवनलाई अघि बढाइरहेको छ। त्यसैले प्रकृतिमा जीवन हुनु पर्यावरणको विरोधी हुनु होइन तर जीवले प्रकृतिमा निरन्तर स्वाभाविक र प्राकृतिक पर्यावरण परिवर्तकको भूमिका निर्वाह गर्नु हो। सार रूपमा भन्दा, गाया अनुकल्पनाअनुसार परिवेश मण्डलमा पर्यावरणलाई लाभदायक बनाउन ग्रहहरूका सम्पूर्ण इतिहासभरि नै जीव, उद्भिद् आदिले सामुहिक रूपमा कार्य गरिरहेका थिए अनि गरिरहने छन्।[68] भारतीय दृष्टिकोणबाट यसलाई हेर्नु हो भने प्रकृति माता, भूमाता, देवी आदिको संज्ञा दिन सकिन्छ जुन शक्तिको कल्पना शास्त्रादिले गरेको छ।

पृथ्वी वा प्रकृतिलाई पूर्ण जीवको रूपमा हेर्न सकिन्छ जसमा आफ्नो परिधि वा स्वयं आफैलाई सञ्चालन गर्ने शक्ति निहित हुन्छ। यो शक्ति वाह्य र आन्तरिक दुवै स्थितिलाई सन्तुलित बनाउने शक्ति हो। प्रकृतिलाई जीवको रूपमा हेर्ने दृष्टिकोण आधुनिक होइन। प्राचीन कालदेखि नै प्रकृतिको पूजन हुँदै आएको हो तर विज्ञानको क्षेत्रमा औपचारिक रूपमा पृथ्वीलाई जीवको रूपमा हेर्ने धारणा सन् १९६० देखिमा सुरु भएको मानिन्छ। जेम्स लभलक, ड्यान हिचकुक र लेन मार्गुलिस आदिले अन्य ग्रहहरूका तुलनामा पृथ्वीमा जीवन हुनाको कारण र प्रकृतिको विचित्र सन्तुलन देखेर यसमाथि चिन्तन गरी पृथ्वीलाई जीव वा जैव सम्पदाको रूपमा हेरिनुपर्छ भन्ने तर्क प्रस्तुत गर्न थाले अनि पछि गएर यसलाई वैज्ञानिक अध्ययनमा पनि जीवको रूपमा हेरिन थाल्यो।[69] वास्तवमा गाया शब्द र अवधारणा ग्रिसेली पौराणिक कथाबाट लिइएको हो। ग्रिसेली पौराणिक मान्यताअनुसार गाया एउटी देवी हुन् जसको कोखबाट यो पृथ्वी र सम्पूर्ण ब्रह्माण्डको जन्म भएको हो। त्यसका साथै टाइटन, जाइन्ट, युरेनस, पोन्टस आदि देवताहरू पनि गायाकै गर्भबाट जन्मेका हुन् भन्ने ग्रिसेली पौराणिक विश्वास पाइन्छ।[70]

जेम्स क्रिचनरले गायालाई दुई प्रकारले हेर्न सकिने बताएका छन्। उनले सन् १९८८ सालमा अमेरिकेली भूगर्भ विज्ञान संस्थानको सम्मेलनमा आफ्नो विचार राख्दै गाया एउटा पूर्ण अनुकल्पना होइन वास्तवमा यो संयुक्त अनुकल्पना हो। दुई थरीका गायाको अवधराणा देखिन्छन् – दुर्बल र सबल। दुर्बल गाया भन्नाले प्रदूषित पर्यावरण बुझिन्छ भने सबल गाया भन्नाले जैवमण्डलले सुरक्षित राखेको पूर्ण पृथ्वी

---

[68] गाया : जेन्डर एन्ड साइन्टिफिक रिप्रेजेन्टेसन अफ द्याट द अर्थ, मारिका बिजोरनेरुड, hptt://www.jstor.org//stable//4316532, July, 2015

[69] डेविड अब्राहम, सन् १९९२, द मेक्यानिकल एन्ड द अर्गेनिक : अन द इम्प्याक्ट अफ् मेटाफर इन साइन्स, बास्टन, पृ६६-७४

[70] www.gaiatheory.org/26 january/2014/6:00 am

बुझिन्छ भन्ने मत प्रकट गरे। उनका विचारमा गायालाई कुनै वैज्ञानिक अध्ययन गरिरहनुपर्ने आवश्यकता पनि छैन। पर्यावरण वा जीव सदैव प्रदूषित भइरहन्छ। त्यसैले यो दुर्बल गाया हो र सबल गायाको वैज्ञानिक क्षेत्र सीमित छ। त्यसैले गोचर पर्यावरण प्रदूषित हुन्छ भने अनुकल्पनाका रूपमा ग्रहण गरिने गाया वैज्ञानिक क्षेत्रमा पूर्ण रूपले खडा हुन सक्तैन।[71] तर मानिस वैज्ञानिक तर्क र अनुसन्धानमा मात्र जीवित रहँदैन। वस्तुगतसँगै विषयगत क्षेत्रमा पनि व्यक्ति बाँचेको हुन्छ। प्रकृतिका कति तत्त्वहरूको समीकरण र रासायनिक प्रक्रियाहरू छन् जसलाई भौतिक विज्ञान, रसायन विज्ञान आदिले भेदन गर्न सकेको छैन। त्यसैले स्थूल रूपमा प्रकृति भौतिक र रासायनिक समीकरणहरूले बनिएको देखिए तापनि ती समीकरणहरूलाई सन्तुलित गर्ने परा शक्ति अवश्य छ जसको अवधारणालाई गाया अनुकल्पना भनिन्छ। 'धम्मपद' को 'अरहन्तवग्गो'-को ९८ चौपायमा लेखिएको छ-

> गामे वा यदि वा'रञ्जे, निन्ने वा यदि वा थले
>
> यत्थारहन्तो विहरन्ति, सा भूमि रमणीया ॥

राहुल साकृत्यायनले यसको अर्थ यसरी गरेका छन् 'गाँउ होस् वा जङ्गल, मैदान धरती होस् वा अल्गो ठाउँ जहाँ पनि अरिंहत (पराशक्ति) विहार गर्दछ र त्यो भूमि रमणीय बन्दछ।'[72] यसबाट प्रकृतिलाई रमणीय र हरियो बनाएर सन्तुलित पार्ने पराशक्तिको अवधारणा नै गाया हो भन्ने प्रमाणित हुँदछ। त्यसैले पृथ्वीको जीवनदायी शक्ति गाया हो।

> बच्चाको आहार जुटाउने कार्य भालेको पनि छ
>
> बच्चाको आहारा जुटाउने कार्य माउको पनि छ,
>
> फुल पार्ने समय कसैसँग सोध्नु पर्दैन, बच्चा कोरल्ने समय
>
> कसैसँग सोध्नु पर्दैन,
>
> कुन फूलको जतनमा कति गरिमाको मधुकोष लुकेको छ
>
> कुन रंगको अंग स्पर्शमा कोमल हुन्छ
>
> धनी हुन्छन् उपवनका अनुभवीहरू,
>
> प्रकृतिको प्रेमसंहिता भन्नु त्यत्ति हो, प्रेममा अरू संहिता छैन

---

[71] मर्सिया बिजोर्नेरुड, गाया-जेन्डर एन्ड साइन्टिफिक रिप्रेजेन्टेसन् अफ् द अर्थ्, ल्यरेन्स युनिभर्सिटी, www.jstor.org 12:30 pm, 12 may, 2017

[72] राहुल साकृत्यायन (अनु), सन् १९३३, धम्मपदं, महावोधि-समा ऋषिपतन, सारनाथ, पृ ४६

प्रकृतिको प्रेमसंहिता भन्नु त्यत्ति हो, प्रेममा अरू संहिता छैन

ममता त्यही हो अरू ममता लेखिएको छैन

('ऋतु-निमन्त्रण'/५)

यस कवितांशमा कोइरालाले परा शक्तिको कार्यान्वयन देखाएका छन्। मानवेतर जीव वा प्राणी वनस्पति आदिलाई प्रकृतिले नै कार्यविधि र कार्यकालको सङ्केत गर्दछ। गायाको अदृश्य ऊर्जाले यो कार्य गराउँदछ। केवल मानिस नै यस्तो जीव छ जो प्राकृतिक उपकरणको नभएर इलेक्ट्रोनिक, साइबर आदि उपकरणहरूमा निर्भर बनेको छ। त्यसैले मानिसले गायाको त्यस ऊर्जालाई कहिले अनुभूत गर्दैन। तर अनुभूति नहुने भन्ने होइन, किनभने विशाल वायुमण्डलबाट विभिन्न ग्यासहरूमा केवल अक्सिजन वा प्राणवायु नै ग्रहण गर्ने नैसर्गिक शक्ति गायाकै ऊर्जा हो। ध्वनि सुनेर ध्वनिलाई शब्दको रूप दिन सक्ने शक्ति पनि गायाकै ऊर्जा हो। मानिस आफैले आफूलाई विचार, ज्ञान, विवेकले मानवेतर प्राणीभन्दा उच्च स्थानमा रहेको ठान्ने भए तापनि गायाको अनुभूति सहजै गर्नसक्ने चाहिँ प्रकृतिको नजिक रहेका ती मानवेतर प्राणी र वनस्पतिहरू नै हुन्। मानिसलाई आफ्नो ज्ञान र विवेकले गरेको कार्य वैज्ञानिक हो जस्तो लाग्छ तर ती सबै कार्यको आधार प्रकृतिको पराशक्ति हो, गाया हो।

ऋतुको चक्रभित्र सम्पन्नता विपन्नता गाँसिन जान्छ,

ऋतु विपरीत सभ्यता एकछिन टिकाउन सकिँदैन

मानवको पूर्ण धरातल ऋतु हो, ऋतु विपरीत जान दिनु हुन्न कालहरू

नत्र उपलब्धि भस्म हुन सक्छ, सभ्यता भस्म हुन सक्छ

ऋतुहरू चम्किदै खेल्दै गरून् हाम्रै ओरिपरि भ्रमण गरून्।

('ऋतु-निमन्त्रण'/११)

गाया भनेको जीवनको संरक्षण हो।[73]वास्तवमा मानवदेखि उत्तरमानव बन्ने प्रवृत्तिले प्रकृति मानव समाजमा 'अन्य' बनेको छ। तर गाया अनुकल्पनाले भौगोलिक, राजनीतिक, सामाजिक, धार्मिक आदि क्षेत्रमा सीमा लगाउँदैन।

परिवेश विमर्शअन्तर्गत पर्ने गहन पारिस्थितिकी र त्यसभित्र देखिएको गाया अनुकल्पनाले प्रकृतिलाई पराशक्तिको रूपमा अध्ययन गर्छ। विज्ञानको आविष्कार, देशको सीमा विवाद, शक्ति

[73] ग्रेज ग्रेराड, सन् २००७, इकोक्रिटिसिज्म, पूर्ववत्, पृ १७३

प्रदर्शनजस्ता मूलभूत विषयले नै प्रकृति अनि पारिस्थितिकीमा असन्तुलन भइरहेको अध्येताहरू मान्छन्। मानिस प्रकृतितिर फर्कनुपर्छ, यो पर्यावरणीय सङ्कटको चरम युग हो भन्ने पनि विद्वान्हरूको विचार देखिन्छ। परिवेश विमर्शले यस समस्याको गहिरो अध्ययन गरेर समाजअघाडि प्रस्तुत गर्ने कार्य गर्दछ। रेसिल ए क्लु लेख्छन् "परिवेश विमर्शको पाठसँग चेतनशील सम्बन्ध गाँसिएको हुन्छ। यसले प्रकृति अनि मानवको सम्बन्धबिचको अध्ययन तथा अनुशीलन गर्छ साथै प्रकृति र पर्यावरणमा मानवीय व्यवस्थाको भूमिकालाई स्पष्ट पार्दछ साथै प्रकृतिमा मानवीय कार्यको हस्तक्षेप नै पारिस्थितिकीय सङ्कट हो।"[74]

हरियो विचार वा चिन्तन आज साहित्य र साहित्येतर सम्पूर्ण विधाहरूमा रुचिको विषय बनेको देखिन्छ। अर्थशास्त्र, राजनीतिशास्त्र, दर्शन, रसायन र भौतिक विज्ञान, भाषा आदि ज्ञानानुशासनहरूले हरियो चिन्तनलाई स्वीकार गरेका छन्। टियू स्पिक आफ्नो लेख 'इन-भाय्-रोन्-मेन्ट  इन लिटरेचर : लोरेन्स ब्लुएल इकोक्रिटिकल प्र्याकटिस'-मा लेख्छन् "परिवेश विमर्श उत्तरसंरचनात्मक समालोचनाको पारिस्थितिकीय नयाँ दृष्टिकोण हो जसले मानवलाई प्रकृतिको सङ्केतका रूपमा अध्ययन गर्दछ जसरी नारीवादी पठनले लैङ्गिक सचेतताको दृष्टिकोणबाट पारम्परिक विधाको अध्ययन गरेर नयाँ नारी लेखक र धारणालाई साहित्यिक नियम र सिद्धान्तमा जोड्दछ, परिवेश विमर्शकहरूले पनि धर्मवैधानिक पाठहरूलाई पृथ्वी केन्द्री दृष्टिकोणद्वारा अध्ययन गर्दछन् अनि पर्यावरणीय अनुसन्धान र शिक्षणको एउटा विधालाई प्रोत्साहन दिँदछन्।"[75] यसमा टि.भी रिडको विचार फरक देखिन्छ। उनले परिवेश विमर्श मात्र नभनेर पर्यावरणीय न्याय परिवेश विमर्श अथवा इन-भाय्-रोन्-मेन्ट ल जस्टिस इकोक्रिटिसिज्म भनेका छन्। उनी भन्छन् "परिवेश विमर्श विभिन्न दृष्टिकोणमा व्यापक सन्दर्भ लिएर बसेको व्यवस्था हो। यसले जाति, लिङ्ग वा वर्गका विषयमा कुनै पनि टिप्पणी गर्दैन तर यसले पर्यावरण, प्रकृतिको इतिहास, वर्तमान र भविष्यबारेमा भने गहिरो अध्ययन पनि गर्छ र तर्कपूर्ण प्रश्न पनि उठाउँछ।"[76]

परिवेश विर्मश सैद्धान्तिक रूपमा आउन अघि पूर्वीय र पाश्चात्य जगत्मा यसलाई प्रकृति लेखन वा प्रकृति साहित्यको रूपमा अध्ययन गरिएको पाइन्छ। प्राचीन ग्रन्थ वा साहित्यमा प्रकृति संरक्षण अनि प्रकृतिको महत्त्वबारे सङ्केतहरू गरिएको पाइन्छ। यहाँ टियू स्पिकको विचार स्पष्ट रूपले मिलेको देखिन्छ। आर. रेणुगादेवी लेख्छिन् "पर्यावरण वा प्रकृति संरक्षणको सन्देश वैदिक एवम् पौराणिक

[74] रेसिल ए. क्लु, सन् २००५, मेन्स रिटर्न टु नेचर, युनिर्भसिटी अव् जर्जिया प्रेस, एथेन्स, पृ १०७
[75] टियू स्पिक, इन-भाय्-रोन्-मेन्टल  इन लिटरेचर : लोरेन्स ब्लुएल इकोक्रिटिकल प्र्याकटिस, www.jstor.org, 12/02/2017
[76] टिभी रिडर, सन् २००२, टुवर्डस एन इनभायरोन्मेन्टल जस्टिस इकोक्रिटिसिज्म, पृष्ठ १४५, www.jstor.org

वाङ्गमयमा यत्रतत्र पाइन्छ। उपनिषद्, अर्थशास्त्र, योग, दर्शनसंहिता, रामायण, महाभारत सबै हिन्दु धर्मदर्शनमा आधारित पुस्तकहरूमा प्रकृति संरक्षणका चर्चा पाइन्छन्। अहिंसा साथै प्राणी, वनस्पति जगत्प्रति प्रेम नै हिन्दु धर्मको मूल दर्शन हो अर्थात् यो हिन्दुधर्म दर्शनको केन्द्रीय धारणा हो जुन पछि गएर बौद्ध अनि जैन धर्ममा पनि व्याप्त भयो। नदी, पहाड, वन-जङ्गल वा सम्पूर्ण पृथ्वीलाई नै माताको रूपमा पुज्ने यस दर्शनको व्यापकता हो।"[77]

प्रकृतिको प्रत्येक स्रोतलाई कुनै एउटा शक्तिको रूपमा पूजा गर्नु नै प्रकृतिको संरक्षण गर्नु पनि हो भन्ने सङ्केत बुझिन्छ। पूर्वीय दर्शनमा प्रकृतिलाई अनेकौँ दृष्टिले वर्णन गरिएको पाइन्छ। विधा र ज्ञानानुशासनको विविध वर्णन अनुसार प्रकृतिको रूप देखाइएको छ। आयुर्वेदमा प्रकृति सञ्जीवनीको रूपमा प्रस्तुत छ भने साङ्ख्य दर्शनमा प्रकृतिको पराभौतिक रूप देखिन्छ। यद्यपि परिवेश विमर्शले चर्चा गर्ने प्रकृति भौतिक प्रकृति भएको हुनाले यहाँ भौतिक प्रकृतिको चर्चा गरिन्छ तर परिवेश दर्शनअनुसार प्रकृति सञ्चालित गर्ने एउटा परम सत्यलाई सङ्केत गरिन्छ। त्यसै सत्यलाई स्पष्ट पार्न श्रीमद्भागवद् गीतामा श्रीकृष्ण अर्जुनलाई भन्छन्-

गामाविश्य च भूतानि धारयाम्यहमोजसा।
पुष्णामिचौषधीः सर्वा सोमो भूत्वा रसात्मकः।। १५/१३
अहं वैश्वानरो भूत्वा प्राणिनां देहमाश्रितः।
प्राणापानसमायुक्तः पचाम्यन्नं चतुर्विधम्।। १५/१४[78]

गीतामा यसको अर्थ यसरी गरिएको छ 'म नै पृथ्वीमा प्रवेश गरेर आफ्नो शक्तिद्वारा सम्पूर्ण भूतहरूलाई धारण गर्दछु अनि रसस्वरूप अर्थात् अमृतमय चन्द्रमा भएर सम्पूर्ण औषधिहरूको साथै वनस्पतिहरूको पोषण गर्दछु। म नै सम्पूर्ण प्राणीहरूको शरीरमा स्थित हुने प्राण हुँ अनि अपानसँग संयुक्त वैश्वानर नामक अग्निरूप भएर भक्ष्य, भोज्य, लेह्य, अनि चोष्य चार प्रकारका अन्नलाई पचाउँछु।' गीतामा प्रकृतिको व्यापक वर्णन पाइन्छ जसलाई प्रकृतिका विविध रूप र विविध सङ्केतअनुरूप प्रस्तुत गरिएको छ। भौतिक प्रकृति, परभौतिक प्रकृति, कार्य, कारण आदि विविध अर्थमा प्रकृतिको वर्णन गरिएको छ। प्रकृतिलाई ईश्वरको अन्तस्करण मानिएको छ। उसद्वारा नै चराचर जगत्को सृष्टि भएको र सम्पूर्ण जगत्

[77] आर.रेणुगादेवी, सन् २०१२, इनभायरोन्मेन्टल एथिक्स इन द हिन्दु वेद्स एन्ड पूराणास इन इन्डिया, एफ्रिकन्स जर्नल अव् हिस्ट्री एन्ड कल्चर, वर्ष १ अङ्क ४ hptt//www.acadamicjournals.org/ajhc

[78] श्रीमद्भगवत गीता, अध्याय १५ श्लोक १३-१४, गोविन्दभवन-कार्यलय, गीताप्रेस, गोरखपुर, पृ२१६-२१७

प्रकृतिकै उपज हुन् भन्ने देखाइएको छ। प्रकृतिको पूजा गर्ने साथै संरक्षण गर्ने उपदेश गीतामा पाइन्छ। प्रकृतिको विराट अर्थ गीतामा पाइन्छ। अध्याय १३ श्लोक १९ मा भनिएको छ

प्रकृतिं पुरुषं चैव विद्ध्यनादी उभावपि।
विकारांश्चैव गुणाश्चैव विद्धि प्रकृतिसंभवान्॥

गीतामा यसको अर्थ यसरी गरिएको छ 'प्रकृति अनि पुरुष दुवैलाई अनादि मान्नु अनि र राग द्वेषादि विकारहरू साथै त्रिगुणात्मक सम्पूर्ण पदार्थहरू प्रकृतिबाटै उत्पन्न भएको मान्नु।' यहाँ प्रकृति अनि पुरुष भनेर पराभौतिक तथ्य वा प्रकृतिको सङ्केत गरिएको छ। यद्यपि विकार र त्रिगुणात्मक पदार्थ भन्नाले मानवीय स्वभाव र भौतिक प्रकृतिको सङ्केत हो र यी मूल प्रकृतिकै उपज हुन् भन्ने दर्शन पाइन्छ। अध्याय १३ कै श्लोक २१ मा आएर कृष्ण प्रकृतिको पारिस्थितिकीय प्रणालीको उदाहरण यसरी दिन्छन्-

पुरुषः प्रकृतिस्थो हि भुङक्ते प्रकृतिजान्गुणान्।
कारणं गुणसङ्गोऽस्य सदसद्योनिजन्मसु॥

जसको अर्थ गीतामा यसरी गरिएको छ- 'प्रकृतिमा स्थित पुरुषले प्रकृतिबाट उत्पन्न पदार्थहरूको भोग गर्दछ अनि जसरी उसले भोग गर्छ उस्तै फल उसले पाउँदछ र राम्रा नराम्रा योनीहरूमा उसले जन्म लिनुपर्दछ।' यहाँ प्रकृतिको जसरी भोग गर्दछ उस्तै फल पाउँछ भन्ने गीताको भनाइलाई ध्यान दृष्टिले विचार गर्दा आजको पर्यावरण सङ्कटको स्पष्ट रूप देखिन्छ। आधुनिक समाजको आधा भागले पुनर्जन्मको विश्वास गर्दैन तर कर्मको फलमा सबै विश्वास गर्दछन्। समाजले जस्तो प्रकृतिको प्रयोग गर्छ उस्तै फल समाजमा देखिन्छ। त्यसैले मानिसको सार्वजनीनता उसको परम्परामा वा संस्कृतिमा व्यक्त वा प्रकट हुँदछ, त्यस विश्वजनीनताको अहम्-मा उसले प्रकृतिलाई आफ्नो अजैव शरीरझैँ ठान्छ। जीवन वा पदार्थको साँचो अर्थ प्रकृतिद्वारा प्राप्त हुँदछ, मानिसले प्रकृतिबाट जीवन प्राप्त गर्दछ त्यसैले मानिसको शरीरमा प्रकृति निहित छ। मानिस मर्न चाहँदैन तर ऊ मर्छ यो प्रकृतिको पारिस्थितिकीय व्यवस्था हो। उसले आफ्नो ठाउँ आफ्नो छोरा नातिलाई दिएर जानुपर्ने व्यवस्था हो। प्राणी जगत् र मानिसको सम्बन्धमा कुनै परिवर्तन आए त्यसले पर्यावरणलाई पनि प्रभाव पर्दछ भन्ने पारिस्थितिकी वैज्ञानिकहरूको धारणा देखिन्छ। त्यसैले यी दुई संस्कृतिमा सन्तुलन हुनु आवश्यक छ। 'ऋतु-निमन्त्रण'-का कविताहरूमा प्रकृतिको परा शक्तिको चेतना वा गाया अनुकल्पनाका धारणाहरू स्पष्ट देखिन्छन्। प्रकृति सञ्चालन हुने

शक्तिको धारणालाई कवि कोइरालाले देखाउन नै चाहेका हुन् भन्ने बुझिन्छ। 'ऋतु-शिशिर'-मा कवि लेख्छन्-

कुनै नियमले छेक्न सक्तैन सम्पन्न र
सुखी जीवन बिताउनेहरूलाई, ती भाग्यवानलाई पनि
बिना हत्कडी जाडोले थुनिदिन्छ,
शिशिरले जेलभित्र नजरबन्द गरेर,
झ्यालबाट हेर्न दिँदैन चिसो हावा लाग्दा
आनन्दले बस्नेहरूलाई,
नाङ्गो अङ्ग देखाएर नहिँड चिसोको
फेला पर्लाऊ, पाँसुला देखाएर पनि नहिँड
ठिहीले कोर्रा हानी हानी क्षतविक्षत गर्ला
दुःखी सुखी चिन्दैन
के सुन्दर के असुन्दर शिशिरका कोर्राले थाहा पाउँदैन

(ऋतु शिशिर/१८)

वास्तवमा, जीव, निर्जीव, प्राणी, वनस्पति सबै नै प्रकृतिको अधिनियमभित्र छन्। प्रकृतिको नियमबाहिर गएर कुनै कार्य गर्न सकिँदैन। योगी, सन्त-महन्त सबैले प्रकृतिकै बाटो भएर आत्मचिन्तनको प्रक्रिया सुरु गर्छन्। भौतिक वस्तु र तथ्यले प्रकृतिलाई जित्न सक्तैन। यसको गाया शक्ति वा ऊर्जाबिना मानव र मानवेतर संसार अकल्पनीय हुन्छ। प्रकृतिले कसैमाथि पक्षपात गर्दैन। यसमा पक्ष, विपक्ष र निष्पक्षको धारणा नै हुँदैन। यो निरन्तर प्रवहायमान छ, गतिमान छ। यही गतिमा मानिसले प्रकृतिलाई परिवर्तन गर्ने यसको शक्तिलाई चुनौति दिने असफल प्रयास गरिहन्छ। तर प्रकृतिले आफ्नो सम्पदाको सुरक्षार्थ नित्य कर्म गरिरहेको हुन्छ।

जसरी वनदेवीहरू एक्लो दोक्लो मृग छुटेको
चखेवा सिकारीको हात पर्ला गोठालो लाग्छन्।

प्रकृतिका हरेक थोक एका-अर्कासँग सम्बन्धित छन्। विज्ञानले यसलाई फुडचेन वा खाद्यशृङ्खला भन्छ। यो  खाद्याशृङ्खला निममित र सन्तुलित ढङ्गमा चलिरहेको हुन्छ। यो नैसर्गिक रूपमा सन्तुलित हुन्छ। त्यसैले यस सन्तुलनको आधार नै गाया हो।

### ४.५ परिवेश काव्यका रूपमा 'ऋतु-निमन्त्रण'को स्वरूप र मूल्य

समकालीन कविताहरू नृकेन्द्री छन्। समाज, जाति, राजनीति, वर्ग आदि विषयमा केन्द्रित कविताहरूले प्रकृतिको सङ्कट र समस्याहरूलाई केन्द्रमा ल्याउन सकेका छैनन्। स्वच्छन्दतावादी कविहरूले प्रकृतिको गुणगानसँगै यसको महत्त्वलाई पनि निर्देश गर्थे, यद्यपि कतिपय साहित्यका अध्येता, अनुसन्धान कर्ताहरूले साहित्यलाई पारिस्थितिकीय दर्शन र अध्यात्म दर्शनको दृष्टिबाट अनुसन्धान गर्ने कार्य गरिरेहका छन्। साहित्य अब नृकेन्द्री मात्र नभएर जैवकेन्द्री हुनुपर्ने वकालत उनीहरू गरिरहेका छन्। त्यसैले नृकेन्द्री साहित्य सिर्जनासँगै अर्कोपट्टि 'ग्रीन लिटरेचर' अथवा 'हरित साहित्य'-को अवधारणा साहित्य सिद्धान्तको नयाँ अध्ययनका रूपमा देखिन थालेको छ। यसैलाई परिवेश साहित्य भनिन्छ।[79]

साहित्यिक विधाहरूमा 'संसार'-को पर्यायवाची 'समाज' हो भन्ने अर्थमाथि प्रकाश पारिएको देखिन्छ तर परिवेश साहित्यले 'संसार'-को पर्याय यति मात्र नभएर यो सम्पूर्ण वैश्विक ब्रह्माण्ड अथवा प्रकृति हो भन्ने मान्छ। त्यसैले साहित्यले 'समाज' भनेर सम्बोधन गरेको शब्दमा मानवीय समाजमात्रै नभएर मानवेतर समाज पनि अटाउनुपर्छ।[80] साहित्यले केवल सामाजिक, राजनीतिक, धार्मिक र सांस्कृतिक विचारधारालाई मात्र केन्द्रीय विषय बनाउन मिल्दैन। साहित्य समाजको दर्पण भनिएको हुँदा प्रकृति र पर्यावरण पनि यसैभित्र पर्ने आवश्यक घटक हो। त्यसैले प्राकृतिक सङ्कट र पर्यावरणको संरक्षणको विषयलाई पनि साहित्यको केन्द्रीय विषय बनाउनुपर्छ। प्रकृतिको सुरक्षाको विषयलाई केन्द्रमा राखेर सिर्जना गरिएको साहित्यलाई परिवेश काव्य भनिन्छ।

परिवेश काव्यमा प्रकृति केन्द्रीय तत्त्व हुन्छ। प्रकृतिलाई आलम्बन र उद्दीपनका रूपमा मात्र प्रस्तुत गरिँदा परिवश काव्य भन्न बन्दैन। परिवेश काव्यको मूल अभिप्राय यान्त्रिक परिवेश, नृकेन्द्री विचार, पर्यावरण प्रदूषण आदिबाट कसरी प्रकृतिलाई सुरक्षा दिन सकिन्छ भन्ने धारणासँगै प्रकृतिको

[79] डेरेक वल, सन् १९९४, ग्रिन हिस्ट्री : ए रिडर इन इन-भाय्-रोन्-मेन्टल  लिटरेचर, फिलोसफी एन्ड पोएटिक्स, रुटलेज पब्लिकेसन, पृ १९४

[80] चेरिल गटफेल्टी, सन् २००७, दि ग्रिन थ्रेट, एसे इन इकोक्रिटिसिज्म, निर्मल सिलभामोनी, निर्मलदसन, रेसन के एलेक्स (सम्पा), स्वरूप एन्ड सन, नयाँ दिल्ली, पृ ४

शक्ति र आवश्यकतालाई कलात्मक प्रकारले अभिव्यक्त गर्नु पनि हो। मोहन कोइरालाको 'ऋतु-निमन्त्रण' कविता सङ्ग्रह मात्र होइन उनका अन्य कविताहरू पनि प्रकृतिकेन्द्री छन्। कविताको एउटै अर्थ मात्र हुँदैन। यसका अनेकार्थ हुन सक्छन्। पाठकको मनोविज्ञान र अन्तर्पाठात्मक ग्रहण सामर्थ्यका आधारमा उसले कविताको अर्थ ग्रहण गर्छ। त्यसैले कोइरालाका कविताहरूले प्रकृतिको माध्यमद्वारा अन्य विविध विषयलाई अभिव्यक्ति दिए तापनि कवितामा केन्द्र बनेर प्रकृति बसेको हुनाले प्रकृतिप्रतिको ज्ञान र सुरक्षाप्रतिको उत्तरदायित्व प्रत्यक्ष देखिन्छ। आफ्नो प्रथम कविता 'जाँदा जाँदै सम्झेर'-को पहिलो पङ्क्तिमा उनी लेख्छन्-

ठुलो पहाड बेँसीका हाम्रो गाउँको नजिक
काख पसारेका चौरले
जहाँ हाम्रा बच्चाहरूलाई
प्रेम र ममताले स्थान दिएका छन्:
सप्रेम मेरो चुम्बन् !
झ्याउले चाउरिएको, काँसोले फुलेको
बुढो चट्टान-जसमा हामी गिल्लाले हाँस्छौँ
जो हाम्रा पितृहरू चपाउँदै हुरी र भेलमा टिक्यो
जो प्रतिध्वनिको मात्र गर्जेर जवाफ दिन्छ
ती डिच्च परेका सेता दाह्रालाई
सप्रेम मेरो चुम्बन् !

उपर्युक्त कविताशंमा मानिस र प्रकृतिको परस्पर प्रेम, स्नेह अन्योन्याश्रयमूलक सम्बन्धको उद्घाटनका साथै युगौँदेखि मानिसलाई प्रकृतिले सम्हाल्दै ल्याएको छ भन्ने तथ्य अभिव्यञ्जित छ। पहाड, बेँसी र चौर अथवा पहाड, तराई र मैदान सबैतिर प्रकृतिले मानिसलाई आफ्नो छायाँमा प्रेम र ममताले स्थान दिएको छ साथै त्यही प्रकृतिमा बसेर जब मानिस गिल्ला वा शोषण गर्दै हास्छन् वास्तवमा त्यहाँ ऊ मात्र होइन ऊभन्दा कैयौँ वर्षअघिदेखि उसका पिता पुर्खाहरूले त्यही प्रकृतिको शरणमा हजारौँ समस्याहरूको समधान पाएको हो, त्यसैले यसलाई प्रेम गर भन्दै साहित्यमा पसेका कोइरालाले आफ्ना प्रायः सबै कविताहरूमा प्रकृतिको महत्त्व दर्शाएका छन्। उनको 'सूर्य दान' लामो कविता प्रभावशाली कविता हो।

यस कविताको अभिप्राय र काव्यिक सौन्दर्य व्यापक छ। यद्यपि प्रकृतिप्रतिको मोहले यस कवितालाई पनि छोएको छ। प्रकृतिको चिन्तन गर्ने कोइरालाले यसका आन्तरिक र वाह्य दुवै परिधिलाई कवितामा अभिव्यक्त गर्ने प्रयास गरिएको छ। उनी लेख्छन्-

विरूवा हरियो आफैमा बेरिएर रूख पात लहरा र म जरा
चरा बसेको छ गाउँदै ममा उम्रिएको स्वयं सूर्य भएको यो
पृथ्वी उम्रिएको अर्थ

'सूर्य दान' कविताको यस अंशमा मानिस मृत्युको साक्षी हो, प्रकृतिले उसलाई पोषण मात्र गरेको छ, चरारूपी आत्मा एकदिन उडेर जाने छ तर पृथ्वी उम्रिएको वा उत्पतिको कथा सूर्यझैँ अमर छ भन्ने भावसँगै प्रकृतिको व्यापकतालाई दर्शाएको देखिन्छ। मोहन कोइरालाको 'निलो मह' खण्डकाव्यमा पनि प्रकृति केन्द्री विचारहरू पाइन्छन्। माधवप्रसाद घिमिरेले यस खण्डकाव्यलाई सामाजिक विकृतिलाई कवितात्मक भाषामा अभिव्यक्ति दिने काव्य भनेर लेखेका छन् यद्यपि यस खण्डकाव्यमा प्रकृतिकेन्द्री विचार र पारिस्थितिकीय अवधारणा व्यक्त भएको पाइन्छ। 'निलो मह' खण्डकाव्यमा गाया अनुकल्पनाको सुन्दर उदाहरण पाइन्छ।

धुपीको बोट आमा हो हरियो रंग पनि छाना हो
मनको हरियो
भावनाको फरिया हो आकाश भनेको, बादल भनेको
चोली हुन्
पातका नरम् चुरा आमाको स्नेह हो
चरीहरूको छातीले गहकिलो टेकोको
पाइला पनि घर चरीको पंख पनि स्वप्नका घरहरू
वासका

पहिलो चुचुरो/१३

प्रकृतिलाई आमाको रूपमा हेर्ने र यसको काखमा एकत्वको भाव बोध हुने धारणा गाया अनुकल्पनाले गर्दछ। त्यसैले कोइराला प्रकृतिका कवि हुन् र उनका कविताका अनेकौँ रङ्गहरूमा प्रकृति मुख्य र केन्द्रीय विषय हो। 'ऋतु-निमन्त्रण'-का कविताहरूका वाह्य र आन्तरिक सन्दर्भ प्रकृति हो। यसमा

अभिधा, लक्षणा र व्यञ्जनाले प्रकृतिकै भाव सम्प्रेषण गरेको देखिन्छ। त्यसैले 'ऋतु-निमन्त्रण'-लाई परिवेश काव्य भन्न सकिन्छ।

'ऋतु-निमन्त्रण' कविता सङ्ग्रहको भूमिकामा उनी स्वयं भन्छन्, "आज आएर फेरि किन ऋतुबारे कविता मोडियो यसबारे भन्नु त्यत्ति आवश्यक पर्ला जस्तो मलाई लाग्दैन। किनकि मानव जीवनको अस्तित्वसम्म ऋतुको महत्त्व घट्ने छैन। झन हिजो-आज आएर ऋतुको महिमा बढ्न गएको छ, किनकि एउटै प्रश्न छ ऋतुको अनुकूलमा मात्र जीवन सम्भव छ। ऋतु विपरीत कहाँ जीवन, कहाँ विश्व।" उनको यस विचारमा उनको प्रकृति चिन्तनको गम्भीरता देखिन्छ। परिवेश विमर्शको सन्दर्भमा ग्रामीण जन-जीवनको खुबै चर्चा पाइन्छ, यद्यपि ग्रामीण जीवनलाई परिवेश विमर्शको सैद्धान्तिक अध्ययन हुन अघिदेखि नै कविता-काव्यमा लेखिन थालेको हो। स्वच्छन्दतावादले यसलाई सौन्दर्यको रूपमा ग्रहण गरेर कविताको शक्ति बनाएको देखिन्छ तर परिवेश विमर्शले ग्रामीण जीवनबाट सहरीय जीवनले सिक्नुपर्ने व्यवस्थाहरू देखाउँछ। प्रकृति संरक्षणाका सूत्रहरू ग्रामीणबाट लिनुपर्ने तर्क गर्दछ। गाउँ बस्तीका कविताहरू प्रकृतिका नजिक हुन्छन्। प्रकृतिको सामिप्यमा रहेक कविताको अभिव्यक्ति हुँदा त्यो कविता प्रकृतिपरक भएर जान्छ।[81] 'ऋतु निमन्त्रण'-का कविताहरूमा ऋतुलाई हेरिने दृष्टिकोण ग्रामीण छ। खेत, पहाड, हिमाल, वन जङ्गल, कृषक आदिले ऋतुलाई कसरी स्वागत गर्छन् र कसरी सहरमा ऋतुहरू आएको र गएको कसैले थाहा पाउँदैन भन्ने कविले देखाएका छन्। प्रदूषित पर्यावरणसँगै मानिसको देह व्यापारको वस्तु बनेर समाज, संस्कृति र संस्कार नै प्रदूषित बनाएको कविले देखाएका छन्।

गुप्त अङ्गमा रोग हुने प्रेमिका छे, राम्रो देखिने
सहर छ दुवैले जति माया प्रेम गर्छन्
उति प्रदूषण सल्काउँछन्

(ऋतु हेमन्त/१५)

परिवेश विमर्शका आलोचक र सिद्धान्तकारहरू प्रश्न गर्छन्, प्रकृति कसरी कवितामा प्रस्तुत हुन्छ? कवितामा भौतिक व्यवस्थाको कस्तो भूमिका हुन्छ ? मानिसलाई प्रकृतिप्रति आफ्नो दायित्व बोध गराउन साहित्यले कुन मार्ग अपनाउँछ? प्रकृति र मानिसबिचको सङ्कथनको आरम्भ साहित्यले कसरी गर्छ ?[82]

---

[81] ग्रेज गेरेट, सन् २००७, इकोक्रिटिसिज्म, पूर्ववत्, पृ ३४

[82] एनडी आर चन्द्र, निगमानन्द दास, सन् २००७, इकोलजी मिथ एन्ड मिस्ट्री कन्टेम्पोरी पोएट्री इन इङ्गिलस फ्रम नर्थइस्ट इन्डिया, स्वरूप एन्ड सन, नयाँ दिल्ली, पृ १२

परिवेश विमर्शको एउटा पाउ सिद्धान्तमा हुन्छ भने अर्को पाउ सिर्जनामा हुन्छ। त्यसैले सिद्धान्तसँगै साहित्यमा प्रयोग हुँदै जान्छ, त्यसैले परिवेश विमर्शले दर्शन, धर्मशास्त्र, राजनीति, विज्ञान आदिबाट विविध दृष्टिकोणहरू लिएर साहित्यको अध्ययन गर्छ। परिवेश विमर्शले सिद्धान्तको अध्ययन गरेर साहित्यमा प्रयोग गर्दा प्रकृतिकेन्द्री र पर्यावरण सुरक्षाको साहित्य सिर्जना हुन्छ जसलाई परिवेश काव्य भनिन्छ। यो प्रकृति र साहित्यबिच अन्तर्क्रिया गर्ने सङ्कथन हो। मोहन कोइरालाले 'ऋतु-निमन्त्रण' काव्यमा प्रकृतिसँग संवाद गरेका छन्, प्रकृतिको अन्तरक्रियालाई प्रस्तुत गरेका छन् साथै यसको शक्ति र महत्त्व पनि देखाएका छन्।

अब धान्य पर्वको औलादौला मात्र सँधै
पर्छ कि ! नभएको खोट नभएको दोष
नचाँहिदो निहुँ झिकी झिकी डाढो गर्छ शिशिर
रण कौशलमा अक्षौहिणी अक्षौहिणी सेनासहित
धनधान्य पार्न
हेमन्त सेनासहित
ऋतु भावमा प्रकट छ

(ऋतु हेमन्त/१६)

नृकेन्द्री विचारद्वारा प्रकृति जति नै शोषित भए तापनि ऋतु वा प्रकृति सदैव धनधान्य पार्न नै आएको हुन्छ। प्रकृतिले मानिसलाई कहिले पनि आफ्नो व्यतिरेकी मान्दैन। त्यसैले परिवेश काव्यले नृकेन्द्री विचारलाई पनि प्रकृतिको परिधिभित्र राखेर प्रकृतिकेन्द्री बनाउन चाहन्छ। पारिस्थितिकी र काव्य एका-अर्कामा नमिल्ने विषय हुन्। विज्ञानले सौन्दर्यशास्त्रका मान्यतालाई सान्दर्भिक रूपमा र वैज्ञानिक रूपमा ग्रहण गर्दैन यद्यपि साहित्यले वैज्ञानिक शब्दावली र सिद्धान्तहरूलाई केही सीमासम्म स्वीकार गर्छ। तर समकालीन सन्दर्भमा पारिस्थितिकीविज्ञान र साहित्यको सम्बन्ध रोचक, रचनात्मक र प्रभावशाली रूपमा उपस्थित भएको छ। परिवेश काव्य पारम्परिक प्रकृति लेखनभन्दा भिन्न हुन्छ। पारम्परिक प्रकृति लेखनमा प्रकृतिको सौन्दर्य, रमणयीता, आलम्बन र उद्दीपन आदिलाई प्राथमिकता दिइन्छ भने परिवेश काव्यमा

प्रकृति सुरक्षा, प्रकृति चिन्तन, पर्यावरण चिन्तन, प्रकृतिको आन्तरिक शक्ति, महत्त्व आदिलाई प्राथमिकता दिइन्छ। मूलतः यसको उद्देश्य नृकेन्द्री धारणाबाट जैवकेन्द्री धारणाको विकास गर्नु हो।[83] मोहन कोइराला आफ्ना कवितामा प्रकृति कसरी मानव सभ्यतादेखि टाढा हुँदैछ त्यसबारे लेख्छन्-

मानवसँग भयभीत यतीले बिस्तारै बिस्तारै

पाइला सार्दै हिम कण्टार उक्लिएर झैँ जाडो तुसारोहरू

दशगजाबाट काखी बजार्दै अझै दागा धर्दैछन्,

(ऋतु वसन्त/२२)

'ऋतु-निमन्त्रण' कविता सङ्ग्रहका कविताहरूमा कवि कल्पना मात्रै छैन। कविको यथार्थ दृष्टि पनि देखिन्छ। ऋतुहरूलाई उनले गहन रूपमा अध्ययन गरेका छन्। यसको गति, गति परिवर्तनका कारण, प्रकार्य अनि नृकेन्द्री धारणाको हस्तक्षेपबाट प्रभावित प्रकृतिको स्वरूपलाई उनले प्रस्तुत गरेका छन्।

त्यहाँ प्रथम वर्षाको बाछिटा पर्छ लहराको माथि, लहरा चल्छ,

भोर्लाका पातमा जंगलभरि थोपा थोपाले खलबल गर्छ,

सदा खुसी रहन मन हुनेहरू सदा मेल गर्न मन हुनेहरू

घुमी रहन्छन् छ ऋतुको समय आलो-पालो आइरहन्छ,

('ऋतु-निमन्त्रण'/२)

प्रकृतिले आफ्नो नित्य कर्म गरिरहन्छ। नित्य गतिमान रहनु ऋतुको धर्म र कर्म हो। उसको गतिमा नै सारा जीवन निर्धारित हुन्छ र खुसी रहन चाहने मानिस, मिलेर बस्न चाहने मानिसहरू एकैनासले बस्न सक्तैन उसको स्वभाव र भाव ऋतुचक्रमा परिवर्तन भइरहन्छ, ऊ त्यसैमा घुमिरहन्छ। ऋतुचक्रले व्यक्तिको स्वभाव र भाव दुवैमा परिवर्तन ल्याउँछ किनभने व्यक्ति प्रकृतिसँग भौतिक स्तरमा भन्दा मनोवैज्ञानिक स्तरमा धेरै नजिक हुन्छ। भैरव अर्याल लेख्छन् "वास्तवमा प्रकृति-सौन्दर्य यसको रूपात्मकतामा देखिने कुनै ठोस वस्तु नभई आफ्नो मानसिक विकासको स्तर आआफ्नो सौन्दर्यबोधअनुसार अनुभव गरिने विषय हो।"[84]

प्रकृतिको रूप र अवस्थालाई दुई प्रकारले हेर्न सकिन्छ। भौतिक प्रकृति र पराभौतिक प्रकृति। पराभौतिक प्रकृतिको व्यापक व्याख्या उपनिषद्, दर्शन आदिले गरिएको पाइन्छ। त्यही पराभौतिक

---

[83] यु सुमाथ्य, सन् २००९, इकोक्रिटिसिज्म इन प्रेक्टिस, स्वरूप बुक्स पब्लिकेसन प्रा लि., नयाँ दिल्ली, पृ३३

[84] भैरव अर्याल, सन् १९७३, नेपाली काव्यमा प्रकृति, पूर्ववत्, पृ५२

प्रकृतिको स्थूल रूप भौतिक प्रकृति हो। भौतिक रूपमा देखिएका पर्यावरण, डाँडा, हिमाल, नदी, प्राणी आदिमा पराभौतिक शक्ति वा गुणको अवशेष रहेको हुन्छ। परिवेश विमर्शमा प्रकृतिलाई अध्ययन गर्ने विविध विषयका धारणा र सिद्धान्तहरू छन् जसमा पारिस्थितिकी दर्शनले प्रकृतिको सूक्ष्म रूपको अध्ययन गरेर भौतिक स्तरमा सचेतता ल्याउने प्रयास गर्छ। अतः परिवेश काव्यमा प्रकृतिको भौतिक रूपसँगै सूक्ष्म वा पराभौतिक रूपको पनि चर्चा गरिन्छ। प्रकृति एउटा त्रिगुणात्मक डोरी हो।[85] प्रकृतिबाट निर्मित मानिसमा पनि यसका स्वभाव, भाव, गुण र परिवर्तनशीलता रहेको हुन्छ।

कल्पना ठुलो भनेको ता कल्पनाभन्दा चौडा
बादल रहेछ, आँखाले जहाँसम्म हेर आँखाले
नभ्याउनेसम्म
सामन्तले यो अपहेलनापूर्वक दान प्रदूषण गर्न
हात फैलायो कि, तर वर्षाको दानमा छिटा
बाछिटासम्म पक्षपात भएको छैन भने,
अनुदान नजाती हुँदैन, दाताको छाती अकम्पित छ भने
वर्षाले पृथ्वीको आग्रह अनुकूल बन्छ वनस्पतिमा
(ऋतु-वर्षा/३१)

प्रकृतिलाई छोडेर अन्य मानव निर्मित वस्तुहरू मानिसका कल्पनाबाट निर्मित हुन्। मानिस यसै कल्पना शक्तिको आधारमा आफैलाई श्रेष्ठ मान्छ तर वास्तविक रूपमा यसभन्दा विशाल प्रकृति छ जसलाई कविले बादल भनेका छन्। वाद र सिद्धान्तहरूमा प्रदान गरिएका दानहरूमा आन्तरिक स्वार्थ लुकेको हुन्छ तर प्रकृतिले निःस्वार्थ भावमा ऋतुहरू दान गरिरहेको हुन्छ। त्यसैले जीवन अनुकूल र सफल तुल्याउनका लागि वर्षाले सदैव मानव समाजलाई जीवनदायी सम्पादहरू प्रदान गरिरहेको हुन्छ। वर्षाले धरतीलाई मलिलो बनाउँछ र त्यहाँ मानिस र अन्य जीवलाई चाहिने खाद्यान्नहरू सम्भव हुन्छ।

परिवेश काव्यले प्रकृतिलाई केन्द्रमा राखेर यसका गुण र तात्त्विक सङ्घटनाहरूलाई स्वीकार गर्दछ। स्वच्छन्दतावादीहरूमा पनि प्रगाढ र अद्भुत प्रकृतिप्रेम पाइन्छ। यिनीहरूले प्रकृतिलाई वनस्पतिविज्ञानी हुँदै जड रूपमा नहेरी जीवितका रूपमा हेर्दै त्यसलाई सखी ,सहाचारी, माता, शिक्षिका,

[85] सर्वेपल्लि राधाकृष्णन, सन् २०१२, भारतीय दर्शन, राजपाल एन्ड सन्ज प्रकाशन, दिल्ली-६, पृ २७७

प्रेमिका, धातृ, संरक्षिका तथा ईश्वरीय सत्ताका रूपमा लिएका छन्।[86] यद्यपि त्यसलाई परिवेश काव्य भन्न सकिँदैन, किनभने स्वच्छदन्तावादीहरू प्रकृतिका भाव, सौन्दर्यका साथै तात्त्विक विश्लेषण पनि गर्छन् तर प्रकृतिको पारिस्थितिकीय व्यवस्था, कार्य-कारण सम्बन्ध, प्रकृति सुरक्षा, प्रकृति स्वतन्त्रता र यसका संविधानहरूमा मौन प्रायः देखिन्छ। साहित्यमा प्रकृतिको प्रयोग स्वच्छन्दातवादीहरूले भन्दा धेरै अरू कसैले पनि गरेका छनैन् तर यसमा प्रकृति मूलतः आलम्बन र उद्दीपनकै कारकको रूपमा प्रयोग भएको देखिन्छ। परिवेश काव्यले प्रकृतिका भौतिक र पराभौतिक दुवै सत्तालाई स्वीकार गर्दै यसलाई जैव वस्तु मान्दछ। प्रकृतिको जड रूपभन्दा चेतन रूपको चित्रण गर्न परिवेश काव्य आग्रही देखिन्छ।

शान्तिमा शान्ति छ, अरू पदार्थमा शान्ति छैन,
शान्ति आफूबाट शुरु गर्न पर्छ, (यो कठोर पनि छ,)
अरू पदार्थमा सार छैन, कतै अरू पदार्थमा शान्ति छैन
त्यो शान्त, ऋतुमा प्राप्त हुन्छ, त्यो शान्तिमा प्राप्त छ।

('ऋतु-निमन्त्रण'/१३)

यहाँ कविले प्रकृतिमा निहित चेतनताको सङ्केत गरेका छन्। पदार्थ वा भौतिक सत्तामा शान्ति हुँदैन। व्यक्तिले शान्ति आफैमा खोज्नुपर्दछ। त्यसैले भौतिक पदार्थको कुनै सार हुँदैन। यदि शान्ति पाउनु हो भने प्रकृतिमा फर्कनुपर्दछ, ऋतुहरूमा शान्ति छ र व्यक्तिको चेतना प्रकृतिको चेतनाकै एउटा अंश हो।

वैदिक सूक्तहरूका प्राचीन रचयिता ऋषिहरू प्राकृतिक दृश्यहरू देखेर आफ्नो सरल स्वभावका कारण अत्यन्त आनन्दित हुँदथे। विशेष गरेर कवि-स्वभावका कारणले उनीहरूले प्राकृतिक पदार्थहरूको प्रगाढ मनोभाव र कल्पना-शक्तिद्वारा चिन्तन गर्थे। प्रकृतिमा उनीहरूलाई आत्माको सत्ता परिपूर्ण रहेको अनुभव हुन थाल्यो। यसअघि उनीहरू प्रकृति प्रेमदेखि अनभिज्ञ थिए। सूर्योदय र सूर्यास्तको अद्भूत दृश्यहरूमा मोहित हुन्थे, किनभने यी दुई रहस्यमयी जीवित सत्ता थिए जोसँग उनीहरू प्रेम सम्बन्ध जोड्न सक्दथे। चन्द्रमा, तारा, अगाध समुद्र, अनन्त आकाश, सूर्योदय, र रातको आगमन यी सबै दैवी घटना मानिन थाले। वैदिक धर्मको प्रारम्भिक रूप यस्तै प्रकारको प्रकृतिको पूजा थियो।[87] मानिसहरूले प्रकृतिको अपार सम्पतिलाई बुझ्न सकेको छैन। उसले प्रकृतिको रहस्यलाई भौतिक अनुसन्धान र प्रयोगद्वारा बुझ्न सक्तैन। परिवेश काव्यले प्रकृतिको त्यो त्यस सूक्ष्म आवधारणालाई बुझ्ने आग्रह गर्छ।

[86] मोहन राज शर्मा, खगेन्द्रप्रसाद लुइटेल, सन् २००६, विद्यार्थी पुस्तक भण्डार, काठमाडौँ, पृ२८ ७
[87] सर्वपल्ली राधाकृष्णन, सन् २०१२, भारतीय दर्शन, भाग-१, राजपाल एन्ड सन, दिल्ली-6, पृ ५६

जङ्गल लतामा झम्किदै झम्किदै टल्किंदै

थोपामा मणि माणिक्यको सागर जम्न जान्छ

धरतीमा सम्पत्ति नदेखेकोले सम्पत्तिको

भकारी देखेको छ पानी आएर

.......................

तृण पर्यन्त नउम्रने ठाउँ लह लह फुल्ने

बेला आएको देख्ता

अलमल नगर किसानहरू सानो छातीले अब

सम्पत्ति संचय गर्न सकिन्न,

(ऋतु वर्षा/३०)

कविले यसमा भौतिक रूपमा देखिने प्रकृतिभन्दा सूक्ष्म र प्रकार्यगत रूपमा देखिने प्रकृतिको वर्णन गरेका छन्। उजाड, बाँझो भूमि वर्षाको पानीले लह-लह पारिदिन्छ, मानिस त्यसमा लह-लह लता, वृक्ष र फूलहरू मात्र देख्न सक्छ। त्यो कसरी, कहाँ र किन उम्रियो भन्ने रहस्य बुझ्न सक्तैन। त्यसैले प्रकृतिको यो प्रकार्यगत शक्तिलाई परिवेश काव्यले अनुसन्धान गर्छ। यसबाहेका परिवेश काव्यको चरित्र प्रकृति र मानिसबिचको सम्बन्धमा भौतिक र आत्मिक सन्तुलन ल्याउनु हो, साथै औद्योगिक अतिक्रमण र तकनिकी विकासमा नाश हुँदै गइरहेको प्राकृतिक सम्पदा र त्यसको कारणले पारिस्थितिकीमा आएको असन्तुलनलाई अघि ल्याएर समाधान गर्ने प्रयत्न गर्नु हो। यसका लागि परिवेश काव्यले मानिसको व्यावहारिक र आत्मिक शुद्धिको अपेक्षा राख्छ। अमानवीय मूल्यतिर अग्रसर बनिरेहको समाजलाई प्रकृतिको नैतिक ज्ञान र जीवनको अपरिहार्य तत्त्वका रूपमा चिनाउने यसले कार्य गर्दछ।

दुख धेरै खपिसकिएको छ, आनन्द वर्षिन्छ अब

वर्षा ऋतु जब आँगनमा झुम्न नाच्न आउँछ,

(ऋतु वर्षा/२९)

जब वर्षा ऋतु आउँछ यसले धरतीको दुख मात्रै नभएर मानिसको दुख र सन्तापका दिनहरू पनि पखालेर लान्छ। यसले प्रकृतिलाई शुद्ध गर्दछ भने मानिस पनि आन्तरिक शुद्धि गर्न तत्पर बन्दछ। त्यसैले प्रकृति र मानिसको जीवन पानीले जीवनमा आनन्दको वर्षा गर्दछ। कोइरालाले वर्षालाई आनन्दको वर्ष भनेका

छन्। परिवेश काव्यमा प्रकृतिका प्रत्येक सम्पदा र तत्त्वहरूको महत्त्वलाई प्रस्तुत गरिएको हुन्छ। 'ऋतु-निमन्त्रण'-मा कविको अभिव्यक्ति, अभिप्राय, सङ्केत र प्रकृतिप्रतिको दृष्टिकोणको अध्ययन गर्दा यो काव्य परिवेश काव्यका रूपमा प्रस्तुत हुन्छ।

परिवेश काव्य प्रकृतिको स्वर बनेर अघि आउँछ। स्वच्छन्दतावादीहरूका कवितामा प्रकृति गीत पाइन्छ। त्यसैले जैविक दृष्टि र साहित्यको संगमबाट निष्पन्न भएको काव्य नै परिवेश काव्य हो। यद्यपि यसका आन्तरिक दृष्टि धेरै हुन सक्छ किनभने प्रकृति र पर्यावरणलाई बुझ्नु भनेको जैविक र भौतिक उपकरणहरूद्वारा बुझ्नु मात्र होइन यसका लागि नैतिक ज्ञानको आवश्यकता पर्दछ। परिवेश काव्यले प्रकृति र मानिसबिचको सम्बन्धमा नैतिक सम्बन्धको स्थापना गर्दछ।[88] सम्बन्ध सबैको हुन्छ तर सम्बन्धको ज्ञान हुनु आवश्यक छ। आज आएर प्रकृतिसँगको सम्बन्धलाई मानिसले सबैभन्दा सतही सम्बन्धमात्र ठानेका छन्। यसका विषयमा मोहन कोइराला सचेत गराउँदै भन्छन्-


> यिनै विषय रगतमा पनि छन् यिनै विषय मस्तिष्कमा पनि छन्
> यिनै छ विषय मानव शरीरमा पनि छन्।
>
> ('ऋतु-निमन्त्रण'/४)

पञ्च भौतिक शरीरमा आकाश, वायु, जल, अग्नि र पृथ्वी तत्त्वहरूको सन्तुलित रसायनले जीवन अनुकूल बनेको छ त्यसैले प्रकृतिसँगको सम्बन्ध भौतिकमात्र नभएर मनोवैज्ञानिक पनि छ। प्रकृतिको अनन्त प्रेमका लागि मानिसले नैतिक र व्यावहारिक आधार बलियो बनाउनु आवश्यक छ। प्रकृतिप्रतिको आवधरणा पनि परिवर्तन गर्नु आवश्यक छ। यसको अनन्त रूपलाई बुझ्नका लागि भौतिक सर्वेक्षणमात्रले सकिँदैन किनभने प्रकृति शरीरदेखि अन्तस्करणसम्म फैलिएको छ। भाव, स्वभाव, गुण, वृत्ति आदिको सूक्ष्म रूपमा प्रकृति मानिसमा सर्वत्र फैलिएको छ। त्यसैले परिवेश काव्यले प्रकृतिको व्यापकतालाई काव्यमा प्रस्तुत गर्दछ र यसलाई 'हरित सूचना'[89] भन्न सकिन्छ। मोहन कोइरालाले आफ्ना कविताहरूमा प्रकृतिको खोज गरेका हुन्। 'ऋतु-निमन्त्रण' र उनका अन्य सबै कविताहरूमा प्रकृतिका विविध

[88] केट डुइनिङ, फ्रम इन-भाय्-रोन्-मेन्टल पोएट्री टु इकोपोएट्री, www.jstor.org, 18 August, 2014

[89] सारा नोलान, सन् २०१२, स्कट किन्चकरब्रकर, इकोपोएट्री : द ल्याङ्ग्वेज अफ् नेचर, द नेचर अफ् ल्यङ्ग्वेज, युनिभर्सिटी अफ् म्याच्याचुसेट, पृ२०३

रूपहरूको अभिव्यक्ति पाइन्छ। प्रकृतिको खोज गर्ने उनको दृष्टिकोण भौतिक, दार्शनिक, वैज्ञानिकतामा आधारित छ। 'ऋतु-निमन्त्रण'-मा प्रकृतिलाई उनले मूलतः यस प्रकारले हेरेका छन्-




रेखा चित्र

'ऋतु-निमन्त्रण' कविता सङ्ग्रहको सुरुदेखि अन्तसम्ममा कोइरालाले प्रकृतिका विविध स्वरूप, कार्य, प्रक्रिया, संरचना, अभिप्राय र स्थितिलाई दर्शाएका छन्। यस सङ्ग्रहमा सङ्कलित कविताहरू र कविताका शैली, विचार, भाव, अभिव्यक्ति, अनुभूति, प्रस्तुत, संरचना-बुनोटको आधारमा यसलाई परिवेश काव्य भन्न सकिन्छ साथै उनका कविता यात्राको यो श्रेष्ठ कविता सङ्ग्रह हो भन्न सकिन्छ।

### ४.६ निष्कर्ष

मोहन कोइरालालाई बौद्धिक कविका रूपमा चिनिन्छ। उनका कविताहरू दुर्बोध्य हुन्छन् भनेर समालोचकहरू भन्छन् यद्यपि उनका कवितामा आध्यात्मिक र भौतिक दर्शनका विचारहरू सुन्दर ढङ्गमा प्रस्तुत भएका हुन्छन्। उनका कवितामा प्रतीक र बिम्ब साथै कविताको भाषा नै पनि कठिन र दुर्बोध्य हुन्छ। वास्तवमा विचारको गहनता अभिव्यक्त गर्नका लागि भाषाले त्यो रूप लिएको हो। 'ऋतु-निमन्त्रण' कविता सङ्ग्रहमा पनि धेरै ठाउँ जटिल प्रतीकहरूको प्रयोग पाइन्छ तर यो कविता सङ्ग्रहले प्रकृतिको प्रकार्य र पारिस्थितिकीको राम्रो वर्णन गरेको छ। मोहन कोइरालाको प्रकृतिप्रतिको दृष्टिकोण सतही छैन। उनी प्रकृतिलाई गम्भीर भएर चिन्तन गर्छन्। उनको यस सङ्ग्रहमा प्रकृतिको सूक्ष्म रूपको वर्णन गरिएको छ। पारिस्थितिकी एउटा शक्ति हो जसको आधारमा सम्पूर्ण जीव-जीवनको संचार भइरहेको

हुन्छ भन्ने पारिस्थितिकी विज्ञानको विचारधारालाई कवितामा कलात्मक रूपले प्रस्तुत गरिएको छ। कोइरालाले प्रकृतिको भौतिक र पराभौतिक रूपलाई देखाउँदै पराभौतिक सूक्ष्म र भौतिक स्थूल रूप हो भन्ने तथ्यलाई कविताको माध्यमद्वारा व्यक्त गरेका छन्। 'ऋतु-निमन्त्रण' कविता सङ्ग्रहमा प्रकृति सङ्कटका कारणहरू, पारिस्थितिकीमा आएको असन्तुलनका कारणहरूको निक्यौंल गरिएको छ। यो प्रकृतिकेन्द्रि, प्रकृति संवेदनाले भरिएको कविता सङ्ग्रह भएको हुनाले यसलाई परिवेश काव्य भन्न सकिन्छ।